# गुरुङ्ग जातिको सामाजिक र सांस्कृतिक अवस्थामा आएको परिवर्तन

(गोरखा जिल्ला थालाजुङ्ग गा.वि.स. को एक अध्ययन)

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र संकाय**
**समाजशास्त्र विभाग**
**कीर्तिपुर, काठमाण्डौ**
**२०७३**

स्नाकोत्तर तह दोस्रो वर्षको समाजशास्त्र विषयको आंशिक आवश्यकता
शोधपत्र लेखन (एस.ए. ५४०) परिपूर्ति निमित्त प्रस्तुत
शोधपत्र

**शोध कर्ता:**
यनु कुमारी बगाले
त्रि.वि. दर्ता नं. १९१

**त्रिभुवन विश्वविद्यालय**

## मानविकी शास्त्र संकाय

समाजशास्त्र विभाग, किर्तिपूर, काठमाण्डौ

**सिफारिस-पत्र**

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि मानविकी संकाय अर्न्तगत समाजशास्त्र केन्द्रीय विभाग किर्तिपूर, काठमाण्डौंमा अधययनरत छात्रा यनु कुमारी बगालेद्धारा प्रस्तुत **"गुरुङ्ग जातिको सामाजिक र सांस्कृतिक अवस्थामा आएको परिवर्तन :गोरखा जिल्ला, थालाजुङ्ग गा.वि.स को एक अध्ययन "** शिर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । प्रस्तुत शोधपत्रको अन्तिम मूल्याङनको लागि सिफारिस गर्दछु

…………………

(सुदिप नकर्मी)

शोध निर्देशक

मितिः २०७३/१२/१८ गते

**त्रिभुवन विश्वविद्यालय**

## मानविकी शास्त्र संकाय

समाजशास्त्र विभाग, किर्तिपूर, काठमाण्डौ

**स्वीकृत-पत्र**

त्रिभुवन विश्वविद्यालयद्धारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि मानविकी संकाय अर्न्तगत समाजशास्त्र केन्द्रीय विभाग किर्तिपूर, काठमाण्डौंमा अधययनरत छात्रा यनु कुमारी बगालेद्धारा प्रस्तुत **"गुरुङ्ग जातिको सामाजिक र सांस्कृतिक अवस्थामा आएको परिवर्तन : गोरखा जिल्ला, थालाजुङ्ग गा.वि.स को एक अध्ययन "** शीर्षकको शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि उपयुक्त ठहरीएकोले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

............................

(सुदिप नकर्मी)

शोध निर्देशक

..........................

राम ब. के.सी.

बाह्य निरीक्षक

..............................

( प्रा.डा. तुलसीराम पाण्डे)

विभागीय प्रमुख

समाजशास्त्र संकाय केन्द्रीय विभाग,

किर्तिपूर काठमाण्डौं

मितिः २०७३/१२/१८ गते

**कृतज्ञता**

गोरखा जिल्लाका ६६ गा.वि.स मध्ये थालाजुङ्ग गा.वि.स पनि एक हो । त्यस गा.वि.स सुन्दर, सौम्य, शान्त प्राकृतिक छटाले भरिपूर्ण, पर्यटनका लागि मनोरम दृश्यावलोकन गर्न पाईने लगाएत विविध प्रकृतिक एंव ऐतिहासिक स्थलहरु यस क्षेत्रमा रहेका छन् । यस गा.वि.स मा विभिन्न जातजातिहरु तथा जनजातिहरु बसोबास गर्दछन् । ति मध्ये मैले थालाजुङ्ग गा.वि.स अन्तर्गत गुरुङ्ग जातिको सामाजिक र सांस्कृतिक अवस्था मा आएको परिवर्तन भन्ने विषयमा अध्ययन गने सिलसिलामा यि जातिहरुको आर्थिक सामाजिक, सांस्कृतिक, शैक्षिक एंव राजनैतिक लगायत विविध विषयमा सोधखोज गर्ने अवसर प्राप्त भयो । यसै सिलसिलामा उनीहरुको भावना, विचार बुझ्ने मौका पाँए जसअनुसार उनीहरु शान्त, सरल स्वभावको मिलनसार समाज र संस्कृतिप्रति प्रगाढ विश्वास आफ्नो जाति नातेदार, इष्टमित्र प्रति असाध्यै राम्रो सम्बन्ध राख्ने स्वभावका पाँए

अन्य जातजातिको अध्ययन अनुसन्धानको तुलनामा गुरुङ्ग जातिको अध्ययन अनुसन्धानका सामग्रीहरु कमै पाइने रहेछ तैपनि यस विषयमा स्थलगत अध्ययनको कममा सूचना तथा तथ्याङक उपलब्ध गराई सहयोग गर्नुहुने यस गा.वि.स.काआमा, बुबा दाजु भाई, दिदिबहीनीहरु, समाजसेवी, विद्यालयका प्रअ, हेल्थपोष्ट इन्चार्ज लगाएत सम्पूर्ण प्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।त्यसै गरि गा.वि.स सचिव, गुरुङ्ग सम्बन्धी विभिन्न लेख रचना दिएर सहयोग गर्ने महानुभावप्रति कृतज्ञता ज्ञापन गर्दछु । गुरुङ्ग सम्बन्धी विभिन्न सामाजिक संगठन तथा अगुवाबाट विविध जानकारी लिने अवसर प्रप्त भयो ।

कुनैपनि विषयको अध्ययन अनुसन्धान गर्न आफैमा जटिल समस्या हो । त्यसमा पनि यि जातिहरुको इतिहास, उत्पत्ति रहनसहन, संस्कृति भेषभूष खानपान, विभिन्न चाडपर्व संस्कार आदिका बारेमा गहिरिएर अध्ययन गर्न समय बढि लाग्ने हुँदा सिमित स्रोत र साधनबाट त्यस क्षेत्रका गुरुङ्ग जातिको बारेमा विविध जानकारी लिने अवसर मैले प्राप्त गरे जस्तो लाग्छ । म आफू पनि यसै क्षेत्रको वातावणमा हुर्केको र तिनिहरुको रहनसहन नजिकबाट देखेको हुँदा गुरुङ्ग जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था भन्ने विषयमा धेरथोर सत्यता मिलेको अनुभूति मैले गरेकोछु ।

यस शोधपत्रको प्रस्तावना पारित गरी सोधपत्र लेख्ने अवसर प्रदान गर्नुको साथै सोधपत्र तयार पर्दासम्म आफ्नो महत्वपूर्ण समय सहयोग, सल्लाह, उर्जा र सुझाव दिएर सहयोग गर्नुहुने आदरणीय गुरु तथा शोध निर्देशक सुदिप नकर्मी र विभागीय प्रमुख तुलसीराम पाण्डे प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । स्नाकोत्तर अपाधी प्राप्त गर्ने अन्तिम प्रक्रिया, शोधपत्र पत्रको तयारीलाई मैले मेरो जीवनको महत्वपूर्ण सफलता मानेको छु । यस शोधपत्र तयार गर्न हरतरहबाट सहयोग गर्नुहुने मेरा सहकर्मी मित्र उमेश भण्डारी र सम्पूर्ण गोरखा जिल्ला थालाजुङ्ग गाउँबासीहरु तथा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरुलाई कृतज्ञता ज्ञापन गर्दछु ।

धन्यबाद ।

यनु कुमारी बगाले

## विषय-सूचि

### अध्याय-एक


| | पेज नं. |
|---|---|
| १ परिचय | १ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ७ |
| १.४ अध्ययनको महत्व | ८ |
| १.५ अध्ययनको संगठन | ८ |


### अध्याय-दुई


| | |
|---|---|
| २ सन्दर्भ साहित्यको समीक्षा | १० |
| २.१ सैद्धान्तिक समिक्षा | १२ |
| २.२ अनुभवजन्य समिक्षा | १४ |
| २.३ नीतिगत समिक्षा | १७ |
| २.४ अवधारणात्मक ढाँचा | १८ |


### अध्याय-तीन


| | |
|---|---|
| ३ अनुसन्धान विधि | १९ |
| ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य | १९ |

३.२ समग्रता र नमूना छनौट १९

३.३ तथ्याङ्कको स्रोत प्रकृति २०

३.४ ततथ्याङ्क संकलन विधि तथा उपकरण २०

३.४.१ अवलोकन २१

३.४.२ जानकार व्यक्तिसँग अन्तरवार्ता २१

३.५ अनुसन्धान ढाँचा २२

३.६ तथ्यांकको प्रस्तुति र विश्लेषण २२

३.७ अध्ययनको सीमा २२

**अध्याय चार**

**तथ्यांकको ब्याख्या र विश्लेषण**

४.१ अध्ययन क्षेत्रको सामान्य परिचय २४

४.१.१ हावापानी तथा वनस्पति २४

४.१.२ शिक्षा र स्वास्थको अवस्था २५

४.१.३ यातायात तथा सञ्चारको अवस्था २५

४.१.४ जातजातिको आधारमा जनसंख्या २६

४.२ अध्ययन क्षेत्रका गुरुङ्ग जातिको एतिहासिक पृष्ठभूमि २८

४.२.१ गुरुङ्ग जातिको उत्पत्ति २८

४.२.२ गुरुङ्गहरुको इतिहास २९

४.२.३ नेपालको एकीकरणमा गुरुङ्गहरुको योगदान ३१

४.३ गुरुङ्ग जातिको सामाजिक अवस्था ३४

४.३.१ वैवाहिक स्थिति ३६

४.३.१.१ मागी विवाह ३८

४.३.१.२ झुमा विवाह ४०

४.३.१.३ प्रेम विवाह ४०

४.३.१.४ अन्तर्जातिय विवाह ४१

४.३.१.५ वहुविवाह ४२

४.३.१.६ विधवा विवाह र विदुर विवाह ४२

४.३.१.७ पारपाचुके र छुट्टै वस्ने ४३

४.३.२ वैवाहिक स्थिति ४३

४.३.३ विवाह गर्ने उमेर ४४

४.३.४ परिवार ४५

४.३.४.१ संयुक्त परिवार ४५

४.३.४.२ एकल परिवार ४६

४.३.४.३ बृहत परिवार ४६

४.३.४.४ पारिवारिक बिखण्डन ४८

४.३.४.५ शैक्षिक अवस्था ४९

४.४ गुरुङ्ग जातिको सांस्कृतिक अवस्थामा आएको परिवर्तन ५०

४.४.१ चाडपर्व ५०

४.४.१.१ पुष पन्ध्र (ल्होसार) ५१

४.४.१.२ श्रीपञ्चमि र वैशाख पुर्णिामा ५१

४.४.१.३ ट्होटे ५२

४.४.१.४ दशै ५२

४.४.१.५ दुध पोखरीको जात्रा ५४

४.४.१.६ गुरुङ्ग नृत्य ५४

४.५ जीवनका संस्कारहरु ५८

४.५.१ जन्म संस्कार ५८

४.५.२ छैंटी ५८

४.५.३ न्वारन ५९

४.५.४ पास्नी ५९

४.५.५ पुटपुटे ५९

४.५.६ क्षवर र गुन्यूचोली दिने ५९

४.५.७ विवाह संस्कार ६०

४.५.८ मृत्यु संस्कार (अर्घौं) ६३

४.६ संस्कार सम्पन्न गर्ने कर्ताहरु ६७

४.६.१ लामा ६७

४.६.२ घ्याब्री ६८

४.६.३ झाक्री (पज्यू) ६८

४.७ धर्म ६९

४.७.१ वोन धर्म ७०

४.७.२ लामा धर्म ७०

४.७.३ मिश्रित धर्म ७१

४.७.४ खानपिन ७३

४.७.५ भेषभुषा ७४

४.७.६ गरगहना ७५

४.७.७ गुरुङ्ग जातीको अन्य जातीसँग सम्बन्ध ७५

४.७.८ आधुनिकीकरणले गुरुङ्ग समाजमा पारेको प्रभाव ७६

**अध्याय पाँच**

सारांस, निष्कर्ष र सुझाव,

५.१ सारांश ७९

५.२ निष्कर्ष ८२

५.३ सुझावहरु ८३

***<u>सन्दर्भ सामग्री</u>***

***<u>अनुसूचि</u>***

***<u>प्रश्नावली</u>***

# अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

बहुजातीय,बहुधार्मिक र बहुभाषिक मुलुक नेपलमा बसोबास गर्ने विभिन्न पहिचान भएका र गैरकानुनि मान्यता प्राप्त गरेका ५९ आदिवासि र जनजीतहरु मध्ये गुरुङ्ग जाती पनि एक हो । गुरुङ्ग जाती पनि आफ्नै किसिमको संस्कृति, धर्म, भाषा भएको जनजाती हो । गुरुङ्गको जातीय परिचयका सम्बन्धमा पनि विद्वानहरुका बिचमा विवाद रहेको पाइन्छ । यसरी धारणा ब्यक्त गर्ने केहि विद्वानहरुका अनुसार गुरुङ्ग आर्यनहरु हुन । यिनिहरु भारतबाट आएका हुन् । यिनिहरु हिन्दु थिए र पछि घले राजाका पालामा बौद्ध सम्प्रदाय बनाएका थिए (गुरुङ्ग, २०४१)।

मंगोलियन सम्प्रदायका गुरुङ्ग जनजाती नेपाली जातीय संरचनामा विशिष्ट विशेषता भएको समुदाय हो।संस्कृतिविद् जनकलाल शर्मा (२०५०) का अनुसार गोरखा राजवंशको उदय हुनुभन्दा पहिले गुरुङ्गहरु पश्चिमी नेपालका केही भागमा स-साना ठकुराईको भागमा विभक्त थिए। यस जातीको उत्पत्तिको पुरानो इतिहास हेर्ने हो भने जनकलाल शर्माका अनुसार ई.पु को तेस्रो शताब्दीदेखि ईशाको तेस्रो शताब्दीसम्म यो हुण शब्द पछि मंगोलशब्दका रुपमा समेत विकसित भएको तथ्य उल्लेख गरिएको छ। गुरुङ्गबंशावली अनुसार यस जातीका प्रथम पुर्खा चन्द्र सिंह नाम गरेका व्यक्ति थिए भनिएकोछ । हालको अवस्थालाई हेर्ने हो भने गुरुङ्गजातिको कास्की, गोरखा, लमजुङ,धादिङको मध्ये पहाडी भागलाई मुल वस्तीका रुपमा लिन सकिन्छ । यसमा पनि लमजुङको घलेगाँउ,कास्कीको सिकलेस र घान्द्रुक गुरुङ्गवस्तीका पुराना ठाउँ मानिन्छन् ।यस बाहेक पुर्वी नेपालीका रुम्भ्फाटार, भारतको दार्जिलिङ्ग तथा असाम जिल्ला समेत गुरुङ वस्ती छ।यस बाहेक वर्तमान समयमा पहाडदेखि तराईसम्मका विभिन्न भागमा गुरुङ्ग जातीहरु छरिएर रहेकाछन ।यी विभिन्न वस्तिहरुलाइ हेर्दागुरुङ्गहरुका घरवस्तीहरु गुचुमुच्च परेर रहेको देखिन्छ । यिनिहरु आफ्ना छिमेकीहरुबिच मिलेर बसेको देखिन्छ ।गाउँवस्तीहरु हेर्दा प्रायः ढुङ्गा तथा जस्ताका छाना लगाइ बनाइएका घरहरुमा यिनिहरु बसोबास गरेको देखिन्छ ।आजभोलि यिनिहरु रोजगारका लागि विदेश तिर जाने,परम्परादेखि नै भारतीय तथा ब्रिटिस

सेनामा भर्ती हुनेहरुको आर्थिक अवस्थामा राम्रो सुधार भएकाले शहर बजारतिर बसाइँसराइ गर्ने प्रक्रिया तिव्र बनेको छ। पोखरा,काठमाडौ बुटवल जस्ता शहर बजारमा समेतगुरुङ्ग वस्ती बढीरहेको छ ।

गुरुङ्गहरुको प्राचिन समयमा उत्तरतिरबाट नेपाल बसेको मानिन्छ । प्राचिन समयमा तिब्बतबाट भारततिर लम्केका हुण वंश मध्येका एक हाँगाका सन्तान नै नेपालका गुरुङ्ग जाती भएको अनुमान गरिन्छ । गुरुङ्ग जातीको वंशावली अनुसार भने उनीहरुका पुर्खा कन्नौजबाट नेपाल पसेको बुझिन्छ । आखिर जे भए पनि उनीहरु प्राचिन समयदेखि नै नेपालमा बसोबास गर्दै आएको पाइन्छ । नेपाल एकिकरणको समयमा गुरुङ्गहरुले लडाँईमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ( योगी, नरहरीनाथ २०१२) ।

गुरुङ्ग जाती खास गरी पश्चिम नेपालका स्थायी बासिन्दा मनिन्छन् । यिनीहरुको पुरानो बसोबास स्थल बुढीगण्डकी भन्दा पश्चिम र कालिगण्डकी भन्दा पूर्व-दक्षिणमा हिमालय र उत्तरको गण्डकी क्षेत्र मानिन्छ (जोशी, दिपक २०५७) । हाल आएर गुरुङ्गहरु नेपालको सबै क्षेत्रमा फैलिएर रहेको पाइन्छ । मध्ये पहाडी भेगको उच्च भू-भागदेखि तल्लो समथर भू-भागसम्म रहेका गुरुङ्गहरुले भौगोलिक अवस्था अनुसारका बालिहरु लगाउँछन । परम्परादेखि कृषि नै उनीहरुको मुख्य जीविकोपार्जनको मूल आधार हो। प्रायः पहाडि भूभागमा लगाइने सबै प्रकारका कृषि फसलहरु गुरुङ्गहरुले लगाउँछन । कृषिकर्म गर्दा गुरुङ्ग समुदायमा पर्म र हुरी प्रथाबाट कार्य गरिन्छ । जसमा गाउँका सबै मिलेर पालैपालो सबैकोमा मौसम अनुसारको कृषि कार्य गरिन्छ । गुरुङ्ग समुदायको आर्थिक जीवन संचालनमा कृषिको अहम् भुमिका रहन्छ ।

गुरुङ्ग समुदाय व्यवस्थित नभएतापनि परम्परागत रुपमा पशुपालनबाट आर्थिक क्रियाकलाप संचालन गरिएको पाइन्छ । प्रत्येकको घरमा धेरथोर बस्तुहरु हरेकै हुन्छन । यसका साथै मूल बस्तीका उच्च पहाडी भागमा ठूलो संस्ख्यामा भेडाबाखा पाली विभिन्न खर्कहरुमा राखिन्छ । जसलाई भेडि गोठ पनि भनिन्छ । गाई, भैसी पाल्ने तिनलाई मौसम अनुसारका उच्च पहाडी खर्कमा लगिन्छ र निश्चित समयपश्चात् हिँउदमा तल्लो क्षेत्रमा बसाई सराई गर्ने र वर्षादमा उच्च खर्कमा लग्ने गरिन्छ । पशुबाट मल प्राप्त हुने, पशुको बेचबिखन हुने, ऊनको प्रयो हुन सक्ने जस्ता समुदायले लिएको पाइन्छ । विषेश गरि उपल्ला पहाडी भागमा रहेका गुरुङ्गहरुले पशुपालनलाई एक महत्वपूर्ण पेशाका रुपमा लिएका छन्

भने तल्लो भागका गुरुङ्गहरु रोजगार, विदेश जाने तथा कृषिमा लागेको देखिन्छ (गुरुङ्ग, २०५७)।

सरकारी कर्मचारीका रुपमा यिनीहरु निकै कम संलग्न भएतापनि देश भित्र प्रहरी तथा सेना र विषेश गरी भारतीय सेनामा केही ब्रिटिस गोर्खा सैनिकमा संलग्न रहेको देखिन्छ । यसले उनीहरुको आर्थिक जीवनमा निकै ठूलो टेवा दिएको छ । सयका साथै सरकारी निजामती सेवा, शिक्षक र गैर सरकारी क्षेत्रमा यिनीहरुको संलग्नता पछिल्ला समयमा आउर क्रमिक रुपमा बढ्न थालेको लेदिन्छ । आजकल गुरुङ्ग समुदायका मानिसहरु विषेश गरी होटल व्यवसाय, पर्यटन तथा अन्य बन्दव्यापारमा समेत संलग्न रहेको देखिन्छ । यातायातको क्षेत्रमा यिनीहरुको लगानी बढेको देखिन्छ (खत्री, २०५४) ।

गुरुङ्ग महिलाले गुन्यु चोली, पटुकी तथा घलेक र घाँटीमा गरगहना लगाउँछन् भने पुरुषहरु कमिज, इष्टकोट कछाड बाँधी भाङग्रा ओड्ने प्रचलन रहेकोछ । यिनीहरुमा चार जातले राँगा, लामपुच्छ्रे भेडा तथा भैसीको मासु खादैनन् । सोह्रजातले भने सुगुरको मासु खादैनन् । यिनीहरुमा दुध, दही तथा मोहीका अलवा घरमै पारेको रक्सी प्रयोग गर्ने गर्दछन् । आधुनिकता सँगै शहरी गुरुङ्गको खानपान र लवाई खवाईमा परिवर्तन आइरहेको छ । गुरुङ्ग समाजमा संस्कारहरु सम्पन्न गर्न आफ्नै ज्यातिष परम्पराको आधारमा लिइन्छ । स्थानर प्रचलन अनुसार यस्ता संस्कारहरु लामा, हयावँ वा झाँक्रीबाट सम्पन्न गराइन्छ । गुरुङ्ग जातकर्म वा न्वारन शिशुको जन्म भएको ७ वा ९(छोरा ७, छोरी ९) दिनमासम्पन्न गरिन्छ । जन्मेको नक्षत्र र ग्रह अनुसार तेस्रो दिनमा नै नाम जुराइन्छ र सो नाम न्वारनको दिन बालकले सुन्ने गरी सबैको सामू सुनाइन्छ । नाम सुनाए पछि शिशुलाई सूर्य दर्शन गराइन्छ । यसै दिन कान छेड्ने प्रचलन छ (खत्री, २०५४) ।

पास्नी दोस्रो संस्कार हो । यस दिनमा बच्चालाई भात खुवाउनै गरिन्छ । यस दिनमा बच्चालाई नयाँ कपडाले सुसज्जित गरी वा चाँदीका मोहरबाट अन्नको प्राहन गराइन्छ । बच्चा जन्मिएको करिब तीन वर्ष भित्र यस पर्व मनाइन्छ । यो पर्वमा नाचगान गर्नका साथै आफन्तहरु बोलाई भोजभतेर समेत गरिन्छ । विषेशत परिवारमा पहिलो छोरा जन्मिदा यस्तो कार्य गरिन्छ । बच्चा चार पाँच वर्षको भए पछि छोराहरुलाई तिनीहरुको केश मुण्डन विधिवत रुपमा गरी यसलाई परिवारको जिम्मेवार सदस्य भएको परिचय स्थापित गराइन्छ । यस दिनपनि भोजभतेर गुरुङ्ग परम्परा अनुसार गरिएको हुन्छ ।

गुरुङ्ग जातिमा मााचेलाचेली र फुपु चेलाचेली विवाह गरिन्छ । यसमा उनीहरुको हक लाग्छ

भनिन्छ । तर आजकाल यस मान्यतामा पनि परिवर्तन आएको छ यस समुदायमा मागी विवाह, चोरी विवाह प्रचलनमा रहेको पाइन्छ । परम्परागत रुपमा विवाह गर्दा मामाचेलाचेली र फुपु चेलाचेली बिच उमेर पुगेका कोटाकेटी बिच विवाहको टुंगो लगाइन्थ्यो । आजभोलि यो प्रचलन धेरथोरले कायमै रहेको पाइन्छ । अर्को तरिका भनेको रोधी घरमा चिनजान भएपछि केटा र केटी बिच मन्जुरी भएमा अभिभावक मार्फत र कुनै अवस्थामा भागेर विवाह पनि हुने गर्दछ । यसरी भागेर विवाह भएपनि हुलाही घर भित्राउने बेलामा परम्परागत संस्कारका कार्य गर्न अनिवार्य हुन्छ ।

विवाहमा आफन्तले टिकाटाला, पैसाको माला फेटा लगाईदिने प्रचलन छ । निकै रंग रमाइलोको साथ भोजभतेर कार्य पनि गरिन्छ । आजकाल प्रेम विवाह पनि यस समुदायमा बिस्तारै फस्टाउदै गएको छ । गुरुङ्ग समुदायको परिवारमा कुनै पनि सदस्यको मृत्यु हुँदा आफन्तहरु, छिमेकी गाँउलेहरु र पुरोहितका रुपमा ह्वावँलाई खबर गरिन्छ । ह्वावँको आगमनपछि बौद्ध परम्परा अनुसार मृतकलाई घाटमा लैजान्छन् । गुरुङ्गहरुको कुनै निर्दिष्ट समाधिस्थल रहेको हुन्छ । अधिकांश लाशहरुलाई गाड्ने र जलाउने भनने कुरा उनीहरुको प्रचलन आफन्त निर्णय । मृत आत्मालाई सदाको लागि भगाउन सम्पन्न गरुङ्गहरुले बाह्रौं दिनका आत्माले शान्ति नगर्ने विश्वास छ । मृत्यु पश्चात अर्गुम गर्ने परम्परा पनि रहेकोछ ।

मनोरञ्जनका रुपमा यस समुदायमा परम्परादेखि नै रोधी बस्ने प्रचलन रहेको पाइन्छ । यस समुदायमा परम्परादेखि रहेको रोधी बस्ने प्रचलनले दुई अर्धबाट महत्व राख्दछ । एउटा गाँउ टोलका केटाकेटीहरुले बेलुका रोधीघरमा भेलालाई नाचगान गर्ने, थकाई मार्ने, परम्परागत नाचगान लाई निरन्तरता दिने जस्ता कार्यगरी संस्कृतिको विकासमा टेवा पुग्ने गरिन्छ भने दोस्रो बेलुका आ आफना खाना खाइसकेपछि जम्मा हुने यस भेटले भोलि कसको काम गर्ने, पर्म कसकामा जाने, को कसका अधुरा र जरुरी कार्य बाँकी नै छन् त्यसलाई बुझि सोही अनुसार कार्य गर्ने माध्यमका रुपमा पनि लिइन्छ । पछिल्ला समयमा आएर रोधी बस्ने परम्परा केही छाडा भएको जीवनशैली तथा कार्य प्रणलीमा परिवर्तन आएका कारण यो पर्व वा प्रचलनमा निकै शिथिलता आएको अनुभव गरिएको छ । अधिकांश गरुङ्गहरुले दशै पर्व मनाउदै आएकोमा पछिल्ला समयमा दशैंको टीका बहिष्कारका नाराहरु सुनिएका छन । यद्यपी अधिकांश ठाउँमा दशैं पर्व मनाईन्छ । यसै गरी गरुङ्ग पात्रोअनुसार नयाँ नयाँ वर्षको आगमनका साथै ल्होसार पर्व धुमधामनै मनाईन्छ । गरुङ्गहरुमा परम्परादेखि रहेको सोरठी नाचले

गरुङ्ग समुदायको संस्कृतिलाई परिचय दिन्छ । तर यो लोप हुने अवस्थामा छ। यो नाच विषेशतः दशैंदेखि तिहारसम्म नाचिन्छ । यसैगरि घाटु जुन श्रीपञ्चमीदेखि बैशाख पूर्णिमासम्म नाचिन्छ । यसलै पनि गुरुङ्ग संस्कृतिको परिचय दिन्छ ।

## १.२ समस्याको कथन

समाजको जटिलताको विकाससंगै समाजमा उत्पन्न सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक, जनसंख्यीय वातावरण लगाएतका अनेकौ समस्याका बारेमा अध्ययन गर्न र सामाजिक परिवर्तन पछिको अवस्थाको अध्ययन गर्नका लागि विभिन्न सामाजिक विषयको विकास भएको छ । समाजमा रहेर अध्ययन अनुसन्धानबाट समाज स्वरुप समाज विकासको स्तर, सामाजिक बनोट, आन्तरिक विभिधता र जटिलता बाह्य प्रभाव निर्भर रहन्छ । भौगौलिक विविधताले विकासको गतिलाई अगाडि बढाउनपर्नै देखिन्छ । अझ पिछडिएका महिला जनजाति तथा सामाजिक समूहको राजनितिक, अर्थतन्त्र, सामाजिक व्यवहारमा पहुँच रहन नसकेको वर्तमान अवस्थामा सामाजिक समानतालाई प्रतिस्थापन गराउनै यस्ता गर्न, समाजको अध्ययन गर्न, लोप हुन लागेको जनजातिको अध्ययन गर्न, जनचेतना अभिवृद्धिमा योगदान पुऱ्याउन, जातीय र समाजको अध्ययन गर्नु, शैक्षिक अवस्था तथा स्वास्थ्य र सरसफाइप्रति सचेत गराउन ।

नेपाल विविधताले भरिपूर्ण भएको विकासोन्मुख राष्ट्र हो । यहाँका धेरै जसो माथिल्लो जातिका तुलनामा जनजाति भनिने लिम्बु, गुरुङ्ग आदिको जीवन अशिक्षा, संस्कृति आदिले गाँजेको देखिन्छ । परम्परागत कालमा नेपाली समाजमा विस्तृत पारिवारिक संरचना थियो । जहाँपरिवारका सबै सदस्यहरु एकै ठाउँमा धेरै पुस्तादेखि सँगै बस्दै आएका हुन्थे, जसले गर्दा त्यस परिवारको आर्थिक अवस्था समेत मजबुत हुने गर्दथ्यो र सामाजिक हैसियत राम्रो हुने गर्दथ्यो । परिवारको आर्थिक अवस्था समेत मजबुत हुने गर्दथ्यो र सामाजिक हैसियत पनिराम्रो हुने गर्दथ्यो । परिवार जात भित्रको समूह हुने गर्दथ्यो । त्यस परिवारका सदस्यहरुले अर्को जातको व्यक्तिसँग विवाह गर्न पाउदैनथ्यो । विवाहको लागि आफ्नो जातिभित्रको त हुनुपर्ने तर त्यही रक्त सम्बन्ध भएका सँगनै विबाह बर्जित थियो । त्यसैगरी छरछिमेकमा रहेका अन्य जातिको सम्पर्क र शैक्षिक विकासको कारणले स्वतन्त्र, मौलिक अनुभूति हुन

थाल्यो, जसले गर्दा समाजवादि मूल्य र मान्यताका संख्या खोलिन थाले । यसरी आधुनिक बिचारको विकास हुन थाल्यो । मान्छेहरु परिवर्तन र सामाजिक सम्बन्ध बसाल्न इच्छुक भए । यो निरन्तर प्रक्रिया हो । त्यसैले यस क्षेत्रमा गुरुङ्गहरुका बिचार, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था र परिवारको संरचना सम्बन्धी धारणा थाहा पाउनु परेको छ । हरेक कुरामा परिवर्तन भएको सन्दर्भमा सामाजिक, सांस्कृतिक तथा आर्थिक पारिवारिक संरचनामा पनि परिवर्तन आएको छैन भन्न सकिदैन । वास्तविकता के हो भन्ने कुरा खोजको विषय भएको छ । नेपालको जनसंस्याको २.४३ प्रतिशत ओगटेको भए पनि गुरुङ्गहरु संस्कृतिका धनि मानिन्छन् तर आजभोलि विविध अड्चन, परिवर्तन, आधुनिकताले गर्दा आजका गुरुङ्ग सन्ततिहरुलेआफ्नो अमूल्य संस्कृति र रीतिरिवाजलाई बिर्सन थालेको जास्तो देखिन्छ ( केन्द्रिय तथ्याङ्क विभाग वि. सं. २०६८ जनगणना अनुसार) ।

फलस्वरुप आज इतिहासको पानामा मात्र सीमित हुन लागेको विषयमा अनुसन्धान गर्ने जमर्को नगरेमा अवस्य पनि एक दिन जाती, संस्कृति नै लोप हुने छ भन्दा अत्युक्ति नहोला । आज सम्म हेर्दा गुरुङ्गहरुका बारेमा केही अध्ययनहरु भएका छन् गुरुङ्गहरुको रोधी संस्कृतिकाबारेमा यो कसरी गुरुङ्गहरुमा प्रकार्य हुन्छ । यो के हो भने जस्ता कुराको बारेमा समाजमा जानकारी प्राप्त हुन अनिवार्य देखिन्छ । त्यस्तै गुरुङ्गका इतिहास कस्तो थियो र संस्कृति कस्तो छ भन्ने बारेमा अध्ययन भएका छन् । त्यस्तै यी मध्ये यी कुनैमा ठाउँ विषेश भएर गुरुङ्गहरुको अध्ययन पनि भएका छन् ।त्यसै कारण यस क्षेत्रका गुरुङ्गहरुको रहनसहन रितिरिवाज जन्म संस्कार, विवाह संस्कार, मृत्यु संस्कार कस्तो प्रकारको छ, परम्परागत रुपमै सम्पन्न हुन्छन कि हुदैनन्, र प्रक्रियाहरु कस्तो छ भन्ने कुराले गर्दा यस क्षैत्रको गुरुङ्ग जातीको पहिचानलाई विस्तृत र गहन रुपमा अध्ययनको आवश्यकता देखिन्छ । किनकी कतिपय परम्परागत संस्कारका प्रक्रियाहरु आज नभएको पनि होला र त्यस प्रक्रियामा राम्रा पक्षका प्रक्रियाहरु अवलम्बन पनि भएको हुन सक्दछ । यि विविध पक्षको अध्ययन हुन अति आवश्यक देखिएको छ । किन भने यस क्षेत्रकागुरुङ्गहरु भनेका छिमेकी जिल्ला लमजुङ तथा तनहूँ जिल्लाबाट बसाइ सराइ गरेर आएका जाति हुन । यिनीहरुको यहाँ बसाई सराई गरेर आउने समय सम्म यिनीहरुको संस्कार मूल्य, मान्यता तथा रिति तिथि त्यसमा पनि विशेष गुरुङ्ग जातिको पहिचानमा कस्तो प्रभाव छ भन्ने अर्थमा पनि अध्ययन आवश्यक छ ।

वर्तमान समयमा विज्ञान र प्रविधिमा आएको युगान्तकारी परिवर्तले समाजमा विद्यमान जातीय

पेशामा पनि संकट पर्दै आएको छ । प्रविधिको विकासले मानिसहरु नयाँ नयाँ प्रविधिको प्रयोगमा व्यस्त छन् । जसले गर्दा जनजाती लगायतकोपरम्परागत पेशा संकटमा पर्दै आएको देखिन्छ । मानिसहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा अलि अलि परिवर्तन भएको देखिन्छ । त्यसैले यसै विषयलाई एउटा समस्याका रुपमा लिई

**१. गुरुङ्गहरुको परम्परागत पेशा संकटमा पर्दै गर्दा उनीहरुको सामाजिक, सांस्कृतिक अवस्था कस्तो छ ?**

**२. गुरुङ्ग समाजकोसामाजिक, सांस्कृतिक परिवर्तनको बारेमा जानकारी ?**

माथि उल्लेखित प्रश्नहरुलाई मुल प्रश्न बनाई यसैको आधारमा खोज अनुसन्धान गर्ने जमर्को गरिएको छ । यस जातीको ऐतिहासिक पक्षहरुको प्राज्ञिक अध्ययन नभएकोले यस विषयको अध्ययन गर्नु आवश्यक थियो ।

## १.३ अध्ययनको उद्देश्य

आधुनिकिकरणको प्रभाव र पूँजीवादको विचारले गर्दा समाजमा नयाँ नयाँ विचारहरु अगाडि आइरहेका छन् । पुराना विचार, पुराना कुराहरु छाडिदै वा परिष्कृत हुदै अलग्गिदैछन् । यस्ता परिवर्तनहरुमा सामाजका धैरै संस्थाहरुमा पनि भइरहेका छन् । उदाहरणको रुपमा हेर्ने हो भने बृहत संयुक्त परिवारहरु विखण्डन हुदै एकल परिवारको रुप आएकोछ । यस सोधको मुख्य उद्देश्य गुरुङ्ग जातिको पहिचानरहेको छ र विशिष्ट उद्देश्य निम्न छन्:

१. गुरुङ्गहरुको सामाजिक र सांस्कृति अवस्थाको बारेमा पत्ता लगाउने ।

२. गुरुङ्ग समाजमा भएकाके र कस्ता वा कुन पक्षमा भएको परिवर्तनहरुको बारेमा जानकारी ।

३ समाजपरिवर्तनका कारणहरु पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

कुनै पनि जातीको संस्कृतिहरु एकाएक आएर स्थापित भएका हुदैनन्, तिनिहरु स्थापित हुनुका लागि लामो समयदेखि व्यवहार वा प्रचलनमा आइरहेको हुनुपर्दछ । परम्परागत रुपमा चल्दै आएका संस्कार वा संरचनाहरुमा के कस्तो किसिमको फरक आएको छ कि वा छैन ? यदि आएको छआमूल परिवर्तन हो वा सीमित हो भन्ने जान्नु पनि अति आवश्यक छ । परम्परागत मूल्य मान्यतालाई सधै भरी एकै किसिमबाट चलाउदै जानुपर्दछ भन्ने छैन तैपनि चलिरहेको छ तर परम्परागत संस्कृति र संरचनाहरुमा विभिन्न विद्वानहरुबाट गुरुङ्ग समाज वा जातीबारे अध्ययन अनुसन्धान गरिएको भए तापनि गुरुङ्गहरुको केही सीमित पक्षहरु मात्र समावेश भएको देखिन्छ । समग्रमा गुरुङ्गहरुको बैवाहिक, पारिवारिक र सांस्कृतिक संरचना सम्बन्धमा आएका परिवर्तलाई मुख्य रुपमा लिएको छ । यस अध्ययनलेगुरुङ्ग जातीको संस्कृति र संरचनाहरुमा आएको बिचलन, प्रभाव स्वरुप बारेमा र परिवर्तन हुनुका कारणहरु उल्लेख गरिएकोहुनाले पनि यसले थप महत्व बोकेको छ । त्यस्तै सामाजिक संस्थाहरुको बारेमा जानकारी लिन इच्छुक व्यक्ति वा संस्थाहरुलाई समेत सहयोग पुरयाउनेछ।

## १.५ अध्ययनको संगठन

यस सोध पत्रलाई विषयवस्तुको प्रकृति, अध्ययनका आधार र प्रस्तुतीकरणलाई सरल एंव उद्देश्यमूलक बनाउन जम्मा ५ वटा अध्ययनमा संगठित गरिएको छ । अध्याय एक अर्न्तगत परिचय अर्न्तगत पृष्ठभूमि, समस्या कथन, अध्ययनको यद्देश्य र अध्ययनको महत्व राखिएको छ । अध्यान दुई अर्न्तगत सन्दर्भ साहित्यको समीक्षा छ जस अर्न्तगत सैद्धान्तिक, अनुभवजन्य, नीतीगत र अवधारणात्मक ढाँचा समावेश गरिएको छ । अध्याय तीन अर्न्तगत अनुसन्धान विधि अर्न्तगत अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको औचित्य र पुष्टि, जम्मा जनसंस्या र नमुना छनोट, तथ्याङकको प्रकार र स्रोत तथ्याङक सङकलनका विधि एवं उपकरण तथ्याङक विश्लेशण र प्रस्तुती तथ्याङको विश्वसनियता र वैद्यता प्रक्रियालाई संगठित गरिएको छ । अध्याय चार अर्न्तगत तथ्याङक विश्लेशण र प्रस्तुती समावेश गरिएको छ जस अर्न्तगत भौगोलिक अवस्था तथ्याङकहरुको प्रस्तुतीकरण र विश्लेशण उद्देश्यलाई पूरा गर्ने गरी श्रृखलाबद्ध गरिएको छ । अध्याय पाँच अर्न्तगत अध्ययनको सारंश, निष्कर्ष र

सुझावहरु राखिएको छ ।

यस अध्यायमा यस पेशा प्रतिको मानवीय धारणाहरुको विश्लेषण गरिएको छ । समाजको हेराई,अभिमत र प्रभावको आवश्यक विश्लेषण गरिएको छ । अन्तमा अनुसूचीमा राखी सम्बन्धित अनुसूचिहरु राखिएको छ ।यसमा प्रश्नपत्रहरु अनि आंशिक व्याख्यान साथै ग्रन्थ सूचि पनि राखिएको छ

## अध्याय दुई

## सन्दर्भ साहित्यको समीक्षा

यस परिच्छेदमा सम्बन्धित साहित्यको समीक्षा र अध्ययनको सैद्धान्तिक खाकाको सम्बन्धमा चर्चा गरिएको छ । समस्याको समाधानको निमित्त विकल्पहरुको खोजि गर्न सम्बन्धित साहित्यको समीक्षा गर्न अत्यावश्यक भएकाले यसभन्दा अगाडीका अनुसन्धानकर्ता र विभिन्न विद्धानहरुको अध्ययनको समीक्षा जानकारी गरिएको छ । पूर्व साहित्यको समीक्षाले सम्बन्धीत विषयमा भए गरेका खोजहरुको मूल्याकंन गर्न सहयोग पुऱ्याउछ । अनुसन्धान कार्यलाई तथ्यपूर्ण, सिलसिलैबर रुपमा प्रस्तुत गर्न समस्यालाई स्पष्ट पार्न, विषय दोहोरिन नदिइ नयाँ कुरा पत्ता लगाउन सम्बन्धित साहित्यको अध्ययनले सहयोग गर्ने गर्दछ ।

नेपाली समाज मूलतः हिन्दु वर्ण व्यवस्थामा आधारीत समाज हो । नेपाली समाजमा बौद्धिककाल देखि नै जातीय व्यवस्थाको अस्तित्वमा रहदै आएको पाइन्छ । वि.सं. २०२० को नया मुलुकी ऐन ले जातीय आधारमा रहदै आएको भेदभाव र छुवाछुत प्रतिका सम्पूर्ण व्यवहार र क्रियाकलापलाई कानुनी आधारमा नै बन्देज गरेको छ । तर पनि नेपाली समाजमा आज जातीय छुवाछुतको अत्यन्तै अमानवीय व्यवहारहरु देखिने गरेका छन् । मठ मन्दिर पस्न, धारा पानी पधेरोमा जान, सार्वजनिक सामाजिक सभा समारोहमा सहज रुपमा सहभागी हुन तथा कहि-कहि स्कूलमा पढ्ने सवालमा समेत तल्ला जातीका भनिने मानिसहरुलाईृ दुर्व्यवहार गर्ने गरेका घटनाहरु सुनिन थालेका छन् । बहुजातीय बहुधार्मीक र बहुभाषिक मुलुक नेपालमा बसोबास गर्ने विभिन्न पहिचान भएका र कानुनी मान्यता प्राप्त गरेका ५९ आदिबासी जनजातीहरु मध्येका जनजाती गुरुङ्ग जाती पनि एक हो । गुरुङ्गको जातीय परिचयका सम्बन्धमा पनि विद्धानहरुका बिचमा बिवाद रहेको पाइन्छ । मंगोलियन सम्प्रदायका गुरुङ्ग जनजाती नेपाली जातीय संरचनामा विशिष्ट विषेशता भएको समूदाय हो । संस्कृतबिद् जनकलाल शर्मा (२०५०) का अनुसार गोरखा राजवंशको उदय हुनुभन्दा पहिले गुरुङ्गहरु पश्चिमी नेपालका केही भागमा स-साना ठकुराइको भागमा विभक्त थिए । गुरुङ्गहरु प्रचिन समयमा उत्तरतिरबाट नेपालमा बसेको मानिन्छ । समाजशास्त्रीय रुपमा मानिसको प्रत्यक्ष सम्बन्ध समाजसँग हुन्छ । त्यही समाजिक सम्बन्धमा भएको परिवर्तन सामाजिक परिवर्तन हो । यसमा अन्तरमानविय सम्बन्ध र आचरणगत रुपमा आउने

परिवर्तनलाई सामाजिक परिवर्तन भनिन्छ ।

**सामाजिक परिवर्तनका सूचकहरु (Indicators of social change)**

सामाजिक परिवर्तन कति भयो भन्ने कुरा मापन गर्ने आधारहरुसूचकहरु समाजभित्र नै रहेका हुन्छन् । सामाजिक संरचनामा परिवर्तन भयो भने सामाजिक परिवर्तन भएछ भन्ने थाहा पाउन सकिन्छ मानव सभ्यताको प्रारम्भिक चरणमा समाज सरल थियो ।घुमन्ते समाज बागवानी कृषि औद्योगिक वैज्ञानिक र कम्प्युटरको समाजसम्म आइपुग्दा धेरै जटिल भएको छ । सरल असभ्य समाज र जटिल सभ्य समाजका सामाजिक संरचनाका एकाइहरु जातजाती धर्मसंस्कृति, आर्थिक, राजनीतिक एकाइ नातासम्बन्धको स्वरुपका साथै भूमिकामा जटिल रुपमा भएको संरचनागत परिवर्तनले सामाजिक परिवर्तनको सुचकको प्रतिनिधित्व गर्दछ ।

- ❖ सामाजिक संस्थाहरुसंग सम्बन्धित सुचकहरु नातासम्बन्धमा आएको परिवर्तन, जातीय संगठनमा परिवर्तन, राजनितिक संस्था, विवाह संस्थामा आउने परिवर्तन ।
- ❖ सामाजिक पदभुमिकासंग सम्बन्धी सुचकहरु र व्यक्तिको भुमिका हैसियत त्यसमा आउने परिवर्तनलाई लिइन्छ । जन्मस्थानको उच्च सम्मान हुने चलनमा परिवर्तन आएको छ । ब्राह्मण परिवारमा जन्मदा उच्चस्थानमा रहन गएको मनिन्थ्यो तर त्यो परम्परावादी सोचाइ भावनामा परिवर्तन हुन थालेको छ । सार्वजनिक सामाजिक क्षेत्रमा कायम रहन गएको जातीगत संरचनागत परिवर्तन आउन थालेको देखिन्छ ।

नेपाली सन्दर्भमा संरचनागत परिवर्तन भएको छ । प्रशासन सेना, प्रहरी, शिक्षा, स्वास्थ्य, इन्जिनेरिङ्ग आदिका क्षेत्रमा ठुलो परिवर्तन भएको छ । उत्पादन कार्यमा महिलाको सहभागिता साथै अन्य क्षेत्रमा महिला सहभागिता बढ्न गएको छ । जातीय आधारमा गर्ने कामहरु पनि रुपान्तरण भए । व्यवसायमा जाती होइन इच्छा शक्तिको प्रयोग हुनुपर्दछ भन्ने मान्यताले सफलता प्राप्त गरेको पाइन्छ ।

सामाजिक दृष्टिकोण सम्बन्धि सुचकमा प्राचीन समाजमा महिलाको भूमिका उनीहरुको आन्तरिक तथा वाह्य् गतिविधिमा हेर्ने दृष्टिकोण फरक खालको थियो । रजस्वला पाप हो भन्नेलाई एक जैविक प्रक्रियाको रुपमा लिनु जस्ता कुराहरु सामाजिक दृष्टिकोण सम्बन्धी सुचक हुन् ।

❖ सती प्रथा, दास प्रथा, कमैया प्रथा, कुमारी प्रथा, कमलरी प्रथा, झुमा प्रथा, देउकी छाउपडी प्रथा जस्ता कुराहरु सामाजिक प्रथासम्बन्धी सुचक भनिन्छ ।

सामाजिक परिवर्तनका अन्य सुचकहरुमा औद्योगिकरण, सहरीकरण, आधुनिकीकरण, नेपालिकरण , हिन्दुकरण, साथित्वकरण जस्ता सुचाङ्कबाट सामाजिक परिवर्तनलाई मापन गर्न सकिन्छ । (सामाजिक परिवर्तन र विकासको अध्ययन २०६७ पृ .७ )

यस अध्याय अन्तर्गत सैद्धान्तिक समीक्षा, अनुभवजन्य समीक्षा नीतिगत समीक्षा र अवधारणात्मक ढाँचा समावेश गरिएको छ ।

## २.१ सैद्धान्तिक समीक्षा

दुर्खिमका अनुसार सामाजिक संरचनाको मूल आधार नै सामाजिक सम्बन्ध हो । समाजभित्र रहेका विविध पक्षहरुको आपसी सम्बन्धले मात्र समाजको अस्तित्व सम्भव छ । समाजमा शान्ति सुव्यवस्था कायम गर्न यिनै विभिन्न तत्वहरुको समन्वयका आवश्यकता पर्दछ । समाजलेलक्ष्य प्रप्तिका लागि यस प्रकार्यात्मक सम्बन्ध हुनुपर्दछ । यदि यी पक्षहरुबीच एउटा पक्षमा गडबढी आउदा सिंगौ सामाजिक संरचनामा विचलन आउन सक्छ । तर यस अवधारणामा केही फरक मत राख्ने आर. के. मर्टनले समाजका विविध एकाइहरुको संयोजनले समाज सञ्चालनमा निरन्तरता दिए पनि कुनै एक तत्वमा भएको खराबीले सिंगो समाजको संरचना र प्रकार्यकमा बाधा पुग्दैन । त्यसको लागि वैकल्पिक उपाए अपनाई निरन्तरता दिन सकिन्छ भनेका छन् । प्रकार्यात्मक अवधारणा अर्न्तगत आर. के. मटनको भनाई अनुसार पनि विश्लेशण गर्न सकिन्छ । समाजमा हुने विभिन्न प्रक्रियालाई ईमाइल दुर्खिमले जैविक एकता र यान्त्रिक एकता गरी दुई किसिमले ब्याख्या गरेका छन । उनले जैविक किसिमको समाजका एकीकरणलाई समाजको विविध कार्यमा हुनेश्रम विभाजनको आधारमा व्याख्या गरेका छन् । उनको अध्ययनकने मूख्य विषयबस्तुहरुमा धर्म र यससँग सम्बन्धित तिनवटा प्रमुख पक्षहरु थिए । जस्तै आर्थिक क्रियाकलापमा धार्मिक विचार एवं भावनाहरुको असरको व्याख्या, धार्मिक विचार र सामाजिकस्तरीकरण बिचको विश्लेशण र पश्चिमी सभ्यताको खास खास लक्ष्यणहरुको व्याख्या नै

उनको समाजशास्त्रीय अध्ययनको मुख्य विषयबस्तुहरु थिए ।

सामाजिक क्रिया र सामाजिक सम्बन्धका अलवा धर्म, आर्थिक जीवनका विविध पक्षहरु जस्तै मुद्रा र श्रम विभमजन, राजनितिक दल र राजनितिक र सामाजिक संगठनका विविध रुपहरु समाजमा विभिन्न कारणले स्थापना हुने सत्ता वा अधिकार तथा राजनितिक सत्ता शक्ति, आर्थिक तत्वको आधारमा कायम हुने अधिकार र अधिकारको आधारमा समाजमा कायम हुने व्यक्तिको स्थिति, नोकरशाही तथा कर्मचारीतन्त्र, जात, नगर एवं संगीत मण्डली जस्ता ठूला स्तरका संगठन आदि नै वैबरको समाजशास्त्रीय अध्ययनजनका विषयबस्तुहरु थिए । यिनै कुराहरुको अध्ययनको आधारमा नै उनको समाजशास्त्रको विकासका महत्वपूर्ण योगदान गरेको पाइन्छ । त्यस्तै उनले प्रभुत्वलाई सर्जित हुने प्रभुत्व भनेका छन् । यसलाई एउटा निश्चित आज्ञा वा आदेशबाट निश्चित संभावनाको रुपमा परिभाषित गरेका छन् । उनले प्रभुत्वलाई प्रभुत्व त्यस्तै संभावना हो जुन निश्चित विषेश आदेश जसलाई व्यक्तिका समूहलै पालना गर्नेछन भनी उल्लेख गरेको पाइन्छ । समाज सामाजिक सम्बन्धहरुको जालो हो । यस भित्र उप एकाइ संरचना र उपसंरचाना मिलेर बनेको हुन्छ । एउटा तत्वमा गडबढी भएमा अर्को तत्वमा गडबढी पुऱ्याएको हुन्छ । प्रकार्यात्मक धारणा अनुसार समाजमा सकारात्मक कार्यहरु हुदै गएको यसको क्रम र गति ढिलो हुन्छ । गुरुङ्ग जातीहरुमा पनि परम्परागत एवं यथास्थितिमा रहेर आफ्नो गतिविधिहरु संचालन हुदै आएका छन् ।उनीहरु पहिले पेशा तथा व्यवसायसँग सुक्ष्म गतिमा परिवर्तन गरेर अगाडी बढ्न खाजेको देखिन्छ ।ढिलो वा चाँडो उनीहरुमा पनि परिवर्तन चाहानहरु यसरी संरचनात्मक प्रक्रियाबाट आधुनिकबाद तर्फ उनीहरु उन्मुख देखिन्छ । शुरुमा पुरानो तथा परम्परागत ढङगले पशुपालन कृषि तथा व्यापार व्यवसायले उनीहरुको आर्थिकस्थितिमा सुधार ल्याउन सकेन । यसलाई मध्येनजर राखेर आधुनिक र व्यवसायिक हिसाबमा खेतिपाति गर्ने, पशुपालन गर्ने, उद्योग गर्ने, घरमै काम गरेर बस्ने प्रवृतिबाट लाहुरे, नोकरी पुलिस, सेना आदिमा गएर आफ्नो जीवनमा सुधार ल्याएको देखिन्छ । आफ्ना परिवारलाई सुखसँग पालन पोषण गर्न, राम्रो शिक्षा दिन स्वस्थ्य राख्न विभिन्न प्रयासहरु गरेको पाइन्छ । यी जातीहरुमा सबैको आर्थिक स्तर समान छैन तरपनि अरु जातीको तुलनामा यी जातीको आर्थिक अवस्था राम्रो देखिन्छ । वर्तमान अवस्थामा यीनिहरु परम्परागत अवस्थाबाट माथि उठेर आर्थिक, सामाजिक, राजनितिक सांस्कृतिका लगाएतसबै क्षेत्रमा अगाडी बढेको पाइन्छ । आज्ञाकारिता, स्वार्थ वा इच्छाशक्ति, विश्वास र नियमितता आदि जस्ता कुराहरु प्रभुत्वसँग सम्बन्धी तत्वहरु हुन । यस अवधारणको सैद्धान्तिक पक्षमा रहि व्याख्या

विश्लेशण गर्ने समाजशास्त्री इमाइल दुर्खिम, रेडक्लिफ ब्राउन, मालिनोस्की र टालकोट पार्सन आदि पनि छन् । (गौतम,२०६३) ।

गुरुङ्ग समाजका विभिन्न एकाइहरु बीच प्रकार्यत्मक सम्बन्ध रहेको छ । यी जातीमा सामाजिक धार्मिक, आर्थिक, राजनैतिक पक्षबीच व्यवहारिक र सुमधुर सम्बन्ध देखिन्छ । मिलनसार र आफू भन्दा ठूला र जन्मेको विश्वास यी जातीमा रहेको पाइन्छ । यो सिद्धान्तले यही कुरालाई जोड दिएको देखिन्छ ।

गुरुङ्ग जातीलाई गुरुङ्ग भाषामा तमु भन्दछन् । गुरुङ्ग राजा जसवम शाहीले बक्सेको एउटा उपाधी हो । घले राजाले डाबल छोडि कहोलमा आई त्यहाँका म्हिन कुगिसंग मिलेर नयाँ रितिस्थिती वाचा वन्देज बाँधि रजाइ गर्न थाले । यहीँबाट तमु जाती र तमु सस्कृतिको शुरूवात हुन्छ । कहोलमा राजा, पुजा, भलादमी, भारदार व्यवस्थापक, कार्यकर्ता, उमराव सबै मिलेर बनाएको नयाँ विधानलाई सबैले समर्थन गरे जुन तमु संस्कृतिको अनुहार थियो । (गुरुङ्ग ,२०३४) ।

यसै गरि गुरुगुरुङ्गले (वि. स. २०५०) गुरुङ्ग वंशको परिचय" मा मानव उत्पत्ति र विकासको सम्बन्धमा प्रष्ट पार्दै गुरुङ्ग वशको परिचय दिनुभएको छ । कृष्ण बहादुर गुरुङ्ग र नरहरिनाथ योगिको "श्री गुरुङ वशावली" (वि.स.२०१२)मा गुरुङ्ग वशको परिचय पाइन्छ । धनबहादुर गुरुङ्गले "हामी र हाम्रो भाषा"( वि.स.२०४६) मा गुरुङ्ग भाषाबारे जानकारी दिनुभएको छ । अमर बहादुर गुरुङ्गले पनि यसै सम्बन्धमा गुरुङ्ग भाषाको शब्दकोष प्रकाशित गर्नु भएको छ। यी पुस्तकहरुमा भन्दा केही भिन्न जानकारी डा. हर्क बहादुर गुरुङ्गको "गुरुङ्ग सम्बन्धी तथ्यांक" (सन् १९९४)नामक कार्य पत्रमा रहेकोछ ।यस पत्रिकामा अन्य जातीसँग तुलना गर्दै गुरुङहरुको बसोबास क्षेत्र, पेश, भाषा,जाती आदिको तथ्यांक दिएको छ।

अन्य जात जातीको परिचय सहित गुरुङ जातीको बारेमा केही विद्वानहरुले लेखेका छन् । डोरबहादुर विष्टले आफ्नो पुस्तक (विष्ट,२०२९) मा गुरुङ्गहरुको बसोबास,रहनसहन, चाडपर्व,सामाजिक,रितिरिवाज आदिको बारेमा लेख्नु भएको छ। जनकलाल शर्मा (२०५०) "हाम्रो समाज एक अध्ययन" नेपालमा गुरुङ्गहरुको पुर्खाको प्रवेश उनिहरुको लम्जुङे घले राजासँगको सम्बन्ध,रितिरिवाज आदिको बारेमा लेख्नु भएको छ। यस्तै गरि नगेन्द्र शर्माले आफ्नो पुस्तक "नेपाली जनजीवन" मा गुरुङ जाती उनीहरुको जन्म,मृत्यु, संस्कार, चाडपर्व आदिको बारेमा चर्चा गर्नुभएको छ ।

**२.२ अनुभवजन्य समिक्षा**

गुरुङ्गहरुको आर्थिक अवस्था अरु जाती भन्दा राम्रो अवस्था रहेकोछ । यिनिहरुको शुरुको पेशा भनेको कृषि, सामान्य उधोग र डोका नाम्ला बुनेर बजारमा बेच्ने जस्तो रहेको थियो । भने केही समयपछी गुरुङ्ग जातीहरु विदेशी तथा स्वदेशी सेनामा भर्ती हुने, देशको सरकारी कार्यलयमा जागिर गर्ने गर्न थाले । यिनिहरुले ठुला ठुला घर बनाउने, बाहिरबाटै कपडाहरु जस्ता समानहरु मगाई लगाउने गर्दछन । फाइनान्स कम्पनिहरुबाट कर्जा लिएर व्यापार व्यवसाय गर्ने कुराहरु कानुनी रुपमा गर्न सकिन्छ भन्ने जानकारी पनि थियो र यसै अनुरुप वैकहरुबाट कर्जा लिएर व्यवसायहरु सञ्चालन गरेका पनि छन् (पिगनेडी,१९६६ पृ. १३३)।

गुरुङ्ग जातीको विवाह सम्बन्धी अध्ययनको क्रममा उनले उल्लेख गरेका छन् । मामाचेली, फुपुचेला सबभन्दा हक लाग्ने भन्ने परम्परा सबैलाई थाहा भएकै कुरा हो । दाजुभाइको छोराछोरीमा कुटुम्ब नचल्नु, दिदिबहिनी बिचका छोराछोरीमा पनि कुटुम्ब नचल्नु, दाजुभाइ र दिदीबहिनीको छोराछोरीहरुको बिचमा कुटुम्ब हुनु यहाँनीर एउटा विशेषता छ । त्यो के हो भने दाजुभाइको बिचमा कुटुम्ब दुबै पुरुष भयो चल्ने कुरै भएन र दाजुभाइ दुइका बिचमा केही सम्बन्ध नभएपछी छोराछोरीको बिचमा सम्बन्ध राख्नु पनि आवश्यक परेन । दिदीबहिनीको बिचमा कुटुम्ब नहुनु पनि कुरा त्यही पऱ्यो ।दुबै स्त्रीलिङ्ग पऱ्यो र कुटुम्ब चल्ने कुरै भएन र दाजुभाइ र दिदीबहिनीको बिचमा स्त्री र पुरुष भएको नाताले कुटुम्बको काम भएको हुनुपर्छ । त्यही बमोजिम मामा फुपुको छोराछोरीको बिचमा सम्बन्ध नजिकको एकपुस्ता घटाइ हक लाग्ने कुटुम्ब हुन पुगेको हुन सक्दछ (गुरुङ्ग, २०६५ पृ. २२)।

गुरुङ्ग जातीलाई गुरुङ्ग भाषामा तमु भन्दछन् । गुरुङ्ग लमजुङ्ग राजा जसवम शाहिले बक्सेको एउटा उपाधी हो । घले राजाले डाबल छोडी कहोलमा आई त्यहाँका मिहन कुगिसंग मिलेर नयाँ रितिस्थिती वाचा वन्देज बाधी रजाइँ गर्न थाले । यहीँबाट तमु जाती र तमु संस्कृतीको शुरूवात हुन्छ। कहोलमा राजा, पुजा, भलादमी,भारदार व्यवस्थापक, कार्यकर्ता, उमराव सबै मिलेर बनाएको नयाँ विधानलाई सबैले समर्थन गरे जुन तमु संस्कृतिको अनुहार थियो (गुरुङ्ग, २०३४) ।

“शाही राजाले तिमी चैन राजपुत हो । तर तिम्रो पुरोहित नोचनले ३ राजाको घेरामा पर्दा घलेसंग मिल्यो भनी आफ्नो काधको जनै झिकी कालिको बेनिमा सेलायो । कुल धर्मलाई छाडी कायाफाली सक्यो । गुरु भनेको त ब्राह्मणले शिक्षा मन्त्र दिनेलाई गुरु भन्दछन् । तिनीहरुलाई गुरु बनाउन हुँदैन ।’रुँ’ मा चन्द्र बिन्दु थपेर रूँ गर्नुपर्छ । त्यसपछी रुँ को ठाउँमा अपभ्रम्श भइ ङ थपेर गुरुको बदलामा

गुरुङ्ग हुन गएको हो । "(तमु, २०५४)। रुम्जाटार गा.वि.स. को अध्ययनको क्रममा लाल बहादुर गुरुङ्ग शिक्षाको सम्बन्धमा गुरुङ्गहरुको आर्थिक स्तरमा जति अगाडि छन् त्यसको तुलनामा शिक्षामा अगाडि नभएको कुरा व्यक्त गरेका छन् । गुरुङ्गहरुको शैक्षिक स्तर हेर्दा कम मात्रामा स्नातक तह पास गरेको उल्लेख गरेका छन् । उनी शिक्षामा गुरुङ्गहरु उन्नति गर्न नसक्नुको कारणका सम्बन्धमा के उल्लेख गर्दछन् भने बढी मात्रामा गुरुङ्ग युवाहरूको चाहना भनेको ब्रिटिश आर्मी र इण्डियन आर्मीमा भर्ती हुने धेरै पैसा कमाउने हुने भएकोले शैक्षिक क्षेत्रमा ध्यान नदिने र कसैले राम्रोसँग शैक्षिक क्षेत्रमा प्रगति गरे तापनि त्यस्ता व्यक्तिलाई समाजले प्रोत्साहन नदिनु शैक्षिक क्षेत्रमा पछि पर्नुको कारण उल्लेख गरेका छन्

(गुरुङ्ग,२०५७ पृ.२५)।

नेपालमा विभिन्न एवं जनजातीहरुको अध्ययन गर्ने क्रममा यिनिहहरुको बारेमा पनि अध्ययन गरेका छन् । जसमा उनले गुरुङ्ग जातीको उत्पत्ति इतिहास, बसाइँसराइ, बसोबास, संस्कृती र समसामयिक परिवर्तनका बारेमा उल्लेख गरेका छन् । उनका अनुसार यिनिहरुमा फूपू वा मामाका छोरा वा छोरीसंग बिहे नगर्नेलाई ३० रुपैया हर्जना तिरेर छुटकारा लिनुपर्दछ । गाउँहरुमा बेलुका ठिटा ठिटिहरुले बेलुकी भेट गरेर गुरुङ्ग गाउँमा रोदि घरको चलन हुनाले ठिटा ठिटिहरुको लस-पस रोदिघरबाट नै शुरु हुने हुँदा आफ्नो गाउँभित्र विहे हुने सम्भावना धेरै हुन्छ । विवाह गरेर छोराछोरी पाएको धेरै समयपछि पनि बाबु आमाले छोरीलाई दाइजो दिने गर्दछन् (विष्ट, २०२९) ।

गोरखा जिल्लाको मोहरिमा भन्ने गाउँमा गुरुङ्गहरुको बारेमा अध्ययन गरेका छन् । जीवन पर्यान्त संस्कार, संस्कृतिको र दिनचर्याको बारेमा अध्ययन गरेका छन् । ती नै संस्था र संस्कार मध्येका विवाहका बारेमा यसो भनेका छन्: गुरुङ्गहरुको विवाह पद्धति एकलगामी प्रवृत्तिको हो । विवाह गर्दा एकपटक एउटासंग मात्र हुने गर्दछ। धनिमानी व्यक्तिले मात्रै धनको रक्षार्थ दोस्रो विवाह गरेको देखिन्छ विवाह गर्दा परिवारको मुख्य व्यक्तिले मात्र निर्णय गर्ने अधिकार पाउथ्यो तर अहिलेको अवस्था परिवर्तन भैसकेको छ । जसले गर्दा विवाह गर्ने व्यक्तिहरुको पनि राय लिन थालिएको छ । विवाह अधिकांश गाउँमा नै र केही गाउँ बाहिर हुने गर्दछ । १६ जातकोगाउँमा नै ४ जातको गाउँ बाहिर बढी देखिन्छ । परिवारहरु संयुक्त रुपमा देखिन्छ । जसले गर्दा घरका कामहरु सबै मिलेर गर्ने गर्दछन् । यसो गर्दा

प्रत्येक सदस्यहरुलाई सजिलो पर्दछ। जसमा समान बोध र दायित्व रहने गर्दछ (पिगनेड,१९६६)।

यस्तै गरि गुरुङ्गले (वि.स. २०५०) "गुरुङ्ग वंसको परिचय" मा मानव उत्पत्ति र विकासको सम्बन्धमा प्रष्ट पार्दै गुरुङ्ग वन्शको परिचय दिनु भएको छ। कृष्ण बहादुर गुरुङ्ग र नरहरिनाथ योगिको"श्री गुरुङ्ग, वंशावली" (वि.स.२०१२) मा पनि गुरुङ्ग वंशको परिचय पाइन्छ। धनबहादुर गुरुङ्गले "हामी र हाम्रो भाषा" (वि.स. २०४६) मा गुरुङ्ग भाषाबारे जानकारी दिनु भएको छ। अमर बहादुर गुरुङ्गले पनि यसै सम्बन्धमा गुरुङ्ग भाषाको शब्दकोष प्रकाशित गर्नु भएको छ। यी पुस्तकहरु भन्दा केही भिन्न जानकारी डा. हर्क गुरुङ्गको "गुरुङ्ग सम्बन्धी तथ्यांक" (सन् १९९४) नामक कार्य पत्रमा रहेकोछ। यस पत्रिकामा अन्य जातीसंग तुलना गर्दै गुरुङ्गहरुको बसोबास क्षेत्र, पेशा, शिक्षा, भाषा, जाती आदिको तथ्यांक दिएको छ।

## २.३ नीतिगत समिक्षा

मुलुकी ऐन २०२० अनुसार सबै जातजातीलाई भेदभाव नगरिएको र छुवाछुतको व्यवस्था लचकता अपनाइएको थियो। भूमिसुधार ऐन २०२१ मा जनजातिहरुलाई पूर्वमा किपट भुमी तथा अन्य जातजातीलाई सरकारको सेवा गरेवापत भूमी उपलब्ध गराउनु भनी उल्लेख गरिएको छ। अन्तरिम संविधान २०६३ अनुसार सबै जनजातिको चाडपर्वमा सार्वजनिक बिदा दिने, र उनिहरुको भाषालाई रेडियो नेपालबाट समाचार प्रसारण गरेर उनहरुलाई प्राथमिकता दिनु भनी उल्लेख गरिएको छ। राजनीति तथा रोजगारमा प्राथमिकता तथा कोटा प्रणालीलाई प्राथमिकता दिनु पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने जसमा मगर, लिम्बू, गुरुङ्ग, राई, घर्ती लगायतका जाती पर्दछन्।

नेपालमा जनजातीको विकास तथा अध्ययन अनुसन्धानका लागि वि.स. २०५४ सालमा गणित राष्ट्रिय जनजाती समिति ६१ र सन् २००१ को राष्ट्रिय जनगणनाको ५९ प्रकारका जनजाती सुचिकृत रहेका छन्। नेपालको अन्तरिम संविधान २०६३ को भाग १ धारा ५ अनुसार नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्रिय भाषाहरु हुन्। २०४७ को संविधानमा जातीय विभेदलाई प्रषय दिनु, हिन्दु राज्य घोषणा गर्नु, जातीय पर्वमा बिभेद रहेकोछ। आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ गठन भइ जनजातीको हितको लागि काम गर्नु। पन्चायत कालमा राष्ट्रिय र राष्ट्रबादको नाममा हिन्दु

संस्कृती र खस भाषालाई प्राथमिकता दिनु । सन् २००९ मा डा. ओम गुरुङ्गको संयोजकत्वमा आदिवासी जनजातिहरु सुचिकरण, सुचिकृतहरुलाई पुन वर्गीकरण गरि ८१ वटा आदिवासी जनजातीहरु तयार गरियो । २००२ मा आदिवासी जनजाती उत्थान प्रतिष्ठान गठन गरियो । प्रजातन्त्र र गणतन्त्र आयपछी नेपालमा जनजातीको अधिकार, पहिचान आदिलाई संरक्षण गरिनु र समावेशी र समानुपातिक सिद्धान्तको आधारमा प्राथमिकता दिनु(मुलिकी ऐन २०२१)।

विभिन्न समाजशास्त्रीय भनाइहरुलाई अवलम्बन गर्दैमाथि उल्लेखित सामाजिक परिवर्तनका सुचकहरुलाई ध्यानमा राखी प्रस्तुत शोध अध्ययनमा उपभोक्ता विचार अभिव्यक्तिलाई मात्र नलिई सम्वन्धित क्षेत्रका व्यक्तिहरुसंग यस अध्ययनको बारेमा धेरै कुराहरु जम्मा गर्ने प्रयास गरिएको छ । यस सम्बन्धित शिर्षक अन्तर्गत यस अध्ययन क्षेत्रमा हुन लागेको यो पहिलो अध्ययन हो । त्यसैले आजसम्म प्रकाशित भएका पुस्तक, लेख, रचना, आदिलाई सहायक स्रोतको रुपमा राखी अध्ययन क्षेत्रका व्यक्तिहरुको अन्तर्वार्ता र जान्ने सुन्ने व्यक्तिहरुसंग भएका कुराकानीलाई मुख्य स्रोत मानी शोध कार्य पूरा गर्ने प्रयास गरिएको छ । यस अध्ययनले थालाजुङ्ग गा. वि. स. को गुरुङ्ग जातीहरुको सामाजिक अवस्थाबारे चासो राख्ने जोसुकैलाई जानकारी दिने छ भन्ने विश्वास गरिएको छ।

## २.४ अवधारणात्मक ढाँचा

गुरुङ्गहरुको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्थालाई बुझ्न सामाजिक भूमिका शिक्षा, उनिहरुको पेशा भु-स्वामित्व, वार्षिक आय, श्रम विभाजन, आम्दानी जस्ता विषयमा अध्ययन गरि यसबाट प्राप्त नतिजाको आधारमा उनिहरुको जिवनमा परेको प्रभाव र उत्थानका लागि सम्बन्धित निकायमा नीति निर्णय तथा कार्य गर्न सिफारिस गर्न सकिने हुँदा यो शोधपत्र तयार पारिएकोछ । वास्तविक अध्ययनले विषय वस्तुलाई पूर्णता दिने र फलतः गुरुङ्गहरुको सामाजिक संगठन, शैक्षिक स्थिति, आर्थिक अवस्था र सास्कृतिक अवस्था पहिचान गरि उनिहरुको अवस्थाको जानकारी लिई सकारात्मक पक्षबाट यसलाई लागू गर्नु जरुरी छ।परम्परागत कृषि प्रणालीबाट आधुनिकता तर्फ उनिहरुको सोचाइ अगाडी बढ्दै गएको पाइयो ।

# अध्याय-तिन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

कम समय र सिमित स्रोत र साधनलाई परिचालन गरी अध्ययन अनुसन्धान गर्नुपर्ने भएकोले भौगोलिक दृष्टिकोणलाई मध्यनजर गरी गोरखा जिल्लाको थालाजुङ गा.वि.स.लाई अध्ययन क्षेत्र छनोटको रुपमा लिइएको छ । यस गा.वि.स.का वडा न.१,२ र ३ मा बस्ने सिमित गुरुङ्गहरुमा क्षेत्र छनोट गरिएको छ । यस गा.वि.स.मा बसोबास गर्दै आएका प्राय जसो गुरुङ्ग जातीहरु अन्य ठाँउबाट बिस्थापित भएर आएका हुन र गुरुङ्ग जातीकोबसोबास पछि थालाजुङ्ग गा.वि.स का अन्य जातीको तुलनामा गुरुङ्ग जातीको सामाजिक र सांस्कृतिक अवस्थामा तिव्र परिवर्तन आएको देखिएकोले यस यस गा.वि.स लाई नै अध्ययन क्षेत्रको छनोट गरिएको हो ।

## ३.२ समग्रता र नमूना छनोट

गोरखा जिल्लाको थालाजुङ गा.वि.स. अध्ययन क्षेत्रको रुपमा रहने छ । यस थालाजुङ गा. वि .स. को जम्मा जनसंख्या २७२५ रहेको छ त्यसमध्ये पुरुषको संख्या १२४० र महिलाको संख्या १४८५ रहेको छ ।  यस गा.वि .स. मा जम्मा ६८१ घरधुरी रहेका छन् । जसमध्ये ३६० घरधुरीमा गुरुङ्ग १५५ घरधुरी अन्य ११७ घरधुरी दलित र ४७ घरधुरी बराम, मगर तथा तामाङ रहेका छन् ।यस गा.वि.स.मावडा न.१ मा ४३, वडा न.२ मा ३५ र वडा न.३ मा ३७ गुरुङ्ग घरधुरी रहेका छन् ।यस गा .वि.स. मा रहेका ३६० घरधुरी मध्ये ६० घरधुरी संभावना रहित नमुना छनोट अन्तर्गत उद्देश्य पूर्ण नमूना छनोटबाट गरिएको छ । ती ६० घरधुरीलाई सम्पूर्ण गुरुङ्गहरुको प्रतिनिधित्व हुनेगरी तिनिहरुको सामाजिक, सास्कृतिक परिवर्तन र निरन्तरता सम्बन्धि जानकारी लिने उद्देश्यले तिनिहरुको छनोट गरिएको छ । यस गा.वि.स. मा रहेका ३६० घरधुरी नै यस अध्ययनको समग्रता हो । ६० घरधुरी छानीसके पछि मैले एक एक जना घरमुली  छाने र प्रश्नको उत्तर दिन सक्नेलाईअर्न्तवातालिए ।

## ३.३ तथ्यांकको श्रोत र प्रकृति

यस अध्ययनको लागि तथ्यांक गुणात्मक र मात्रात्मक दुवै प्रकारका रहने छ।तथ्यांक लिने काम प्राथमिक र द्बितीय श्रोतबाट पनि लिइएकोछ।तथ्यांक सङ्कलन सामाजिक अनुसन्धान कार्यमा महत्वपूर्ण भएको र सङ्कलन गरिएका तथ्यांकहरुलाई आधार मानी त्यसको विश्लेषण गरिएको हुँदा तथ्यांक नभै अनुसन्धान कार्य अधुरो हुन जान्छ।त्यसैले दुई किसिमका स्रोतबाट तथ्यांक प्राप्त गरिएको छ।यसैगरी प्राथमिक रद्बितीय स्रोत गरि २ प्रकारका स्रोतहरुलाई यसमा समावेश गरिएको छ।

प्राथमिक सूचनाहरु सङ्कलन गर्दा अध्ययन कर्ता स्वयं अध्ययन क्षेत्रमा गई सङ्कलन गरिएका तथ्यांकहरु प्राथमिक तथ्यको रुपमा रहेका छन् ।यसमा अध्ययन क्षेत्रसंग सम्बन्धित विषयको जानकारी व्यक्ति,नमूना छनोटमा परेका उत्तरदाताहरुसंग प्रत्येक्ष सम्पर्क राखी तालिका सूचीको विवरण लेखी अन्तरबार्ता तथा साधारण अवलोकनको तरिकाबाट संकलित तथ्यांकलाई अनुसन्धानमा विश्लेषणात्मक ढंगले उपयोग गरिएको छ।अनुसन्धानकर्ता प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा उपस्थित भई आफ्नै निगरानीमा सङ्कलित सूचना तथा तथ्यांकहरु प्राथमिक स्रोतबाट सङ्कलित तथ्यांक भएकोले अध्ययनलाई बढी विश्वसनीय बनाउन सहयोग गर्नेछ ।प्राथमिक स्रोतबाट मात्र सामाजिक अनुसन्धानका सबै कार्यहरु पूरा नहुने साथै सबै तथ्यांकहरु प्राप्त गर्न सकिने भएको कारणले,अन्य आवश्यक सूचनाहरु प्राप्त गर्न विषयसंग सम्बन्धित प्रस्तावनापत्र,किताब ,पत्रपत्रिकाहरुको साहयता लिइएकोछ।

## ३.४ तथ्यांक सङ्कलन विधि तथा उपकरण

यसअध्ययनको लागि आवश्यक पर्ने तथ्यांकहरुलाई प्रश्नावली,अवलोकन र अन्तर्वाता विधि अपनाई सङ्कलन गरिएकोछ।सूचनाहरु सङ्कलन गर्दा गुरुङहरुको पहिचान सम्बन्धि सामान्य तरिकाको सङ्कलन गरिएकोछन् । जसले गुरुङहरुको सामाजिक,आर्थिक सांस्कृतिक पक्षसंग सम्बन्ध राख्दछन । प्राथमिक र द्बितीय स्रोतबाट संकलन गरिएका तथ्यांकहरुबाट निकालिएका प्राप्तिहरुलाई विभिन्न शिर्षक थाहा उपशिर्षक अन्तरगत क्रमबद्द रुपमा संगठित तथा विश्लेषण गरिएको छ। तत पश्चात प्राप्तिहरुलाई पूर्वसाहित्यको अध्ययन र सिद्धान्तसंग जोडेर विश्लेषण गरिएको छ।उक्त तथ्यांकहरु

गुणात्मक भएकोले व्याख्यात्मक प्रक्रियाबाट सूचनाको प्रस्तुतीकरण गरि अर्थ निकाल्ने प्रयास गरिएकोछ।

### ३.४.१ अवलोकन

पाँच दिनको स्थलगत सर्वेक्षण गर्दा प्रत्यक्ष अवलोकन द्धारा घर तथा बस्तीको बनावट, पारिवारिक स्थिति, भेषभुषा, खाद्य तथा पेय बस्तु घरेलु सामग्रीहरु, चाडपर्वहरु एंव उत्सवहरु, धार्मिक स्थलहरु आदि जस्ता पक्षहरुसँग सम्बन्धित सूचना संकलन गरी यसै शोधपत्रमा समावेश गरिएकोछ । त्यसैगरी यस क्षेत्रका समाजसेवी, बुद्धिजीवी, प्राध्यापक, राजनैतिक नेतृत्व एंव विभिन्न पेशामा संलग्न अनुभवी र जानकार व्यक्तिसँग सूचना समग्रीहरु प्राप्त गरी शोधपत्रमा समावेश गर्ने प्रयास गरिएको छ

यस विधिबाट गुरुङ्गहरुको लवाई,खवाई,रहनसहन आदिको अवस्था,दैनिक क्रियाकलाप तथा उनीहरुको काम र त्यसको विद्यमान परिस्थितिको बारेमा जानकारी प्राप्त हुने भएको हुँदा अध्ययनकर्ताले नमूना छनोटमा परेका उत्तरदाताहरुको वास्तविक अवलोकन गरि विषयवस्तुको जानकारी लिइनेछ।लक्ष्य र उद्देश्य स्पष्ट हुनुपर्ने योजना सहितको घटनाको प्रत्यक्ष अवलोकन स्वयं कार्यक्षेत्रमा उपस्थित भई आँखाले प्रत्यक्ष देखेको कारण सूचना र सत्यतामा विश्वास रहेको हुन्छ।अवलोकनका लागी समग्र क्षेत्रको अध्ययन सम्भव नहुने भएकोले नमूना छनोटको आवश्यक पर्दछ।नमूना छनोट भएको ठाउँमा पुगि अवलोकनकर्ताले सुक्ष्म र व्यापक अध्ययन गर्दछ।नयाँ नयाँ तथ्यहरु र ज्ञानको प्राप्ति पनि अवलोकन उद्देश्य रहेको हुन्छ।

### ३.४.२ जानकार व्यक्तिहरुसंगको अन्तर्वार्ता

अवलोकन बाट संकलित सूचनालाई थप पुस्ट्याई गर्नको लागि १० जना (समाजसेवी, गुरुङ्ग समाजका प्रतिनिधि, स्वास्थ्य स्वयम् सेवीका, गा.वि.स सचिव, तथा राजनैतिक दल) मुख्य जानकार व्यक्तिहरु सँग अर्न्तवार्ता लिइको थिए । उक्त व्यक्तिहरुलाई कुनै सूचि नबनाई अनौपचारिक तरिकाबाट अर्न्तवार्ता तथा सोधपुछ गरिएको थियो ।

### ३.५ अनुसन्धान ढाँचा

यस अध्ययनको ढाँचा मुख्यतया वर्णानात्मक रुपमा लिइने छ । जातीय सस्कृतिको अध्ययन गर्दा गुरुङ्ग जातीहरुको ऐतिहासिक विवेचना गर्नुपर्ने हुनाले अनुसन्धानमा ढाँचा ऐतिहासिक र विश्लेषणात्मक पनि लिइने छ । अध्ययन क्षेत्रका गुरुङ्ग जातीको पहिचानबारे अध्ययन गर्दा यहाँका गुरुङ्गहरुको सामाजिक, आर्थिक र तिनीहरुको संस्कार आदिको वर्णनात्मक तरिकाले अध्ययन गरिनेछ । समाजमा आएको परिवर्तन र कारणहरु अध्ययन गर्न विश्लेषणात्मक र ऐतिहासिक ढाँचा अपनाइने छ ।

### ३.६ तथ्यांकको प्रस्तुति र विश्लेषण

सम्बन्धित आवश्यक जानकारी सङ्कलन गरिनेछ । यसरी विभिन्न तरिकाहरुबाट सङ्कलित तथ्यहरुलाई गुणात्मक विश्लेषण गरिनेछ भने संख्यात्मक तरिका अन्तर्गत पनि विभिन्न श्रोतबाट आएका तथ्यहरुलाई तालिकाका आधारमा विश्लेषण गरि निष्कर्षमा पुग्न खोजिने छ । तथ्यांकहरुलाई तालिका,चार्ट र प्रतिशातमा देखाइने छ ।

### ३.७ अध्ययनको सीमा

यस अध्ययनको लागि थालाजुङ गा.विस. मा बसोबास गर्ने अन्य जातीहरुको अध्ययन नगरी वडा नं. १, २, ३ वडामा बस्ने ६८१ कुल घरधुरी मध्ये६० घरधुरी बाहेक अन्य घरहरुको अध्ययन गर्न सकिएको छैन ।

कम समय र स्रोतलाई परिचालन गरी अध्ययन गरिएकोछ । गुरुङ्ग जातीको विभिन्न पक्षलाई तथा सम्पूर्ण गुरुङ्ग जातीको अध्ययन गर्न नसकिने भएकोले एउटा सीमित क्षेत्रलाई मात्र मुख्य जोड दिएर यो अध्ययन गरिएको छ । तसर्थ गोरखा जिल्ला थालाजुङ्ग गा.वि.स. लाई मात्र अध्ययन क्षेत्रको रुपमा छनोट गरी गुरुङ्ग जातीको पहिचान बारे अध्ययन गरिएको छ ।

यस अध्ययनको लागि धेरै समय र खर्च लाग्नै भएको कारण अध्ययनलाई छोटो पारिएको छ । प्रकाशित पुस्तक पत्रिका आदिको अभाव र स्रोत व्यक्तिको कमीको कारणले अध्ययनको निश्चित सीमा निर्धारण गरिएको छ । यस अध्ययनले देशका सबै गुरुङ्गहरुको सबै पक्षलाई समेटेको छैन ।

# अध्याय-चार

## अध्ययन क्षेत्रको अवस्था

### ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

थालाजुङ गा.वि.स. नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गोरखा जिल्लामा अवस्थित एक गा.वि.स हो । यो गा.वि.स समुन्द्री सतह देखि १९२५ मिटरको उचाईमा रहेको श्रीनाथ मन्दिर र सिरान्चोक डाँढाको दक्षिणि भागमा अवस्थित छ । यस गा.वि.स को पूर्वमा गाँसु, श्रीनाथकोट, जौवारी गा.वि.स पश्चिममा लम्जुङ जिल्लाको भलायखर्क गा.वि.स उत्तरमा केराबारी र लम्जुङ जिल्लाको कोल्की गा.वि.स र दक्षिणमा हर्मि र छोप्राक पर्दछ । भौगोलिक आधारमा यस गा.वि.स मा २८$^{0}$०५' उत्तरी आक्षांश २८$^{0}$०९' दक्षिणि आक्षांश सम्म र ८४$^{0}$२२'५५" पूर्वि देशान्तर देखि ८४$^{0}$३६'२२" पूर्वि देशान्तर सम्म ३१.३८ वर्ग कि.मि क्षेत्रफल फैलिएर करिब ८०० मिटर उचाई देखि १९२५ मिटर उचाइसम्म फैलिएर रहेको छ । थालाजुङ गा.वि.स मा ६८१ घरधुरी रहेका छन जसमध्ये ३६० घरधुरी गुरुङ्ग १५५ घरधुरी अन्य, ११७ घरधुरी दलित र ४७ घरधुरी बराम मगर तथा तामाङ रहेका छन् । यस गा.वि.स को कुल जनसंख्या २७२५ रहेकोछ । जसमा १२४० महिला र १४८५ जना पुरुष छन् ।

#### ४.१.१ हावापानी तथा वनस्पति

भौगोलिक सिमानाभित्र थुप्रै प्राकृतिक विभिन्नताहरु इा गा.वि.स भित्र पाइन्छन । यहाँ समशीतोक्ष्ण खालको हावापानी र अर्धयष्ण प्रकारका हावापानी पाइन्छ । यस गा.वि.स को हावा पानी समशितोष्ण प्रकारको रहेकोछ । यहाँ मनसुनी वर्षा असारको पहिलो हप्ता देखि सुरु हुन्छ र भदौसम्म रहन्छ । जाडोको मौसम कार्तिकबाट सुरु भएर फागुनको आधासम्म रहन्छ । थालाजुङ गा.वि.स लाई अलग्ग हेर्ने हो भने खेतीबारी खोलानालाले घेरीएको देखिन्छ । यद्यपी यसभित्र बीच बीचमा थुप्रै खेतीयोग्य जमिन प्रशस्त रहेकोछ । यहाँ कटुस ६५% लालिगुराँस ९% सल्ला, ७% अंगेरी, ६% अन्य उत्तिस, ओखर, चिलाउने, ओल्चे आदि गरेर १३% रहेको देखिन्छ । आर्थिक आर्जन गर्न सकिने वनस्पतिहरुमा जटामसी, मुसली, कुरिल्लो, अलैची, निगालो, बाँस, चिया र अमरिसो खेतिको राम्रो सम्भावना रहेको छ ।

### ४.१.२ शिक्षा र स्वास्थ्यको अवस्था

यस क्षेत्रको शैक्षिक अवस्थालाई हेर्दा शैक्षिक गतिविधि कहिले थालनी भयो भनेर सहजै भन्न सकिदैन तापनि अनौपचारीक शैक्षिक गतिविधिको थालनी प्राचीन समयदेखिनै भएका तथ्यहरु फेला पार्न सकिन्छ। गोरखा जिल्लामा शिक्षा क्षेत्रमा स्तरीय शिक्षा प्राप्त गर्नेहरुको जिल्ला मध्ये एक हो। गोर्खाली दक्ष जनशक्ति प्राय देशको जुनसुकै क्षेत्रमा पनि पाइनछन। “२००७ साल प्रजातन्त्रको उदय भए पश्चात यस जिल्लामा विद्यालयहरु प्रशस्तै खोलिएका छन् जसको कारण शिक्षा क्षेत्रको हिसाबले थालाजुङ गा.वि.स अगाडी नै रहेको पाइन्छ। यहाको साक्षरता ७३.१% रहेको छ ”।

यस गा.वि.स भित्र विभिन्न सरकारी विद्यालयहरुले शैक्षिक क्षेत्रमा जनतालाई शिक्ष प्रदान गरिरहेका छन् यस गा.वि.स भित्र मा.वि. २ वटा र प्रा. वि. ६ वटा सञ्चालनमा रही यस क्षेत्रको जनतालाई शिक्षा प्रदान गरि रहेका छन। उच्च मा.वि खोल्ने प्रक्रियामा त्याँहाका बासिन्दाहरु सक्रिय रुपमा लागि परेकाछन्। शिक्षाको अनुपातमा स्वास्थ अवस्था भने त्यति राम्रो छैन तापकनि यस गा.वि.स भित्र विभिन्न स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएको पाइन्छ। त्याहाँ उप-स्वास्थ्य चौकी १, मेडिकल पसल ३, आयुर्वेदिक कम्पनी १, प्रविधिक शिक्षण केन्द्र २ रहेका छन।

गोरखा राजधानी काठमाडौबाट १४१ कि. मि. पश्चिममा पर्दछ। यहाँ विभिन्न क्षेत्रमा साना तथा ठुला यातायातका साधनले सेवा पुराइरहेका छन्। नगर क्षेत्रका बासिन्दालाई सडकको अभिवृद्धि गर्नको लागि अन्य सडकहरु पनि आवश्यक छन्। बढ्दो बिकाससंग यातायातको विस्तार पनि भएको छ। यस क्षेत्रभित्रमा जम्मा १२९.२५ कि. मि. सडक निर्माण भएको छ। जसमध्ये २० कि. मि. कालोपत्रे, ४९.७५ कि . मि . ग्राभेल तथा ५९ कि. मि. कच्ची तथा ग्रामीण सडक रहेका छन्। गा. वि. स. भित्र पक्की सडक उपयोग गर्ने मानिसहरू १५.७ ५, ग्राभेल ८९ ५, धुले तथा कच्ची बाटो ३१.४ ५ गोरेटो ४ ५ प्रयोग भएका छन्र यस गोरखा जिल्लाको थालाजुङ क्षेत्रभित्र सञ्चारको बिकास भएको पाइन्छ। यसले विकासमा महत्वपूर्ण विकास गरेको छ भने जिल्लाका अन्य गा. वि. स. हरुमा पनि सुविधा पुर्याएको छ। हुलाकको सुविधा भने त्यति प्रभावकारी देखिएको छैन।

### ४.१.३. यातायात तथा सञ्चारको अवस्था

गोरखा राजधानी काठमाडौंबाट १४१ कि.मि. पश्चिममा पर्दछ। यहाँ विभिन्न क्षेत्रमा साना तथा

ठूला यातायातका साधानको सेवा पुऱ्याई रहेका छन् । नगर क्षेत्रका बासिन्दालाई सडकको अभिवृद्धि गर्नको लागि अन्य सडकहरु पनि आवश्यक छन् । बढ्दो विकाससँग यातायातको विस्तार पनि भएको छ । यस क्षेत्रभित्रमा जम्मा १२९.२५ कि.मि. सडक निर्माण भएको छ । जसमध्ये २० कि.मि. कालोपत्रे, ४९.७५ कि.मि. ग्राभेल तथा ५९ कि.मि. कच्ची तथा ग्रामीण सडक रहेका छन् । गा.वि.स. भित्र पक्की सडक उपयोग गर्ने मानिसहरु १५.७%, ग्राभेल ८९%, धुले तथा कच्ची बाटो ३१.४%, गोरेटो ४% प्रयोग भएका छन् र यस गोरखा जिल्लाको थालाजुङ क्षेत्रभित्र सञ्चारको विकास भएको पाइन्छ । यसले विकासमा महत्वपूर्ण विकास गरेको छ भने जिल्लाका अन्य गा.वि.स.हरुमा पनि सुविधा पुऱ्याएको छ । हुलाकको सुविधा भने त्यति प्रभावकारी देखिएको छैन ।

गोरखाका मानिसहरु, धर्मकर्ममा विश्वास गर्दछन् । परापूर्वकाल देखि नै यस नगरपालिकामा बनेका आठ मन्दिरहरुको अवस्था रामो रहेको पाइन्छ । अन्य धर्म मान्ने मानिसहरुले पनि हिन्दु धर्म संस्कारप्रति आदर गर्दछन् । यहाँका विभिन्न ठाउँहरुमा पहिलेदेखि नै मन्दिरहरु बनेका छन् र वर्तमान समयमा पनि मन्दिर, चौतरा निर्माण गर्ने, मर्मत गर्ने र धर्मप्रति नयाँ खालको चेतना जगाउने कार्य भइरहेको छ । यसको साथसाथै बिरिमकाली मन्दिर, चौघेरा दरबार, राधाकृष्ण मन्दिर, गणेश मन्दिर, हनुमान ढोका, ठूलो आँगन, सामेश्वर मन्दिर, नामरुढ देवी विद्या मन्दिर, पश्चिम काली मन्दिर र सरस्वती मन्दिर शिवालय मन्दिरहरु तथा अन्य देवी देवताका मठ मन्दिर र धार्मिक स्थलहरुको प्रसिद्धि पाएका छन् । नेपाल एकीकरण पश्चात् पनि यहाँका धार्मिक स्थलहरुको महत्वमा कुनै कमी आएको पाइँदैन । यी विभिन्न तीर्थथलहरुको धार्मिक अवस्था बारेमा जान्ने प्रशस्त अवसर मिल्दछ ।

### ४.१.४. जातजातीको आधारमा जनसंख्या

समाजको निर्माण विभिन्न जात जातीहरु मिलेर बनेको हुन्छ । विभिन्न जात जातीहरुको आ-आफ्नै संस्कृति परम्परा हुन्छ । जस्तोसुकै परम्परा भए तापनि समाजमा बस्ने मानिसहरु एक आपसमा एकता भएर रहेका हुन्छन् । यस गा.वि.स.को समाज पनि आफ्नै किसिमको छ । यहाँ बस्ने मानिसहरु परापूर्व कालदेखि नै आ-आफ्नो संकृतिलाई असाध्यै मान्ने गर्दछन् । यस गा.वि.स.को कुल जनसंख्या जातीय आधारमा प्रतिशतमा निम्न अनुसार रहेकोछ ।

**तालिका १**

**जातजातीको विवरण**

| क्र.सं. | जातजाती | प्रतिशत |
|---|---|---|
| १. | गुरुङ्ग | ४० |
| २. | बराम | १६.८८ |
| ३. | क्षेत्री | ४.६ |
| ४. | मगर | १५ |
| ५. | नेवार | २ |
| ६. | कामी | ३.७४ |
| ७. | ब्राह्मण | ३ |
| ८. | तामाङ | १ |
| ९. | अन्य | १२.७८ |
| | **जम्मा** | **१००** |

*स्रोतः गा.वि.स. प्रतिवेदन, २०७३*

यसै गरी यस थालाजुङ गा.वि.स. समा. बसोबास गर्ने ८८.४१% मानिसहरु नेपाली भाषा बोल्दछन् भने बाँकी अन्य भाषा बोल्दछन् । गुरुङ्ग ४०%, मगर १५%,क यस गा.वि.स.भित्र बसोबास गर्ने प्रमुख जाती गुरुङ्ग हुन् । यहाँका मानिसहरुले हिन्दु धर्म ८८.८९% मान्दछन् । यसका अतिरिक्त बौद्ध धर्म ७.७७%, इस्लाम ०.०३%, क्रिष्टियन २.०३%, धर्म मान्ने मानिसहरु पनि भेटिन्छन् तर यहाँका अधिकांश सम्पूर्ण बासिन्दाहरुमा हिन्दु संस्कार र परम्पराको गहिरो छाप परेको छ । हिन्दु धर्मग्रन्थमा प्रचलित सोह्र संस्कार र धर्म काण्डहरुको पालना यहाँका मानिसहरुले गर्दछन् । यस नगरपालिका क्षेत्र भित्र मनाइने चाडपर्वहरुमा तिज, बडादशैं, तिहार, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, नाग पञ्चमी र एकादशी आदि पर्दछन् । विभिन्न चाडपर्वहरुमा स्थानीय मन्दिरहरु लगायत महत्वपूर्ण स्थलहरुमा मानिसहरु भेला भएर रमाइलो गर्ने गर्दछन् ।

यस क्षेत्र भित्रका साँस्कृतिक लोक परम्परारु मध्येका प्रमुख चाडपर्वहरुमा पञ्चेबाजा तालको नाच, लाखेनाथ, भजन, रोपाइ नाच, रत्यौली नाच र घाटुनाच प्रमुख छन् । त्यस्तै गीतहरुमा झ्याउरे,

असारे गीत, भदौरे वा तिज गीत, तिहारको भैलो र देउसी आदि प्रचलित छन् ।

विभिन्न समयमा मनोरञ्जनका बेला बजाइने बाजाहरुमा मादल, खैंजडी, पञ्चेबाजा प्रचलित छन् । यहाँका मानिसहरुले धान, मकै, कोदो, गहुँको रोटी, ढिडो, मकैको ढिढो र भात खाने गर्दछन् । गरिब परिवारका मानिसहरु कोदोको ढिडो बढी मात्रामा खाने गर्दछन् । यहाँका मानिसहरु कोही कृषिमा आधारित छन् । खेतीपाती गर्नु र पशुपालन यहाँको प्रमुख पेशा हो । सहरी क्षेमा बाहेकका क्षेत्रमा मानिसहरु पशुपालनमा भैसी, गाई, बाख्रा, गोरु र कुखुराहरु पाल्ने गर्दछन् । यस क्षेत्रमा पनि हाल आएर बिदेश जाने प्रचलन अत्याधिक मात्रमा बढेको छ । आवतित संस्कृतिले यहाँका संस्कृति पनि सङ्कटमा पर्न थालेको पाइन्छ ।

## ४.२. अध्ययन क्षेत्रका गुरुङ्ग जातीको ऐतिहासिक पृष्ठभूमि

गुरुङ्गको शाब्दिक अर्थ हेर्ने हो भने यो 'गुरु' भनिएको थियो (स्थानिय बासिन्दा पूर्णबहादुर गुरुङ्ग)राई लिम्बुका पुर्खाले नेपालका हिमाल जनसंख्या (व्यक्ति) को व्याख्या गरेका छन् । जसअनुसार सर्वप्रथम ती मानिसहरु तिब्बतबाट नेपाल आएका थिए । जसको नाउँ मनाइनुवा थियो । उसको २ वटा छोरा थिए । त्यस मध्ये एउटाको नाउँ गुरुपा थियो । उसलाई गुरुङ्गका पुर्खाहरु भनिन्छ (स्थानीय बासिन्दा पुर्ण बहादुर गुरुङ्ग, २०७३) ।

### ४.२.१. गुरुङ्ग जातीको उत्पति

गुरुङ्गको वंशावली भन्ने पुस्तकअनुसार गुरुङ्गहरु सूर्य वंशका वंशजहरु हुन् जसको गोत्र भारद्वाज हो । कन्नौजको बुंदेलखण्डमा शेरचन नामक व्यक्तिले शासक भइ शासन चलाएका थिए । त्यसैबेलादेखि उनका सन्तानले चन्द भन्ने पदवी पाउन थालेधैरै समयपछि त्यहीँ चन्द थर गरेका महाचन्दले आफ्नो जात गुमाए र साथै जनै फाली रक्सी खान थाले र नोकर सरह भए । यसरी गुरुङ्ग जातीको उत्पत्ति भयो (सुवेदी, सन् १९५१) । अन्य विद्वानहरुको भनाईसँग तुलना गरेर हेर्दा गुरुङ्गहरुको अग्रज शासक नै भएको कुरा केही हदसम्म विश्वास गर्न सकिन्छ तर गुरुङ्ग जातीको उत्पत्तिबारे यो भनाई अपूर्ण देखिन्छ गुरुङ्ग जाति म्हिनकंगी, घले र तोयन ३ वटा मिश्रित जातीको उत्पादक हो ( गुरुङ्ग,२०३४) । यसरी माथि जे भनिए तापनि हामीसँग यथेष्ट रुपमा त्यस सम्बन्धी विचार उत्पत्तिको बारेमा ऐतिहासिक

सामग्रीको अभावको कारणले गर्दा यही नै गरुङ्गको उत्पत्ति हो भन्ने आधार भेट्टाउन सकेको छैनौं । बाईसे चौविसे राज्यको पालामा कास्कीका राजा हिन्दू धर्म मान्दथे । त्यसैबेला एउटा जाती भारतबाट नेपाल आई काली नदीको पश्चिममा बस्दथे जुन मुख्य रुपमा मगर, गुरुङ्ग, नेवार, किराँत, लिम्बुहरु थिए यसै परिप्रेक्ष्यमा पढे लेखेका गुरुङ्गले हामी हिन्दू जातीका सन्तान हो भन्ने समेत गरेको पाइन्छ । गुरुङ्गहरु उत्तरी भेगबाट नेपाल पसेका भन्ने कुरा तिब्बतीयन मंगोलियनहरुसँग गुरुहरुको शारीरिक बनावट, भाषा, भेषभूषा जीवनशैली पनि मिल्ने हुनाले पुष्टि मिल्दछ ।

शाही राजाले तिमीहरु राजदुत हौ, तर तिम्रो पुरेहित नोचनले ३ राजाको घेरामा पर्दा घलेसँग मिल्यो भने आफ्नो काँधको जनै झिकी कालीको बेनीमा सेलायो । कुल धर्मलाई छाडी कया फाली सक्यो । गुरुङ्ग भनेको त ब्राह्मणले शिक्षादीषा दिंदा दिनेलाई भनिन्छ । त्यसकारण तिमीहरुलाई गुरु बनाउन हुँदैन । चन्द्रविन्दु थपेर रुँ गर्नुपर्छ भनी त्यसपछि मात्र रु हुन गएको थियो । त्यसबाट अपभ्रंस हुन गई आजा गुरुङ्ग हुन गएको छ । (योगी नरहरिनाथ र कृष्ण बहादुर गुरुङ्ग, २०२०) अहिले गुरुङ्ग जाती देशमा चारैतिर छरिएर बसेका छन् । तथापि मुख्य ठाउँहरुमा गुरुङ्गको बस्ती अझै पनि घना रुपले रहेका छन् ।

### ४.२.२. गुरुङ्गहरुको इतिहास

गुरुङ्गहरुको प्राचीन इतिहासको बारेमा एकदमै कम मात्र जानकारी प्राप्त गर्न सकिएका छन् । तैपनि गुरुङ्गहरुको इतिहासको बारेमा भेटिएका केही विद्वानहरुको विचार देखाउन सान्दर्भिक हुन जान्छ । एउटी अविवाहि आईमाई सावुती क्याल-सा (क्याल भनेको राजा र सा भनेको पृथ्वी हो) दरबार नजिकै तपस्या गरी बस्दथिन् । एकदिन उनले एउटा सपना देखिन् । सपनामा लामा र आफूले यौनचार गरेको देखिन् । साथै उनी गर्भवती पनि भईन् र छोरा पोजकुमारलाई जन्म दिइन् । यो छोरापछि राजा भयो र त्यसपछि उसले विवाह गऱ्यो जुन मुक्ती क्षेत्र नजिकै पर्दछ । त्यसपछि ऊ बसाइँ सराईं हुँदै मनाङ भोट पुग्यो । त्यहाँ क्याहल बो राजा थिए ।ऊ पाजो कारु वल्डे परिवारसाग सम्बन्धित थिए ।

राजा भएपछि क्यायल्बो कयाम बग्राको दक्षिणतर्फ लाग्यो । त्यसपछि ऊ बहोला आयो । त्यसपछि उसका सन्तान पाजो क्लेह सत्तामा आए । उक्त सार्थ क्याहाल वो पाजो राजाले घले उपाधि नयाँ राजालाई दियो । जबकी उनीहरु अहिलेसम्म पनि हिमालको उत्तरपट्टी नै छन् र त्यो दक्षिण

भेगसँग सम्बन्धित छ । २ भाइ दक्षिणतर्फ गए र २ भाइ पूर्वतर्फ लागे र १ भाइ गोर्खातर्फ लागे र अर्को चाहिँ लम्जुङ्ग (घले गाउँ) तिर लाग्यो । अर्को तेस्रो चाहिँले गोरखा (सिकलेख गाउँ) गई बस्न थाल्यो । यस भनाइलाई धेरै हदसम्म विश्वास गर्न सकिन्छ किनभने हालसम्म माथि उल्लिखित स्थानहरुमा गुरुङ्गहरुको बसोबास यथावत रहेको पाइन्छ ।

गुरुङ्गहरु सबै घले शासकबाट सासित थिए, सन्तति वा पूर्वजहरुले नै गुरुङ्ग वंशको अस्तित्व कायम गर्न सकेका छन्ती घले हिमालको उत्तरी भेगबाट आएका छन् । त्यसपछि तिनीहरु सिकलेस गाउँको दक्षिण भेगमा आई बसोबास गर्न थाले र अद्यावधिक पनि छँदैछन् । जुन ठाउँहरु घान्द्रुक, लम्जुङ्ग, गोर्खा हुन् र तिनीहरुले भारतबाट आक्रमण नभई सकुन्जेलसम्म शासन गरी बसेका थिए । ती घलेहरुले त्यहाँका आदिवासीहरुसँग बसी विवाहवारी समेत चलाई आएकोले तिनहिरुबाट जन्मेका सन्तान नै गरुङ्ग समवंशी भनेर मानिन्छ (योगी, २०१२) ।

अर्को घटनाअनुसार अर्घाखाँचीका एक ठकुरी कारणबश भोटमा गई बसेका र त्यही नै उनले अघिको भन्दा नयाँ शासन व्यवस्थाको सूपात गरी जनतालाई सुख शान्ति दिएका थिए । पछि त्यही रस्ती-बस्ती जमाई बसेका हुन सक्छन् । पछि उनी त्यहाँबाट फर्किएर नेपालको उत्तरी भेगमा आएको हुनुपर्छ र यसैलाई अतिरञ्जित किवदन्तीको रुपमा भन्दै र सुन्दै आएको मानिन्छ (गुरुङ्ग, २०३४) । गुरुङ्गहरुको वंशावलिमा अग्रजहरुको नाम पछाडि “चन” भन्ने शब्द जोडिदा यो भनाइसँग सम्बन्ध भएको जस्तो देखिन्छ । तर यति कुरालाई प्रमाण मान्न सकिँदैन ।

त्यस्तै अर्को कथनअनुसार गुरुङ्ग जातीलाई गुरुङ्ग भाषामा तमु भन्दछन् । गुरुङ्ग, लम्जुङ्ग राजाले बक्सेको एउटा उपाधी हो । घले राजाले डावल छोडीबहोलमा आई त्यहाँका म्हिन कुगिसँग मिलेर नयाँ कुरीथि स्थिति वाचा बन्देज बाँधी रजाइँ गर्न थाले । यहाँबाट तमू जातीर तमू संस्कृतिको सुरुवात हुन्छ क्होलमा राजा, प्रजा, भलादमी, भारदार, व्यवस्थापक, कार्यकर्ता सब मिलेर बनाइएको नयाँ विधानलाई सबैले समर्थन गरे, जुन तमू संस्कृतिअनुसार थियो (गुरुङ्ग, २०३४) ।

प्रचलित जन विश्वासका आधारमा सर्वप्रथम गुरुङ्गहरु तिब्बतको दक्षिण भेगबाट नेपालको उत्तरी भेगमा आई बस्न थाले । त्यसरी बस्ने क्रममा उनीहरु हालको गोरखाजिल्लाको सिल्दुजुरे गा.वि.स. अन्तर्गत पर्ने ताङतिङ भन्ने ठाउँबाट (जहाँ लगभग एक बिहानको बाटो हिँडेपछि क्होला भन्ने ठाउँ पुगिन्छ) । त्यस ठाउँमा आउनु भन्दा पहिलेका ती व्यक्तिहरु हाल भारको नागाल्याण्डमा पाइन जाति जस्तै थिए । सबै चिजको मासु खान्थे, नाङ्गै हिँड्न, फिर्ने गर्दथे । कालान्तरमा उनीहरु त्यस क्होला

भन्ने ठाउँबाट कोही सिकलेस, कोही ताङतिङ, कोही मनाङ, कोही गोर्खा, कोही लमजुङ्ग गएका हुन् । त्यसैबेला नै खसहरुको आदि स्थान हो भनेर मानिन्छ । त्यहाँ गएर हेर्ने हो भने अहिले पनि घरमा भग्नावशेषहरु भेटिन्छन् (स्थानीय बयोवृद्ध शेरबहादुर गुरुङ्ग) । हिन्दु विधिअनुसारको वर्णन र मल्लकालीन राजा जयस्थिति मल्लले बाँधेको स्थितिअनुसार गुरुङ्गहरु वर्णाश्रमको घेरामा अटाउन सकेको देखिँदैनन् । किनभने हिन्दु सामाजिक सङ्गठनका मूल आधार वर्ण व्यवस्था अन्तर्गतका जाति होइनन् । तर वि.सं. १९१० सालको जङ्गबहादुर राणाको मुलुकी एने परम्परागत सामाजिक मूल्य र मान्यतालाई कायम राख्न वर्णाश्रम व्यवस्थाको आधारमा नेपालको सबै जातीहरुलाई ४ बर्ण ३६ जातमा विभाजन गरेको थियो । यसको साथै जातीको आधारमा दण्डसजायको पनि व्यवस्था गरिएको थियो ।

सो ऐनको आधारमा उपरोक्त ४ वर्ण ३६ जातअन्तर्गत नेपाली समाजलाई जम्मा ५ भागमा विभक्त गरिएको थियो । ती हुन् तागाधारी, नामासिन्या मतवाली, मासिन्या मतवाली, पानी चल्ने छोइछितो हाल्नु नपर्ने, पानी चल्ने छोइछिटो हाल्नु पर्ने । यी ५ समूहअन्तर्गत गुरुङ्गहरु नामासिन्य मतवाली समूहमा पर्दथे । तर २०२० सालमा नयाँ मुलुकी एनेले भने छूत र अछूत भनी छुट्याउन नपाईने व्यवस्था भएको छ । सबैलाई एकै वर्ग वा समूहमा प्रतिस्थापित गरेको छ । तर आफ्ना कुल परम्परालाई भने असर गरेमा मानिने छैन ।

गुरुङ्ग समाज वा जातीलाई छुट्टै रुपमा व्याख्या गरेअनुसार गुरुङ्गहरुको भान्छामा अरु जाती जात नपाउने । उपाध्याय ब्राह्मण बाहेक अरुले बनाएको खाना नखाने भनेर एउटा सदन गरेका थिए । गुरुङ्गको आफ्नै जातीभित्रको विभाजन भने यथावत नै छ । उक्त जातीको आन्तरिक कलह र खिचातानीलाइ जङ्गबहादुर राणाको पालामा १९२४ सालमा कर्णेल लक्ष्मण गुरुङ्गले अन्त्य गराए पनि व्यवहारिक रुपमा अहिलेसम्म हट्न सकेको छैन । अहिलेको अवस्थामा बढिरहेको आधुनिकीकरण, पश्चिमीकरण, सहरीकरणले भने यस्तो आन्तरिक विवादलाई टुङ्गो लगाउने प्रयास गरेको पाइन्छ । यसरी निष्कर्षमा भन्नु पर्दा गुरुङ्गहरु हेर्दा मंगोलियन वर्गमा देखिने आफ्नै भाषा, धर्म र संस्कृति भएका जाति हुन् भन्ने स्पष्ट हुन्छ । यिनीहरु पनि नेपालमा पाइने अन्य जातजाती जस्तै गुरुङ्गहरु परापूर्व कालमा भोटतिरबाट नेपाल पसी बसोबास गर्न थालेको देखिन्छ ।

### ४.२.३. नेपालको एकीकरणमा गुरुङ्गहरुको योगदान

नेपाल अधिराज्यका राई, लिम्बु, थारु, मगर, थकाली आदि जस्तै गुरुङ्ग पनि एउटा महत्वपूर्ण बासिन्दा हुन् । गुरुङ्ग जातीसित परिचय नपाउने स्वदेशी र विदेशी पनि कमै होलान् । नेपाल अधिराज्यको मेचीदेखि महाकालीसम्म जहाँ गए पनि गुरुङ्गहरु कतै न कतै अवश्य देखिन्छन् । पूर्वी नेपालको रुम्जाटार गाउँमा गुरुङ्गहरुको घनावस्ती पाइन्छ तर तिनीहरुको मूल थलो पूर्व नभई पश्चिम, काली गण्डकीभन्दा पूर्व, हिमालयभन्दा दक्षिण, गण्डकीभन्दा उत्तर भएको देखिन्छ । त्रिशुली र बुढी गण्डकीभित्रको क्षेत्रमा पनि गुरुङ्गहरु निकै पाइन्छन् । गुरुङ्गहरुको सीमारेखा निश्चित गर्न त्रिशुलीभन्दा पश्चिम पनि रहेको पाइन्छ ( गुरुङ्ग, २०३४) । मूलथलो उत्तरी भेक भए पनि अहिलेको वर्तमान अवस्थामा कुनै पनि जातहरुको निवास स्थान यही हो भनेर भन्न सकिने स्थिति छैन । गोरखाजिल्लाका ६६ गा.वि.स., २ नगरपालिका भित्र धेरै गुरुङ्गहरुको बस्ती पाइन्छन् । उनीहरुको पुरानो बासस्थान नभई किकलेस, ताङतिङ, लम्जुङ्ग, घान्द्रुक जस्ता ठाउँहरुमा बसाइँ सर्दै आएका हुन् । प्रत्येक गा.वि.स. जस्तोमा गुरुङ्ग बस्ती रहेका छन् । हाल यस गा.वि.स.मा २५ प्रतिशत जति गुरुङ्गहरु नै छन् । पारिलो ठाउँ, घाँस दाउरा र पानीको राम्रो सुविधा भएको, चरनहरु प्रशस्त भएको ठाउँमा यिनीहरु बसी आएका छन् । ज्यादै समतल पनि नहुने र धेरै उचाई नभएको ठाउँ समेतमा बस्न छाडिसकेको यी जातीहरु शान्तिप्रिय छन् ।शान्त, सुन्दर ठाउँहरुमा नै यिनीहरु बस्न रुचाउँछन् । गाई, भैंसी, भेडाबाखाको लागि घाँसपात होस् भन्नका लागि रुख-विरुवा लगाई त्यही रुख-विरुवाबाट गाई बस्तुलाई घाँसको आपूर्ति र आफूलाई दाउरोको आपूर्ति गर्दछन् ।

गुरुङ्ग सैन्य वा सिपाहीहरुको नेपालको एकीकरणमा ठूलो महत्व रहेकोछ । पृथ्वीनारायण शाहले सङ्गठित गरेको सैन्य दलमा गुरुङ्ग, मगर र खसहरु पनि सामेल थिए । थापा वंशावलीअनुसार विभिन्न नाम र शीर्षकहरुमा गुरुङ्ग उपाधी प्रदान गरिएको थियो । त्यसरी उपाधी प्रदान गरिएका सैन्य उपाधी निम्न थिए : चौतरिया, काजी र सरदार । गुरुङ्गहरुको उपाधी प्रदान गरिएका उच्च पदवी लिएका व्यक्तिहरु निम्न थिए : गुरुङ्ग भानु जैशी, गुरुङ्ग गंगाधर पन्थ, गुरुङ्गचामु पाण्डे, गुरुङ्ग धनन्जय उपाध्याय र गुरुङ्ग नैनानन्द खनाल (गुरुङ्ग, २०४१) । गुरुङ्गहरुको बहादुरी पराक्रमबाट प्रभावित भई अन्य जातिलाई समेत गुरुङ्ग उपाधि दिएको कुरा उक्त वंशावलिमा उल्लेख गरिएकोछ भन्ने धारणा रेग्मीको रहेकोछ

नेपालको एकीकरणको अभियानमा यहाँका प्रत्येक जातजातीले आ-आफ्नो क्षेत्रबाट आ-आफ्नै किसिमको योगदान दिएका थिए । नेपालेको एउटा जातीको नाताले गुरुङ्गहरुले पनि नेपालको एकीकरणमा आफ्नै किसिमको योगदान दिएका छन् । झाँगल गुरुङ्गको योगदानको बारेमा भन्नुपर्दा

पृथ्वीनारायण शाहका कट्टर शत्रु भनेको परुराम थापा हो, उसको बल बढी भएका, चतुऱ्याइँ पनि बढी जान्ने हुदा पृथ्वीनारायण शाहको एकीकरण अभियानलाई बाधा पुऱ्याईरहेको थियो । त्यसको लागि एउटा निडर, निर्भिक व्यक्तिको जरुरत थियो, त्यो कुरा उनले झाँगल गुरुङ्गमा देखेको थिए । श्री ५ पृथ्वीनारायण शाह काठमाडौं उपत्यकाको बिजय अभियानमा लागिरहेको थिए । त्यहीं बेला परशुराम थापाले आफ्नो भाइलाई बाइसी, चौबिसी राज्य उठाई पछाडिबाट गोर्खामा आक्रमण गर्नु भनी पठाए । श्री ५ पृथ्वीनारायण शाहको लागि यो एउटा ठूलो चुनौती थियो ( **गुरुङ्ग, २०४१**) । परशुराम थापाको षड्यन्त्रको सुइँको पाउनासाथ त्यसको प्रतिकारको लागि श्री ५ पृथ्वीनारायण शाह स्वयंले यो काम झागल गुरुङ्गले गर्न सक्ला भन्ने ठहराई एकान्तमा बोलाएर आफ्नो कम्मरको कोताखाना (खुकुरी सहितको पेटी) दिएर गर्नुपर्ने सै काम अह्राए । त्यसपछि श्री ५ पृथ्वीनारायण शाहको आज्ञाअनुसार झाँगल गुरुङ्ग पोखरा पुगी गाइनेको भेष लिई, हातमा बल्छीको टाँगो लिई, काखीमा सारङ्गी लिएर केही धार्नीको शहर माछा लिई परशुरामको भाइको घर गए । शहर माछो उपहार चढाएर परशुराम थापाको भाइलाई रिझाई विश्वास पारी बसे । त्यस्तैगरी एकदिन सबै सैनिकहरु भात खाइरहेको मौका पारी परशुराम थापाका भाइलाई झांगल गुरुङ्गले श्री ५ पृथ्वीनारायणकहाँ आफ्नो बयान सुनाउन आई पुगे ( नयन राज पन्त र अरु, २०२५) । जसले गर्दा पश्चिमी भेगमा एकीकरण गर्न सजिलो भयो ।

त्यस्तै वंश गुरुङ्गको बारेमा त्यस्ते कुरा भेटिन्छ । श्री ५ पृथ्वीनारायण शाहले कान्तिपुर माथि नाकाबन्दी लगाएर यहाँको जनजीवन अस्तव्यस्त पारी दिएका थिए । यो नाकाबन्दी राजा जयप्रकाश मल्ले हटाउन नसक्ने देखि उनले इष्ट इण्डिया कम्पनीको सहयोग मागे । राजा जयप्रकाश मल्लको आह्वानमा आएका इष्ट इण्डिया कम्पनीका क्याप्टेन किनलक जयप्रकाश मल्ललाई सहयोग गर्न भनी बाटोमा आउँदै गर्दा सिन्धुली गढीमा बंश गुरुङ्गको नेतृत्वमा आएको सेनाले आक्रमण गरी फिर्ता पठाई दिएका थिए । हाँडा साहेब घायल भई भागेकाले गर्दा अङ्ग्रेजको पराजय भयो । गोर्खाली सेनाले उनीहरुका हातहतियार समेत आफ्नो कब्जामा लिन सफल भए(नयनराज पन्त,२०२५) । त्यसै हुनाले नेपालको एकीकरणमा बंश गुरुङ्गको पनि ठूलो योगदान छ भनिन्छ । यति मात्र नभई पूर्व मेचीदेखि पश्चिमका युद्ध मोर्चहरुमा गुरुङ्ग सैन्यहरुले नेपालको राष्ट्रिय एकीकरणमा ठूलो आहुतीका साथ बहादुर देखाएक थिए । नेपालको एकीकरणमा मात्र नभई एकीकरण पश्चातका क्रियाकलापमा समेत यिनीहरुको ठूलो योगदान गरी आएको पाइन्छ ।

### ४.३. गुरुङ्ग जातिको सामाजिक अवस्थामा आएको परिवर्तन

गुरुङ्ग समाजमा प्राय: गरेर सबैलाई गुरुङ्ग भनिए तापनि गुरुङ्ग समाजभित्र पनि जातीय विभाजन अन्य जाति जस्तै विभाजित मनस्थितिमा रहेकोछ । कुनै पनि जातीको जातीय इतिहास वा वंशावली हेर्ने हो भने त्यस्ता कुराको पुष्टि मिल्दछ । गुरुङ्ग जातीमा पनि जातीय विभाजन रहेकोछ । जसअनुसार एउटा ठूलो जात भनिन्छ, जसलाई ४ जाते भनिन्छ र यसमा घले, लामा, घोताने, लामिछाने पर्दछन् । यिनीहरुको गोत्र पनि फरक-फरक भेटिन्छन् । वंशावलीअनुसार हेर्दा घले र लामाको एउटै मात्र गोत्र भारद्धाज भनिन्छ, भने लामिछानेको गोत्र वर्ग हो र घोतोनको आत्रेय गोत्र हो । यी गोत्रहरु हिन्दु धर्मअनुसार ऋषिमुनिहरुका नाउँबाट राखिएको र उनै ऋषिका सन्तान भएकोले ऋषिहरुको नाम रहन गएको वा वंशज हुन गएको कुरा वंशावलीले प्रष्ट पारेको छ भनी घ्याब्री (पुरोहित) भिमबहादर गुरुङ्ग बताउनुहुन्छ । हिन्दूहरुको वैदिक परम्पराअनुसार एउटै वंशका सन्तान बीच विवाहवारी चल्दैन अर्थात् एउटै गोत्रमा विवाह हुँदैन ।

विवाह गर्दा फरक गोत्रमा गर्ने गरिन्छ । यो एउटा परम्परा हो र अहिले पनि यथावतै रुपमा व्यवहारमा चली आएको पाइन्छ । चार जाते गुरुङ्गहरुमा लामा र घलेबीच विवाहवारी चल्दैन किनभने यिनीहरु दुवैको गोत्र भारद्धाज हो । त्यस्तै अर्को १६ जातअन्तर्गत धेरै थर भेटिन्छन् जसअनुसार पज्यु, डोर, केपचे, मह्वावृङ, दोचै, पृचै, थिचै, योचै, खुलाल, भषचै, कोकै, कुपचै, नानचै, लेगै, रुपचै आदि । गाउँघरमा बिहेवारी १६ जातसँग नै हुने गर्दछ । विवाह गर्दा गोत्र बाहिर र जातभित्र भए तापनि १६ जाते गुरुङ्गहरुको बारेमा अहिलेसम्म के-के गोत्र हुने भन्ने बारेमा जानकारी पान सकिएको छैन । परम्परागत रुपमा ४ जात र १६ जातको बीचमा विवाहवारी भएको पाइँदैन (स्थलगत अध्ययन भ्रमण, २०७३) । आफैं-आफैं १-२ जना मिलेर हुने विवाह हत त्यस समाजमा मात्र नभई अन्य समाजमा पनि प्रशस्त पाइन्छ तर अहिलेको वर्तमान अवस्थामा बढ्दै गइरहेको सहरीकरण र आधुनिकरणको प्रभावले गर्दा भने यस्तो विभाजन रेखालाई तोड्न थालेको छ ।

गुरुङ्ग जातीहरु आफ्नो स्वास्थ्यको हेरविचार तर्फ ध्यान दिएइएका हुन्छन् । साधारण रोगका लागि गाउँको स्वास्थ्य केन्द्रमा अलि जटिल प्रकारका रोगहरुको लागि ठूला अस्पतालमा गएर उपचार गर्ने गरेको पाइन्छ । यी जातीहरुमा सामाजिक एकता भएकोले गर्दा यिनीहरुको बसोबासमा मेलमिलापको स्थिति देखिन्छ । यिनीहरुका घर गुचमुच्च परेका बाक्ला र सकेसम्म नजिक बनाएर

बसेका हुन्छन् । यी जातीहरुको आफ्नाप्रति बढी इमान्दारिता रहेको हुन्छ र अन्य जातीसँग पनि राम्रै सम्बन्ध कायम रहेको देखिन्छ ।

कृषि यिनीहरुको प्रमुख पेशा पर्दछ जसमा पशुपालन, खेतीपाती, फलफूल खेती केही मात्रामा पर्यटन व्यवसाय तथा सेना प्रहरी आदि पेशामा पनि संलग्न रहेको पाइन्छ । केही मानिसहरु सेना, पुलिसबाट पेन्सनमा बसेको स्थिति पनि छ यी जातीहरुमा प्रत्येक घर केही न केही रोजगारीमा लागेको देखिन्छ । यी जातीहरुमा धेरथोर सबै घरम बारी तथा खेत रहेको पाइन्छ । ऋण सहकारी, बैंक तथा नाता गोताबाट लिएर आफ्नो गुजारा टार्नुको साथै व्यवसाय सञ्चालन गरेको देखिन्छ । आम्दानीको स्रोतमा पशुपालन गरी राडी पाखी बुनेर बेच्ने, नोकरी प्रशासन सेना, पुलिस तथा बैदेशिक रोजगारमा गएर प्रशत मात्रामा कमाइ गरेको देखिन्छ ।

नेपालको सामाजिक संरचनालाई हेर्ने हो भने विभिन्न किसिमका जातजाती र जातीय संरचनाहरु भेटिन्छन् । यसरी बनेको जातीय संरचनामा आफ्नै किसिमका संस्कारहरुले आफ्नो मूल्य र मान्यतालाई दिगो राखी रहेका छन् । यिनै संस्कार, मूल्य र मान्यताले यस जातिको आफ्नो पहिचान जनाउँछ र जनाइराखेको छ । यिनै जातीय संरचनाअन्तर्गतका गुरुङ्ग जाति पनि एक हो, जसका आफ्नै परम्परागत मूल्य र मान्यताहरु पनि छन् । परम्परागत मूल्य र मान्यताका केही वंहरु हराउँदै थपिँदै समेत आएका छन् । कहिले हराएको चिजको खोजी भइरहन्छ भने थपिएका चिजहरुको समाजका सबै पक्षहरुलाई स्वीकार गराउन सकिरहेको पाइँदैन । जस्तै : हेर्ने हो भने गुरुङ्ग जातीमा ४ जात र १६ जातको संरचनाबाट नै गुरुङ्गहरुको जातीय व्यवहार अस्तित्वमा रहिरहेको छ । जातीय कलह समाजको सामाजिक उन्नति र जातीय प्रगतिको लागि समेत हानिकारक हुन गएको छ । भाइ-भाइ, छर-छिमेकमा नराम्रो स्थिति सिर्जना भइरेका छन् । जसले गर्दा आफ्नो जातीय संस्कारअन्तर्गतका कार्यहरु गर्दा समेत प्रतिबन्ध लगाइने गरेको घटना बृद्ध क्याप्टेन भक्तबहादुर गुरुङ्ग बताउनु हुन्छ ।

तर परिवर्तन, सुधार जस्ता कुरालाई केही हदसम्म सन्तुलन ल्याई दिएको छ । छिटपुट अवस्थामा बाहेक समग्रमा भाइचारा सम्बन्ध निकै राम्रो हुँदै गएको छ । आपसमा गल्ती र कमजोरीलाई पहिल्याई साझा समझदारी र कर्तव्यलाई जातीय उन्नतितर्फ अगाडि बढाउन सबै पक्षबाट सकारात्मक कदम अगाडि बढाउन परेको छ, जुन अहिलेको वर्तमान अवस्थाको आवश्यकता पनि हो भन्ने कुरा उहाँ थप्नहुन्छ, किनभने आफ्नो जातीभित्रका सानातिना कुरालाई औंल्याएर, अलग्गिएर बसिरहने हो भने आफ्नो संस्कृतिको विकास र उन्नतिलाई बाधा पुऱ्याउनु बाहेक अरु केहि देखिँदैन । साझा मूल्य र

मान्यतालाई बढी जोड दिइरहनु पर्ने आवश्यकता यस ठाउँमा खट्केको छ ।

जातीय संरचनाअर्न्तगतै धर्म पनि एक हो । एउटै जातीमा धर्म, संस्कृति फरक-फरक भेटिनु र वैचारिक भिन्नता प्रदर्शन गर्नु सामान्य हुन जान्छ, तर आमूल रुपमा जातीय उत्थान र सामाजिक संरचनामा यसले आँच आउन सक्छ । धर्म, कर्म र वैचारिक भिन्नता जस्ता कुरालाई केही हदसम्म भए पनि बाहिर राखेर जातीय संरचना जगेर्ना गर्ने र समयानुकूल बनाउँदै यसमा संलगन गर्दै लैजानुपर्ने कुरालाई अर्को घ्याब्री शेरबहादुर गुरुङ्ग जोड दिनुहुन्छ ।

यस्ता जातीय संरचनाले कहिलेकाहीँ ठाउँहरुलाई समेत इङ्गित गराउँछ, जस्तैः क्षेत्री-ब्राम्हण गाउँ, गुरुङ्ग गाउँ, मगर बस्ती आदि । यिनै ठाउँका कारणले पनि कुन ठाउँमा के को अधिपत्य रहेछ भनेर बाहिरबाट आउने व्यक्तिलाई समेत आकर्षित गराउँछ । त्यस्तै आदिवासी भएको जातीले पनि ठाउँको जातीय संरचना कस्तो छ भन्ने कुरा पत्ता लगाउन सजिलो पारी दिएको छ । यसरी समग्रमा हेर्दा सामाजिक स्थिति प्रत्येक जातीहरुमा फरक-फरक भएको देखिन्छ । यस्तो फरक ठाउँ, परिस्थिति, वातावरणअनुसार पनि भएको हुन सक्छ । गाउँको सामाजिक संरचना र बजारको सामाजिक संरचना एकै नभई फरक-फरक हुनमा यिनै कुराले असर पारेको हुन्छ ।

### ४.३.१. वैवाहिक स्थिति

विवाह ग्राहस्थ जीवन प्रवेश र समाजले मान्यता दिएको एक सामाजिक प्रथा हो । संसारका सबै जातिहरुमा विवाह प्रथा पाइन्छ । प्रत्येक जातीको वैवाहिक प्रक्रियामा भिन्नता पनि छ । वैदिक धर्म शास्त्रले विवाहलाई एक आवश्यक एवं आध्यात्मिक संस्कारको रुपमा मान्यता दिएको छ । वैंदिक कालमा अविवाहित व्यक्तिलाई अपवित्र मानिन्थ्यो । प्रत्येक समाजमा विवाह सम्बन्धी बनेको मान्यताहरु प्रचलित छन् । यो कतै पारस्परिक र कतै सामाजिक सम्भौताको रुपमा लिएको छ । कतै वंश परम्परा स्थिरताको रुपमा, कतै शारीरिक क्षुधा पूर्तिको रुपमा, कतै पारस्परिक सहायताको रपमा लिइएकोछ । विवाहलाई एउटा समग्र जीवन सम्पन्नताको लागि संस्कारको रुपमा लिएको छ। यस्तै गरेर समाज शास्त्रीय दृष्टिकोणबाट पनि विवाहको बारेमा भिन्न प्रकारको धारणा व्यक्त गरेको पाइन्छ । जसअनुसा समाजले मान्यता दिएको स्त्री-पुरुष सम्भोग नै विवाह हो या समाजले बनाएको गौण संस्था हो, जसमा घरपरिवार स्थापना गर्ने, सम्भोग गर्ने, सन्तान उतपत्ति गर्ने, सन्तुष्टिको आधार, सामाजिक, आर्थिक

व्यवस्था, नातेदारीको सम्बन्धमा विकास, साझा बसोबासको, बंश नामको व्यवस्था सन्तानको पालन पोषण गर्ने आदि जस्ता उद्देश्य रहन्छन् ।

उपरोक्त उद्देश्य पुरा गर्नका लागि विवाहलाई एउटा संस्थाको रुपमा स्थापना गरिएकोछ । समाजले मान्यता दिएको एक वा एकभन्दा बढि पुरुष र स्त्रीको अनुबन्ध नै विवाह हो । जसमा सम्भोगलाई अभिभावकत्वको लागि अनुमति दिइन्छ । यो एक पवित्र बनाउने समारोह हो जो सबै हिन्दुहरुको लागि आवश्यक छ (पौराणिक कानूनी अनुसार) ।

समाज भित्रका विभिन्न पक्षहरु मध्ये विवाह पनि एक महत्वपूर्ण सामाजिक संस्था हो । समाजमा विवाह प्रथा नरहेको अवस्थामा समाज जंगली अवस्थामा रुपान्तरण हुन गै सामाजिक अस्तव्यस्तताको सृजना भएर समाज सभ्य अवस्थामा पुग्न असम्भव हुन्छ । समाजको लागि विवाह संस्था आवश्यक पक्ष हो । यही पृष्ठभूमिमा सामाजिक एकाइका रुपमा रहेका मूल्य, मान्यता र अन्तरसम्बन्धमा परिर्वतन आउँदा लोग्ने-स्वास्नीबीचको बैबाहिक सम्बन्ध तोडिन्छ र अन्य पक्ष परिवार, छिमेक र समाजमा विभिन्न खाले प्रभाव देखापर्दछ, जसको फलस्वरुप लोग्ने-स्वास्नीबीचको सम्बन्ध टुट्नु, तिनीहरुको बालबच्चाको पालनपोषण, शिक्षा आदिमा आइपर्ने समस्याहरु, नाता सम्बन्धमा नकाात्मक असर, परिवार र छिमेकमा सामाजिक र आर्थिक समस्याहरु सिर्जना हुन सक्दछन् तर त्यसलाई बैकल्पिक उपायहरु अपनाई समाधान गर्न सकिन्छ ।

अतः जनु समाजमा लोग्ने-स्वास्नबीचको प्रकार्यात्मक सम्बन्ध जति नै बढी हुन्छ त्यति नै कम सम्बन्ध विच्छेदको स्थिति आउँछ । जति लोग्ने-स्वास्नीका बीचमा प्रकार्यात्मक सम्बन्ध घटी हुन्छ त्यही सम्बन्धमा घटी हुन नदिन कतिपय अवस्थामा सामाजिक मूल्य मान्यताभन्दा पनि पृथक उपाय अनुसार पनि यस किसिमको लोग्ने स्वास्नीको सम्बन्धलाई कमजोर अवस्थामा पुग्दछ र सामाजिक एकाइहरुको महत्व घट्न गई सम्बन्ध विच्छेदको स्थिति पुग्न नदिनलाई काम गर्न पनि सकिन्छ । यस अवधारणाअनुसार विवाहले सामाजिक एकता र सम्बन्ध कायम राख्न मद्दत गर्दछ । परस्पर अविश्वास, असहयोग र द्धन्दको कारणले सम्बन्ध विच्छेद हुन्छ । पछि पारिवारिक र सामाजिक सन्तुलन कायम हुन्छ । पारिवारिक बेमेल र असहयोग आफैंमा सामाजिक सन्तुलन कायम गराउने माध्यम बन्दछ । हिन्दू दर्शनमा विवाहलाई सामाजिक संस्कारका रुपमा लिइएकाले यसको सामाजिक मूल्य बढी मानिन्छ र सम्बन्ध विच्छेद कम हुन्छ । पश्चिमी मुलुकमा विवाहलाई एक सामान्य सम्झौताका रुपमा लिंदा यसको सामाजिक मूल्य कम हुन गई सम्बन्ध विच्छेद बढी भएका उदाहरणहरु पाइन्छन् । यसरी

अध्ययन क्षेत्रका उत्तरदाताहरुमा पनि विभिन्न किसिमको विवाह गरेको पाईयो । ६० जनालाई अर्न्तवार्ता प्रश्नावली गर्दा तिनीहरुको विवाह निम्न तरिकाले गरेको पाईयो ।

**तालिका २**

**गुरुङ्ग समुदायमा प्रचलित विवाह**

| क्र.सं. | विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | २४ | ४० |
| २. | श्याम विवाह | ६ | १० |
| ३. | झुमा विवाह | १२ | २० |
| ४. | प्रेम विवाह | १८ | ३० |
| ५. | जम्मा | ६० | १०० |

*स्रोत: स्थलगत निरीक्षण, २०७३ ।*

### ४.३.१.१. मागी विवाह

गुरुङ्गहरुमा विवाह गर्दा केटोको बाबुआमाले छोरो विवाह गर्ने उमेर भएपछि ज्योतिष हेराई, चिना जुराएर कुन वर्गसँग विवाह गर्नु हुन्छ भनेर सबै किसिमको शोधखोज गरिसकेपछि मात्र केछि माग्न जाने काम सुरु हुन्छ । यसरी माग्ने क्रममा केटा पक्षबाट दुई तिनजना जति मानिसहरु मिलेर आफ्नो जातीय संस्कारअनुसार केही रोटी, रक्सी र मासु समेत लिई केटीको घर जान्छन् । आर्थिक अवस्थाअनुसार रोटी, रक्सी र मासुको माामा फरक हुन्छ सक्छ । केटीको घरमा गएपछि केटा पक्षकाले विवाहको प्रस्ताव राख्दछन् र आफूले ल्याएको सगुन (रोटी, रक्सी र मासु) टक्र्याउँछन् । यति काम केटा पक्षबाट भएपछि केटीका बाबुआमाले आफ्ना दाजु-भाइ, नातेदार सबैलाई डाक्न पठाउँछन् र भेला भएपछि केटीको बाबुआमाले केटाको पक्षबाट गएकाहरुलाई परिचय गराउँछन् । केटीको प्रस्ताव सम्बन्धी सबै कुरा भन्दछन् । त्यसपछि दाजुभाइ नातेदाररुले विचार विमर्श गरी विवाहसम्बन्धी छलफल गर्दछन् । केडा पक्षबाट ल्याएको सगुनसमेत बाँडेर त्यही खान्छन् । प्रस्ताव स्वीकार हुन पनि सक्छ र नहुन पनि सक्छ । स्वीकार नभएमा फेरि प्रयास गरिन्छ । सगुन खायो तर छोरी दिएन भनिदैन । प्रस्ताव

स्वीकार भएमा केटाकेटीको चिना टिप्पणी जुधाएर लगन साइत निकालिन्छ । विवाहको तिथि तोकी रक्सीको पुङ्ग लगिन्छ । रक्सीको पुङ्ग लैजाँदा वर तथा २-४ जना भलादमीहरु चलनअनुसार दस्तुर (रोटी, रक्सी, मासु इत्यादि) कोसेली सौगता दिएर केटीको घर जान्छन् । केटी पक्षका गोत्रीय एवं अन्य पञ्च भलादमीहरु केही पाच्दछन् । आजदेखि फलानाको छोरी फलनाको भई, फलना गोत्रबाट फलाना गोत्रमा सरी भनी गोत्र सार्दछन् ।

तिथि तोकी सकेपछि निश्चित दिनमा केटाको आफन्तहरु दुलही लिन दुलहीको घरमा जाने गर्दछन् । वास्तवमा गुरुङ्गहरुको परम्पराअनुसार दुलही लिन दुलाहा जाँदैनन् (डिल्लीजङ्ग गुरुङ्ग, तमु २०५४) तर आजकल त्यस्तो पाइँदैन । दुलहीको घरमा पुग्नुभन्दा केही परै दुलाहा पक्ष पुगेको वा आएको खबर दिन बन्दुक पड्काउने गर्दछन् । बन्दुकको प्रयोगभन्दा अगाडि मादलको एउटा कुनै ताल बजाइन्थ्यो । त्यही तालबाट नै यता दुलाहा पक्ष आएको खबर मिल्दथ्यो ।दुलाहा पक्ष आएको थाहा भएपछि दुलहीका गाउँलेहरु (बिषेगर गरेर लोग्ने मानिस र तन्नेरा-तन्नेरीहरु) ले रङ्ग छ्याप्ने गर्दछन् । केराको गानो, मौसम अनुसारका काँचा निवुवा, मेवा, सुन्तला जस्ता चीजले हिर्काउने गर्दछन् । दुलाहा पक्षहरु त्यस्तो रङ्गहरुबाट बच्दै केटीको घरमा पुगेपछि घरको ढोका अगाडि भाला गाड्ने गर्दछन् । त्यसरी भाला गाडिसकेपछि रङ्ग हाल्न पाइँदैन ।

यसरी दुलहीको घरमा पुगेपछि दुलाहा पक्षाट केटीको बाबुआमा वा इष्ट मित्रलाई ६ सुका दिनुपर्ने हुन्छ । त्यस्तो ६ सुका केटा पक्षबाट दिएपछि केटी पक्षकाले ग्रहण गर्दछन् । हाम्रो छोरी आफ्नो गोत्र त्याग गरी तिम्रो गोत्रमा गई, अब तिमीहरुले राम्रोसँग पाल्नु भनेर छोरीको हात ज्वाइँको हातमा दिएपछि केटाले आफ्नो पुर्खा, कूलअनुसारको कर्तव्य निभाई सधैं खुसी राख्ने छु भन्दछ । दुलाहाले दुलही लगेपछि उसले दस्तुरको रुपमा दुलहीको आफन्तलाई केही दस्तुर दिनुपर्दछ । त्यस्तो दस्तुर दिने क्रममा लोग्ने मानिसहरुलाई पगरी र आईमाईहरुलाई पछ्यौरा दिनुपर्दछ । यसपछि दुलहीको घरमा काम पूरा हुन्छ । दुलहीलाई दुलाहाको घर पुऱ्याउन दुलहीको साथीहरु जानुपर्दछ ।

दुलहीलाई दुलाहाका घरमा पुऱ्याएपछि सर्वप्रथम दुलाहाको गाउँलेले बाटो छेक्दछन् । त्यस्तो छेक्ने व्यक्तिहरु प्रायः गरी रोदी परिवारका सदस्य हुन्छन् । त्यसैबेला दुलाहा दुलहीले केही पैसा दस्तुर दिनुपर्दछ । यसपछि दुलही दुलाहालाई घरभित्र पस्नु भनिन्छ । पस्नुभन्दा अगाडि घरको दैलोमा कुखुराको भाले वा चल्लाको बलि दिइन्छ र आफ्ना देवी देवतारुलाई सम्भिन्छ । यति भएपछि भित्र पस्न लगाईन्छ

घरभित्र पस्ने बेलामा दुलाहा दिदीहिनीले ढोका बन्द गरिदिएका हुन्छन् । उनीहरुलाई दुलाहा-

दुलहीबाट केही दस्तुर भेटी दिएपछि मात्र ढोका खोल्दछन् । यसपछि एउटा कन्या केटी अगाडी लगाई भित्र लगिन्छ । दुलाहा-दुलहीलाई घरको अगेना नजिकै बसाल्छन् । त्यसपछि त्यस कुलको जेठो बुढापाकाले अगेनामा अग्नी पूजा गरी दुलाहा-दुलहीलाई टीकाटालो गरी दिन्छन् । त्यसपछि दुलाहाका बाबु, आमा र आफन्तहरुले टीकाटालो लगाई आर्शीवाद दिन्छन् । बेलुका सकिएपछि नाचगान गर्दछन् ।

दुलही ल्याएको भोलिपल्ट भोजभतेर गरेपछि गाउँ बारिन्छ । गाउँमा खनजोत, ढिकी, जाँतो केही जलाइँदैन । एक हप्तापछि दुलाहा-दुलही माइत जान्छन् । माइत जाँदा रोटी, रक्सी, पगरी, पछ्यौरा आदि कोसेली सौगता लिएर जान्छन् । मान्नु पर्ने मान्यजनहरुलाई रीतअनुसार दस्तुर र रोटी रक्सी कोसेली सौगात दिन्छन् । लोग्नेमान्छे जतिलाई पाँच हाते नैन, सुतको पगरी (फेटा) र आईमाईलाई कर्मू (मजेत्रो) दिई परिचय गर्दछन् । यस्त्रो दस्तुर अघि नै दिइसकेको भए पुनः दिँदैनन् । पछि केवल रोटी, रक्सी नै दिन्छन् । यसरी २-४ दिनपछि दुलाहा-दुलहीलाई माइतमा नै छोडेर घर फर्कन्छन् । यसरी घर-माइतमा जाने आउने क्रम चलिरहन्छ ।

मागी विवाह यस प्रक्रिलयाबाट गरेको पाईयो । यसरी यस बडामा जम्मा ६० जना उत्तरदातामध्ये जम्मा ४० प्रतिशतले मागी विवाह गरेको पाईयो । यो प्रतिशत सबभन्दा बढी हो । वडामा जम्मा ६० जना उत्तरदातामध्ये जम्मा १० प्रतिशतले श्याम विवाह गरेको पाईयो । यो प्रतिशत सबभन्दा कम हो ।

#### ४.३.१.३. झुमा बिवाह

यस विवाहमा पण्डित, पुरोहितहरु चाहिँदैन । केवल केटा र केटीको संरक्षक, आफन्त, इष्ट मित्रहरुसँग बसी विवाह सम्पन्न गराइन्छ । यसरी गरिने विवाहमा जग्या, मन्त्र उच्चारण समेत केहि गरिँदैन । आपसी समझदारीको रुपमा विवाह सम्पन्न हुने गर्दछन् । यसरी गरिने विवाहलाई मागी विवाह समेत भनेमा फरक मानिदैन । यसरी गरिने विवाह धर्मको खासै प्रभाव रहँदैन । यो विवाह तिन दिनमा सम्पन्न हुन्छ । अहिले यो विस्तारै विस्तारै हराउन थालिसकेको छ । यसरी वडामा जम्मा ६० जना छनोट गरिएका उत्तरदातामध्ये २० प्रतिशतले झुमा विवाह गरेको पाईयो ।

#### ४.३.१.४. प्रेम विवाह

सबै ठाउँमा प्रेम विवाहले ठूलो प्रशंसा पाई आएको छ । यो प्रेम विवाह नै वास्तवमा गुरुङ्ग

जातिको परम्परागत रीति हो की जस्तो लाग्छ । केटा र केटी मिलेर परिवारलाई कुनै जानकारी नदिई भाग्नु वा भगाउनुलाई प्रेम विवाह भनिन्छ । एक आपसमा प्रेम भई हिँड्नु र विवाह गर्नुलाई प्रेम विवाह भन्ने गेरेको पाइन्छ । गुरुङ्ग समाजमा यो अहिले पनि पाइन्छ । प्रेम विवाहले बढ्दै गएको विवाह सम्बन्धी कुसंस्कारहरुलाई तोड्न सफल भएको छ । गरिब, धनी, छुत, अछुत केही पनि भन्दैन । प्रेमको सबैलाइृ समाज रुपमा समान दृष्टिले हेर्ने गर्दा उच, चीजको भावना देखिँदैन । अहिले विभिन्न किसिमका फाल्तु कुराहरु निकालेर, जात, भात, उच, निज जस्ता कुराले सामाजिक संरचनलाई समेत तहसनहस पारेको अवस्थामा प्रेम विवाहले केही हदसम्म भए पनि सामाजिक मान्यता र मूल्यलाई टेवा दिएको पाइन्छ । एकले अर्कालाई नमान्ने जस्ता प्रवृत्तिलाई प्रशय दिई राखेको अवस्थामा प्रेम विवाहले यस्ता पर्खालहरुलाई भत्काउन थालिसकेको छ । दिन प्रतिदिन गुरुङ्ग समाजमा प्रेम विवाहले यस्ता पर्खालहरुलाई भत्काउन थालिसकेको छ । दिन प्रतिदिन गुरुङ्ग समाजमा प्रेम विवाह गर्नेहरुको संख्या बढ्दै गईरहेकोछ । केटाकेटी भागे गए तापनि जातीय संस्कार भनौं वा रीतिस्थितिअनुसार नै भित्र्याउने चलन छ । जो अझैं पनि कायमै छ । यो विवाहले गर्दा परम्परा भने भेटिएको छैन । केटी विवाह गरेर लगी सकेपछि केटीका बाबुआमा, इष्टमित्र, आफन्तहरुलाई केटाले केही दस्तुर (कपडा, गहना, रोटी, रक्सी, मासु) दिनुपर्ने हुन्छ । यी कुराहरु परम्परा कालदेखि चल्दै अहिलेसम्म पनि आइरहेका छन् ।६ सुका सिन्दुर हाल्ने, साइपाटा गर्ने जस्ता कुराहरु अहिले पनि व्यवहारमा चली आएका छन् । तिन दिन लगाएर गरिने काम एक दिनमा सकिन्छ भन्ने कुरालाई छोटो पारिएको छ । यसरी यस वडामा जम्मा ६० जना उत्तरदातामध्ये जम्मा ३० प्रतिशतले प्रेम विवाह गरेको पाईयो ।

### ४.३.१.५. अन्तर्जातीय विवाह

गुरुङ्गहरुको जातीय संरचनाअनुसार जातभित्र र गोत्र बाहिर भने सिद्धान्त सर्वव्यापी भएको र मामाचेला, फूपुचेला बीचको विवाह नै आफ्नो विशेषता भएकोले अन्य जातिसँगको विवाहरुलाई पूर्ण रुपमा नकारेको देखिन्छ । यस्तो हुनुको मूल कारणमा आमाबाबु मर्दा खेरी छोरी नभई नहुने हुँदा अन्य जातिसँग गएकी छोरीले त्यस्तो काम गर्न नपाउने अन्तर्जातिय व्यवहारमा देखिँदैन । तर केटाले अन्य जातकी केटी ल्याएमा पनि त्यस केटीले भाग लिन पाउँदिन् भने केटाले भने पाउँछ । अन्तर्जातीय विवाहको प्रचलन अपवादको रुपमा मात्र रहेकोछ अर्थात् २-४ जनाले मात्र गरेका छन् । अन्तर्जातीय विवाह गर्नेहरुको उत्तरअनुसार माथिल्लो जात भएमा अन्तर्जातीय विवाह भएमा पनि फरक पर्दैन र

तल्लो जात भएमा गाउँमा बस्न पाइँदैन । यसप्रति अधिकाशं ३५ वर्षभन्दा उमेर समूहका व्यक्तिहरुको धारणा भने सकारात्मक रहेकोछ । १०० घरधुरीमा जम्मा १/२ जनाले मात्र गरेको हुँदा त्यसलाई पनि तालिका दिइएको छैन ।

### ४.३.१.६ बहुविवाह

गुरुङ्ग समाजमा बहुविवाह भेटिदैन । एकलगामी विवाह नै मान्य हुँदै आएको छ । विशेष परिस्थितीमा पनि पहिलाकी श्रीमती रोगी, जीर्ण भएमा मात्र दोस्रो विवाह गर्न पाउँछ । अन्य अवस्थामा विवाह गर्दा भने अगाडीको श्रीमती छोडेमा वा पारपाचुके गरी सकेपछि दोस्रो विवाह गर्न पाउँछन् । गाउँका ठूलावडा आर्थिक अवस्था मजबुत भएका व्यक्तिले भने आफ्नो धनको रवाफ देखाउन मात्र दोस्रो विवाह गरेको पाइन्छ । त्यस्तै केटीहरुको सन्दर्भमा केही उच्च हिमाली क्षेत्रमा भएका आइमाईले धेरै लोग्नेसँग विवाह गर्ने चलन रहेको देखिन्छ र यसलाई बहुपति पनि भनिन्छ । तर यस क्षेत्रमा भने त्यस्तो चलन देखिँदैन । यो केवल तिब्बती मुलुकसँग मिल्ने भएकोले मुस्ताङ, सोलुजस्ता हिमाली भेगमा मात्र पाइन्छन् । बहुविवाह चलन गुरुङ्गहरुमा अपवादको रुपमा रही आएको छ । स्थलगत निरीक्षणबाट बुभ्दा केही उत्तरदाता विशेष अवस्थामा बाहेक बहुविवाह गरिनु हुँदैन भन्ने धारणा राख्छन् भने अधिकांश व्यक्तिहरुले बहुविवाहलाई पूर्ण रुपमा नकारेका पाइन्छ ।

### ४.३.१.७ विधवा विवाह/विदुर विवाह

गुरुङ्गहरुमा आइमाईहरुले. लोग्ने मरेमा विवाह गर्न पाउँछिन् अर्थात् विधवा विवाह हुने चलन रहेको देखिन्छ । वयस्क छँदै लोग्ने मरेमा लोग्नेको सर्तमा नै बसिरहनुपर्छ भन्ने मान्यता गुरुङ्गहरुमा छैन यो चलन परम्परागत रुपमा नै चल्दै आइरहेको छ । अगाडिको लोग्नेबाट सन्तानहरु भने आफ्नी आमा गएको ठाउँमा जाने आउने क्रम पनि चलिरहन्छ । अगाडिको लोग्नेको नी आमा गएको ठाउँमा जाने आउने क्रम पनि चलिरहन्छ । अगाडिको लोग्नेको घरमा आउने जाने पनि गर्दछन् त्यस्तै स्वास्नी मरेका लोग्नेले पनि विवाह गर्न छुट छ त्यसको लागि उमेर यति नै हुन्छ भन्ने छैन । छोरा छोरीको विवाह भइसकेपछि पनि बाबुले विवाह गर्न सक्छन् यसर्थ यो चलन पुरुष महिला दुबैमा चलिरहेको भए तापनि पुरुषहरुमा बढी देखिन्छ ।

### ४.३.१.८ पारपाचुके र छुट्टै बस्ने

गुरुङ्गहरुमा विधवा विवाहको प्रचलनले गर्दा पारपाचुके पनि सामान्य रुपमा मानिन्छ । यस्तो पारपाचुके गर्दा केटाकेटीको आफन्तहरु भलादमी मिली बसेर बचनबद्ध भएमा पारपाचुके गरेको वा भएको मानिने छ । यसरी पारपाचुके भएपछि महिलाको पुनः विवाह पनि हुने गर्दछ । यसमा कुनै कठिनाइ पर्दैन त्यस्तै लोग्ने स्वास्नीको बीचमा केही मनमुटाव भएमा केही समयको लागि छुट्टाछुटै क्रम केही समयको लागि मात्र हुने र पछि पुनः मिल्ने हुनाले खासै प्रभाव पारेको देखिँदैन ।

पारपाचुकेलाई गुरुङ्ग समाजमा सामाजिक हेयको दृष्टिले हेरिँदैन विशेष गरी युवा समूहले पारपाचुके हुने किसिमको वातावरण सिर्जना गरिनु हुँदैन, सानातिना कुराहरुले गर्दा पारपाचुके गरिनु नहुने धारणा राख्दछन् । बुढापाकाहरु भने घरपरिवार नमिलेमा पारपाचुके गरिहाल्नु पर्दछ भन्दछन् । पारपाचुकेको चलन हुनाले विधवा विवाह र पुनर्विवाहलाई प्रोत्साहन मिलेको छ । यस्तो विवाहलाई उमेरको हद नभएको उत्तरदाताहर बताउँछन् । यसरी बताउनेमा तिनओटै समूहलाई समान धारणा नै रहेको पाइन्छ । विवाहमा दाइजो लेनदेन नहुने देखिन्छ । फाटफुट रुपमा देखिए पनि व्यवसायिक रुपमा भने पाइँदैन । त्यसले गर्दा विवाह गर्ने तौर तरिकामा समयावधिमा समेत परिवर्तन आएको छ । तिन चार दिनसम्म लाग्ने विवाह अहिले एक दुई दिनमा नै सकिन्छ ।

यस्तै गरी विवाह केको लागि गरिन्छ भन्ने प्रश्नमा बृद्ध समूहका उत्तरदाताहरुले विवाहलाई वंश परम्परा चलाउनको लागि विवाह गर्न आवश्यक छ भन्ने धारणा राख्छन् । युवा समूह र प्रौढ समूहको उत्तर भने केही फरक पाइन्छ । उनीहरुका अनुसार विवाह वंश चलाउन जीवनसाथीको रुपमा मान्नु पर्दछ भन्ने धारणा छ । पारिवारिक आवश्यकता पूर्तिको लागि विवाह अति आवश्यक छ भन्ने प्रश्नको उत्तरमा ७० प्रतिशतभन्दा बढी व्यक्तिहरुको उत्तर सुधार गर्नुपर्दछ भन्ने रहेकोछ । २० प्रतिशत उत्तरदाताहरु परम्परागत विवाह पद्दतिलाई परिवर्तन वा सुधार गरिनु हुँदैन भन्ने धारणा राख्छन् ।

### ४.३.२ वैवाहिक स्थिति

यस अध्ययन क्षेत्रमा ६० घरधुरीमा ६६२ व्यक्तिहरु रहेका छन् । त्यस मध्ये ० देखि १४ वर्षसम्म व्यक्तिहरुलाई तालिका गणना गरिएका छैनन् । १५ वर्षभन्दा बढी उमेरलाई मात्र तालिकामा देखाइएको छ । जसअनुसार ११९ जना अविवाहित ४५१ विवाहित छन् । त्यसमा पनि विवाहित मध्ये ५ जना विदुर् २४ जना विधवा पर्दछन् ।

**तालिका नं. ३**

**१५ वर्ष भन्दामाथिको वैवाहिक स्थितिको विवरण**

| क.सं. | वैवाहिक स्थिति | पुरुष | | महिला | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १. | अविवाहित | ६९ | २७.४९ | ५० | २० |
| २. | विवाहित | १६४ | ६५.३३ | १६० | ६४ |
| ३. | विधवा/विदुर | १० | ३.९८ | २५ | १० |
| ४. | सम्बन्ध विच्छेद | ८ | ३.१८ | १५ | ६ |
| | जम्मा | २५१ | १०० | २५० | |

*स्रोत : स्थलगत निरीक्षण, २०७३ ।*

### ४.३.३ विवाह गर्ने उमेर

विवाह गर्ने उमेर सम्बन्धमा ठाउँ र समयले पनि प्रभाव पारेको देखिन्छ । त्यस्तै शैक्षिक जागरुकताले विवाह गर्ने उमेरमा भिन्नता ल्याएको छ । बाल विवाह प्रथा हटी सकेकोले गर्दा अहिले १६ देखी १८ वर्ष भएपछि मात्र विवाहको कुरा चलाइन्छ भने प्रेम विवाह गर्नेले पनि यो उमेरपछि जान्ने बुझ्ने गर्दछन् ।

**तालिका नं. ४**

**जातीको विवाह गर्ने उमेर**

| उमेर समूह | विवाह गर्नेहरुको संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-१९ | ३ | १०.० | २२ | ७३.३ | २५ | ४१.७ |
| २०-२४ | १९ | ६३.३ | ७ | २३.३ | २६ | ४३.३ |
| २५-२९ | ८ | २६.७ | १ | ३.३ | ९ | १५.० |
| जम्मा | ३० | १००.० | ३० | १००.० | ६० | १००.० |

*स्रोत : स्थलगत निरीक्षण, २०७३ ।*

विवाह गर्ने उमेरको सम्बन्धमा हेर्दा माथिको तालिकाबाट के स्पष्ट हुन्छ कि लोग्ने मानिसको विवाह हुँदाको उमेर २३.८३ वर्ष र महिलाको १८.५० वर्ष रहेकोछ । समग्रमा हेर्दा विवाह गर्ने उमेर ( १८.२३) वर्ष रहेको स्पष्ट हुन्छ । २०६८ को जनगणनानुसार पुरुषको विवाह गर्ने उमेर २५ र महिलाको २० रहेकोछ ।

### ४.३.४ परिवार

प्रत्येक समय र समाजमा विवाहले दुईवटा पक्षलाई समेटेको हुन्छ । एउटा विपरित लिङ्गहरुको सामाजिक स्वीकृत सम्बन्ध हो भने अर्को यसै सम्बनधको आधारमा वैधानिक रुपमा तिनीहरु यौन सम्बन्ध राख्न र बालबच्चा जन्माउन सक्ने सामाजिक स्वीकृती हो । हिन्दू दर्शनबाट हेर्ने हो भने विवाह एक धार्मिक संस्कार हो ।विवाह एक स्थायी प्रारम्भिक प्रकारहरु तल चर्चा गरिएकोछ ।

#### ४.३.४.१ संयुक्त परिवार

संयुक्त परिवार भन्नाले त्यस्तो परिवारलाई जनाउँछ जसमा बाबुआमा, छोराछोरी, दाजुभाइ, दिदीबहिनी, नातीनातीना समेत रहने गर्दछन । गुरुङ्गहरुको परम्परागत पारिवारिक प्रणाली संयुक्त नै रहेको पाइन्छ । कुनै कुनै ठाउँमा बृहत् संयुक्त परिवार पनि देख्न पाइन्छ । जहाँ दाजुभाइका सन्तानहरु र मावली माइती पट्टीका परिवारहरु समेत बस्ने गरेको पाइन्छ । तर अहिले यस्तो पारिवारिक प्रथा अपवादको रुपमा मात्र देखिन्छ । संयुक्त परिवारका सदस्यहरुले एउटै चुल्होमा पकाएको खाना खाने, सामूहिक रुपमा त्यही घरको काम गर्ने र काम विभाजन पनि गरिएको हुन्छ । आर्थिक अवस्थाको बाँडफाँड घरको कुनै मुली व्यक्तिको इच्छा बमोजिम हुन्छ । प्रत्येक व्यक्तिले कमाएको आर्जन घरमुलीलाई बुझाउन पर्ने हुन्छ । कामको बोझ एउटै व्यक्तिलाई मात्रै नपरी सबैलाई समान रुपमा पर्न जान्छ । सुरक्षको समेत प्रत्याभूति संयुक्त परिवारमा पाइन्छ । यस प्रकारको परिवारमा साधरणतया परिवारको तिन पुस्ता सम्म रहेका हुन्छन् । यस परिवारमा हजुबुवा, आमा, काका काकीहरु, अविवाहित दिदी तथा फूपुहरु र नाति नातिना रहेका हुन्छन् । नाति नातिनाको विवाह पछि यो परिवारमा विभाजन आउँछ । यस्तो परिवारमा पुरुष मानिसको नै निर्णय माश्न्य हुन्छ कृषि समाजमा बढी श्रम प्रधान हुनेहुँदा यस प्रकारको ढाँचा पाइन्छ तर औद्योगिक समाज विकसित र पाश्यात ढाँचामा परिणत भएको छ ।

#### ४.३.४.२ एकल परिवार

एकल परिवार भन्नाले बाबुआमा र अविवाहित छोराछोरी भएको परिवारलाई बुझाउँछ, जसलाई सानो परिवार पनि भनिन्छ । दिन प्रतिदिन एकल परिवारको संख्यामा बृद्धि हुँदै आइरहेकोछ । ठूलो परिवारमा बस्दा आफ्नो व्यक्तिगत आवश्यकता, इच्छाहरुलाई दबाउनु पर्ने हुन्छ । एकल परिवारमा आफ्नो परिवार मात्र भएकोले आफ्नो इच्छा र आकांक्षा बमोजिम परिवार चल्ने र चलाउन सजिलो महसुस भएको ठानिन्छ । आफूले कमाएको आर्जन आफू खुसी रुपमा आफ्नै परिवारले उपभोग गर्न पाउने हुँदा पारिवारिक संरचना मजबुत हुँदै जाने, आर्थिक प्रगति पनि उल्लेखनीय रुपमा बढी नै हुन जाने हुन्छ । आफ्नो श्रमबाट आएको आर्जनले आफ्नो आवश्यकता पुरा गर्न कसैको टोकेसो खानु नपर्ने, आफ्नो इच्छाअनुसारको काम गर्न पाइने जस्ता कारणले गर्दा एकल परिवारप्रतिगुरुङ्ग जातिहरुको रुचि बढ्दै गएको देखिन्छ ।

#### ४.३.४.३ बृहत परिवार

यो परिवार आमा तर्फका नातेदारहरु र बाबुतिरका परिवारहरु मिली बनेको हुन्छ । यसमा तिन पुस्ताका सन्तानहरु सधै संगै रहन्छन् । यस्तो किसिमको परिवारमा अलि झै झगडा बढी हुने सम्भावना हुन्छ । आर्थिक कारोवारमा पनि मन मुटाव सिर्जना हुने गर्दछ । यसको पुष्टि तलका तालिकाहरुमा पनि देखिन्छ । समाज विकासको क्रममा सवैप्रथ विकास भएको परिवार बृहत परिवार नै हो । सम्पत्तिमा साझा स्वामित्व रहेको हुन्छ । वर्तमानमा यस्तो परिवार कमै देखिन्छ ।

**तालिका नं. ५**

**घरधुरीअनुसारको परिवारको आकार**

| परिवार | घरसंख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | ३६ | ६० |
| बृहत | ६ | १४ |
| संयुक्त | १८ | ३० |
| जम्मा | ६० | १०० |

***स्रोत : स्थलगत निरीक्षण, २०७३ ।***

माथिको तालिकाअनुसार अधिकांश अर्थात् ३६ घर परिवार एकात्मक रहेको देखिन्छ । यसमा लोग्ने, स्वास्नी र तिनीहरुको बच्चाहरु पर्दछन् । ती बच्चाहरु अविवाहित रहेका छन् । यस्तै बृहत परिवार संख्या ६ मात्र रहेको देखिन्छ भने संयुक्त परिवारको संख्या १८ मात्र देखिन्छ । संयुक्त परिवारमा खास गरेर लोग्ने स्वास्नी उनीहरुको विवाहित छोरा र अविवाहित छोरा पर्दछन् । कहिलृकाहीँ अविवाहित भाइ छोराहरु समेत बस्दछन् । बृहत परिवारमा आकारलाई हेर्दा संयुक्त परिवाबाट विखण्डित हुँदै मध्यम एकल परिवार बन्दैछन् । यसको कारण विशेष गरी पढेलेखेका व्यक्तिहरुले नै एकल परिवारलाई मनपराई दिनाले सुरु भएको मानिन्छ ठूलो परिवारबाट आफ्ना इच्छा, आकांक्षा र आवश्यकता परिपूर्ति नहुने देखिएकोले एकल परिवार तर्फ मानिसहरु ढल्किदै गएको देखिन्छ । यसबाट संयुक्त परिवारको आकार घट्दै जाने र एकल परिवारको आकार बढ्दै जानुले गर्दा गुरुङ्ग जातीको पारिवारिक बनावट परिवर्तनमुखी भएको कुरा स्पष्ट हुन्छ ।

यस्तै गरी कस्तो परिवारको आकार मन पराउनु हुन्छ भन्ने प्रश्नको जवाफमा उत्तरदाताहरुको उमेर समूहअनुसार धारणा निम्न प्रकार पाइएको छ :

**तालिका नं. ६**

**उत्तरदाताहरुको रोजाईअनुसारको परिवारको आकार**

| उमेर समूह | एकात्मक परिवार | | संयुक्त परिवार | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ३५ भन्दा कम | १९ | ५५.९ | १ | ३.८ | २० | ३३.३ |
| ३५ देखि ५० सम्म | ८ | २३.५ | १२ | ४६.२ | २० | ३३.३ |
| ५१ भन्दा माथि | ७ | २०.६ | १३ | ५०.० | २० | ३३.३ |
| जम्मा | ३४ | १००.०० | २६ | १००.० | ६० | १००.० |

*स्रोत : स्थलगत निरिक्षण, २०७३ ।*

माथिको तालिकाबाट के देखाएको छ भने ३५ वर्षभन्दा कम उमेरका ५५ प्रतिशत उत्तरदातको एकात्मक परिवारलाई मन पराएका छन् । त्यस्तैगरी सोही उमेरका ३ प्रतिशत उत्तरदाताहरुले संयुक्त

परिवारलाई नै मन पराएका छन् । यसरी संयुक्त परिवार टुक्रदै जानुमा मुख्य गरेर आम्दानीको स्रोत, घरमुलीको कमजोरी, वर्तमान समाजले सामाजिक भलाइलाई भन्दा व्यक्तिगत भलाइलाई टेवा गर्ने, व्यक्तिगत उन्नति प्रगतिको लागि अघि बढ्ने आदि जस्ता कारणले गर्दा संयुक्त परिवार टुक्रिन गएको देखिन्छ । सामाजिक भावनाभन्दा व्यक्तिगत भावनालाई प्रोत्साहित गरिनुले संयुक्त परिवार टुक्रिएको मानिस छुट्टिएर गए तापनि सम्बन्ध यथावतै राख्नु पर्ने धारणा केही उत्तरदाताले व्यक्त गरेको पाइन्छ । ५१ वर्षभन्दा माथिका उमेर समूहका आधा उत्तरदाता (५० प्रतिशत) हरुले संयुक्त परिवारलाई नै मन पराएको पाइन्छ । यसरी तुलाना गरी हेर्दा नयाँ पिढीहरु एकल परिवारलाई जोड दिन्छन् भने बृद्धहरुले संयुक्त परिवारलाई नै जोड दिएको पाइन्छ ।

यस्तै किसिमले व्यक्तिगत कलह, झगडा जस्ता कुराहरुबाट मानिसहरु टाढा भाग्ने, एकान्त प्रेमी, हुल भीडबाट टाढै रहने र शान्ति प्राप्त गर्नको लागि संयुक्त परिवारबाट सम्भव नहुने हुँदा आफ से आफ विचलित हुँदै गएको हुँदा बृहत परिवार यो समुदायमा पाईएन । एकात्मक परिवारको संख्या दिन प्रतिदिन बढ्दै गए पनि बाबु आमाहरु भने सकेसम्म एउटै परिवारमा बस्ने गरे हुन्थ्यो भन्ने धारणा पोख्दछन् । यसले गर्दा छोरा बुहारी र नाती नातिनीसँग बस्ने रहर गर्दछन् । बाबु आमाहरुको सोचाई छोराछोरीसँग बस्न पाएमा बुढेसकालको साहारा हुने थियो भन्ने सोचाई राख्छन् । केही बाबु आमाको आर्थिक आर्जन भएकोले छोराहरुलाई बाबुआमा नचाहिने भएपछि हामीलाई पनि उनीहरुको आवश्यकता छैन, आवश्यक परेको खण्डमा दुवै पक्ष एका अर्काकोमा जाने, आउने, बस्ने, खाने गरेमा ठीकै हुन्छ भन्ने धारणा पनि राख्दछन् । आमाबाबु र छोरा बुहारीको बीचमा पारिवारिक समाञ्जस्यता आउने नसक्नुमा पुरानो पिँढी र नयाँ पिँढीको बीचमा वैचारिक अन्तर भएको कारणले हो भन्ने सोचाइ रहेको देखिन्छ ।

### ४.३.४.४ पारिवारिक विखण्डन

पारिवारिक विखण्डन आउनुमा मुख्यतया : संयुक्त परिवारप्रतिको वितृष्णा र एकात्मक परिवार प्रतिको रुचिले गर्दा भएको हो भन्न सकिन्छ । संयुक्त परिवारमा व्यक्तिगत इच्छा र आवश्यकतालाई दबाउनु पर्ने, आफूलाई चाहेको समयमा खानपिन, हिँडडुल गर्न नपाइने, काम गर्नेले गरिरहनु पर्ने, परिवारका अन्य सदस्यहरु जो रातदिन घरकै लागि काम गर्दछन्, उनीहरुको व्यक्तिगत इच्छाले ठाउँ नपाउनाले गर्दा पीडित व्यक्तिहरु नै संयुक्त परिवारबाट बाहिरिन चाहेको देखिन्छ ।

यस्ता परम्पराहरु विस्तारै-विस्तारै छोड्दै जानुमा नयाँ-नयाँ विचार, शिक्षाजस्ता कुराहरुले असर पारेको देखिन्छ । संयुक्त परिवारप्रतिको मोह हट्ने र एकात्मक परिवारप्रतिको मोह बढ्दै जानुमा पुरानो पिँढी र नयाँ पिँढी बीचमा आपसमा समझदारी हुन नसक्नु, परम्परागत र आधुनिक सोचाइ बीच तालमेल हुन नसक्नुले पनि परिवारमा विखण्डन सिर्जना गराएको हो भन्ने देखिन्छ । विवाहपछि केटीको भूमिकामा पनि परिवर्तन आउँछ जसले गर्दा ऊ अब छोरी नभई बुहारीको रुपमा काम गर्दछ । घरका सबै कामहरुमा उसको ठूलो भूमिका हुने गर्दछ । घरभित्रका कामदेखि लिएर घरबाहिरका काम समेत उसले गर्नुपर्ने छ । उसको काम व्यवहारले नै घर परिवार टिकाउने वा फुटाउने भन्नेमा निर्णय गर्दछ । पेशाहरु परिवर्तन हुँदै जानाले पनि परिवारको संरचनामा भिन्नता आएको पाइन्छ ।

### ४.३.४.५ शैक्षिक अवस्था

शैक्षिक अवस्थाको सन्दर्भमा हेर्दा गुरुङ्गहरु धेरै निम्न अवस्थामा छन् । परम्परागत रुपमा चल्दै आएका पेशा र व्यवसायको कारणले गर्दा पहिला पढ्नको लागि त्यति स्कूलहरु नभएका हुँदार केही पढेलेखेका व्यक्तिहरुले पनि आफ्नो धाक, रवाफ देखाउने अर्कालाई सिकाउने गरेको पाइँदैन । हुन त त्यतिबेला धनीमानी व्यक्तिहरु मात्रै टाढाटाढा गई पढ्ने लेख्ने गर्दथें । अलिकति आर्थिक अवस्था कमजोर भएका व्यक्तिले पढ्छु भन्नु सपना मात्रै हुन्थ्यो ।

सरकारी स्तरबाट विस्तारै ठाउँ-ठाउँमा स्कूल-पाठशालाहरु खोलिए । त्यति बेलासम्म पढ्न खोजेर पनि नसक्नुको मुख्य कारणमा गुरुङ्गहरु तिब्बती बर्मेली भाषी भएकोले कठिनाइ भएको पाइन्छ । पढाइ नेपाली भाषामा हुने हुनाले पनि नेपाली भाषा सिकेर पढ्न लेख्न गाह्रो हुने हुँदा पनि पढाई तर्फ ध्यान नगएको हुन सक्छ । त्यस्तै सेनामा भर्ती हुनको लागि पढाइको महत्व त्यति नहुने हुँदा पनि पढाईतर्फ ध्यान नगएको हुन सक्छ । पढेर खुबै कमाए पनि आफूलाई नपुग्ने विदेशी सेनामा गएमा आफ्नो परिवार आफन्त इष्टमित्रहरु सबैलाई हेर्न सकिन्छ भन्ने सोचाइले गर्दा पढाईलाई महत्व नदिएको देखिन्छ । त्यति हुँदै पनि केही व्यक्तिहरुले अध्ययन गर्ने कार्य जारी राखेकै छन् । त्यसमा विशेष गरी नेपाली भाषा बोल्नेहरुसँग नजिक भएका व्यक्तिहरुले पढेलेखेको पाइन्छ । तर अहिले आएर परिस्थितिमा फरक आएको छ । सबै मानिसहरुमा पढ्नु पर्ने रहेछ भन्ने धारणाले विकास हुनुले शैक्षिक क्षेत्रमा धेरै संलग्नता बढेको छ ।

### तालिका नं. ७

### लिङ्ग, उमेर, समूह र शिक्षा

| उमेर समूह | महिला | | | | पुरुष | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षित | | अशिक्षित | | शिक्षित | | अशिक्षित | | शिक्षित | अशिक्षित | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ५-१४ | १०० | ३६.३६ | ५ | १४.२८ | ९० | ४१.२८ | २० | १८.५१ | १९० | ४४.३९ | २५ | १७.४७ |
| १५-६० | १५० | ५४.५४ | २५ | ७१.४२ | १२५ | ५७.३३ | ६० | ५५.५५ | २१० | ४९.०६ | ८५ | ५९.४४ |
| ६० भन्दा माथि | २५ | ९.०९ | ५ | १४.२८ | ३ | १.३७ | २८ | २५.९२ | २८ | ६.५४ | ३३ | २३.०७ |
| जम्मा | २७५ | १०० | ३५ | १०० | २१८ | १०० | १०८ | १०० | ४२८ | १०० | १४३ | १०० |

***स्रोत : स्थलगत निरिक्षण, २०७३ ।***

माथिको तालिकामा पुरुष र महिलाहरु शैक्षिक स्तर तुलना गर्दा खासै भिन्नता देखिदैंन । पुरुषहरु ८२ प्रतिशत शिक्षित देखिन्छ भने महिलाहरु पनि७३ प्रतिशत शिक्षित देखिन्छन् । यसरी समग्रमा हेर्दा जम्मा जनसंख्याको ७६ प्रतिशत शिक्षित र २० प्रतिशत अशिक्षित छन् भने ३ प्रतिशत थाहा पाउन नसकिएको देखिन्छ । यसरी महिलाहरुको शैक्षिक स्तर सुदृढ हुनुमा गुरुङ्ग समुदायमा महिलाहरुको शिक्षाको लागि अवसर दिइएको स्पष्ट हुन्छ ।

## ४.४. गुरुङ्ग जातिको सांस्कृतिक अवस्थामा आएको परिवर्तन

गुरुङ्ग जातिको संस्कृतिको धनी छन् । यिनीहरुका विभिन्न सामाजिक, सांस्कृतिक परम्परा कायम राखेको पाइन्छ ।

### ४.४.१. चाडपर्व

गुरुङ्गहरुको धेरै किसिमको चाड पर्वहरु मनाउने गर्दछन् । हिन्दुवादीहरुको प्रभाव र बाहुल्यताले गर्दा यिनीहरु पनि हिन्दु चाडपर्वहरु साउने संक्रान्ति, नागपञ्चमी, जनै पूर्णिमा, तीज, दशैं, तिहार, माघे

संक्रान्ति, शिवरात्री, फागु पूर्णिमा, चैते दशैं आदि मनाउने गर्दछन् । यस्ता चाडपर्वहरु मनाउँदा आफ्ना सास्कृतिक मान्यताहरुलाई छाड्दै गरेको पाइन्छ ।

यी उल्लिखित चाडपर्वहरु वास्तवमा हिन्दु चाडपर्वहरु हुन् । त्यसैले गर्दा गुरुङ्गहरु हिन्दु हुन् भन्ने गरको समेत पाइन्छ, तर त्यसो नभई हिन्दुहरुको प्रभावले गर्दा यी चाडपर्वहरु मनाएको कुरा यथार्थमा पाइन्छ । गुरुङ्गहरुका आफ्नै किसिमका चाडपर्वहरु छन् जस्तैः पुस पन्ध्र (ल्होसार), श्रीपञ्चमी, बैशाख पूर्णिमा, ट्होटें दशैं, तिहार आदि ।

### ४.४.१.१. पुष पन्ध्र (ल्होसार)

प्रत्येक बर्ष पुस पन्ध्रका दिनलाई गुरुङ्गहरुले ल्होसरा भनि मनाउँछन् । “ल्हो” भनेको वर्ग हो र “सार” भनेको सर्ने हो । अर्थात् वर्गा सर्ने दिन हो । यो ल्होसारको भोलिपल्टदेखि उनीहरुको नयाँ बर्ष सुरु हुन्छ र यसैलार्य उनीहरु नयाँ बर्षको रुपमा मनाउँदछन् (नोट : गुरुङ्गहरुको बाह्रवटा वर्गको बारेमा अगाडि “नाम राशी जुराउने” उप शीर्षकमा उल्लेख गरिसकेको छ ।) गुरुङ्ग जातिले आफ्नो वर्गको गणना गर्दा सङ्ख्याको प्रयोग नगरी धर्मको आधारमा गणना गर्दछन् । विक्रम सम्वको वा इश्वी सम्वतको एक वर्षमा गुरुङ्ग जातिको एक वर्ग फेरिन्छ । वर्ष गणनाको माध्यमको रुपमा प्रयोग गरिने कुल वर्गको सङ्ख्या बाह्रवटा हुन्छ । यी वर्गहरु प्रत्येक बाह्र बर्ष पुगेपछि दबलिँदै जान्छ (बाल नरिसिंह गुरुङ्ग, २०५०) । ल्होसारको दिनमा उनीहरु मासु, रक्सी, स्यूर क्हें (सेल रोटी) खाने गर्दछन् । यस दिन उनीहरु विहान चोखो भई नजिकको गुम्बाबा बुद्ध दर्शनका लागि र अन्य पूजापाठका लागि जाने गर्दछन् अन्य जातिहरु मध्ये तामाङ र शेर्पा जातिले मनाउने ल्होसार र गुरुङ्गहरुले मनाउने ल्होसारको तुलना गरी हेर्दा पूजाआजाका प्रक्रियाहरु मिल्न गएको देखिन्छ तर ल्होसार मनाउने महिनामा भने फरक भएको पाइन्छ । जस्तैः तामाङहरु माघ महिनामा ल्होसार मनाउँछन् । यस अनुसन्धानको क्रममा छनोट गरिएका बडाहरुमा स्थलगत अनुगमन गर्दा यस चाडलाई धुमधामका साथ मनाईएको पाईयो ।

### ४.४.१.२. श्रीपञ्चमी र बैशाख पूर्णिमा

श्रीपञ्चमी गुरुङ्गहरुलको अर्को चाड हो । यही दिनबाट गुरुङ्गहरुको घाटु नाच सुरु हुने भएकोले योदिन पनि गुरुङ्गहरुको महत्वपूर्ण चाड नै मानिन्छ । यो घाटु नाचलाई गुरुङ्गहरुको जातीय संस्कृति र विशेषता झल्काउने एक प्रमुख चाड मानिन्छ । त्यस्तै बैशाख पुर्णिमा पनि उनीहरुको अर्को महत्वपूर्ण

चाड हो । श्रीपञ्चमीमा सुरु भएको घाटु नाच बैशाख पूर्णिमा सुरु हुनुभन्दा दुई दिन अगाडिदेखि देखाइन्छ र बैशाख पूर्णिमाको दिनदेखि विसर्जन पनि हुन्छ ।

घाटु नाच हेर्नको लागि उक्त नाच नाचिने गाउँमा अन्य छिमेकी गाउँबाट आफन्त र साथीहरु नाच हेर्न आउने चलन छ । त्यसैले घाटु नाच नाच्ने वर्षमा उक्त गाउँलाई धेरै आर्थिक भार पर्दछ । तर आ-आफ्नो पाहुना आ-आफ्नो घरमा लैजाने चलन भएकोले यो आर्थिक भार पनि बाँडिन्छ । यस दिनमा नचिने घाटुलाई सती घाटु भनिन्छ । श्रीपञ्चमीदेखि नाच्नको लागि अभ्यास गर्ने र बैशाख पूर्णिमाको दिन विसर्जन हुने भएकोले यी दुवै महिनाहरु गुरुङ्ग संस्कृतिका लागि महत्वपूर्ण देखिन्छन् (यस अनुसन्धानको क्रममा छनोट गरिएका वडाहरुमा स्थलगत अनुगमन गर्दा यस चाडलाई धुमधामका साथ मनाइएको पाईयो ।

### ४.४.१.३. ट्होंटे

यस्तै गरी गुरुङ्गहरुको चाडपर्वको रुपमा ट्होंटे पर्व पनि विशेष उल्लासका साथ मनाइने गरिन्छ यो चाड वर्षमा एकदेखि तिन पटकसम्म मनाउने गरेको पाइन्छ । यो प्रक्रिया वोन धर्मअनुसार ( प्रकृतिको पूजा) धेरै नै मिल्ने गरेको पाइन्छ । ट्होंटे पहिलो पटक चैत्रमा, दोस्रो पटक साउनमा मनाइएको पाइन्छ । मानिसहरु माथि भूत, प्रेम नलागोस्, गाउँमा रोगव्याधी नलागोस् भन्ने उद्देश्यले बेलुकीदेखि यो चाडका प्रक्रियाहरु सुरु गर्दछन् । १ जनाले सिम्रिक धुप (धुपी सल्लाको पातबाट बनेको) बलेको भाँडा र एक जनाले कुनै आवाज आउने ढ्याङ्ग्रो बोकेर बजाउँदै गाउँ घुमेपछि एक पटकको ट्होंटे सकिन्छ । ११ देखि १६ वर्षका केटाहरुले यो प्रक्रिया गर्दछन् । यस अनुसन्धानको क्रममा छनोट गरिएका वडाहरुमा स्थलगत अनुगमन गर्दा यस चाडलाई धुमधामका साथ मनाईएको पाईयो ।

### ४.४.१.४. दशैं

नेपालमा अन्य जातजातिले जस्तै गुरुङ्गहरुले पनि दशैं भव्यताका साथ मनाउने गर्दछन् । फूलपातीका दिनदेखि विजया दशमीसम्म गाउँभरि नै खेतबारीमा काम गर्ने र घाँस दाउरा गर्ने कार्यलाई प्रतिबन्ध लगाएका हुन्छन् । जसले गर्दा उक्त दिनदेखि घर बाहिर गर्ने काम प्रायः जसो बन्द नै हुन्छ । फूलपातीको दिनमा टोल-टोलमा राँगो काटेको हेर्न जाने उत्सव हुन्छ । उत्सव हुने ठाउँमा भीड जम्मा

भएपछि टोलको आँटिले र बलियो युवकले राँगो काट्दछ । एकैपटक राँगो छिनाल्न सक्ने युवकलाई गाउँलेहरुले बलियो भनि गुणगान गर्दछन् । राँगो काटी सकेपछि घरधुरीको मागअनुसार मासुको भाग लगाएर बेच्दछन् । यस बाहेक आर्थिकपक्ष सबल भएकाहरु मध्ये चार जाते लामाले अष्टमीका दिनमा र चार जाते लामिछाने नवमीका दिनमा खसी, भेडाको साँढे काट्ने गर्दछन् । विजया दशमीका दिनमा आफ्नो घरमा टीका जमरा लगाई सकेपछि गाउँमा मान्यजनहरुको घरमा टीका थाप्न जाने चलन छ । दशमीको दिनमा गुरुङ्गहरु साधा चामलमा दही मुछेर सेतो टीका लगाउँछन् ।

केही वर्ष यस्ता बुद्ध धर्म अन्तर्गत दशैं गुरुङ्गहरुको चाडमा पर्दैन, हिन्दु धर्मअनुसारको यो चाड मनाउनु हुँदैन भनि केही गुरुङ्गहरुले दशैंमा टीका-जमरा लगाउन छोडिसकेका छन् तर मासुका साथै अन्य स्वादिष्ट परिकारहरु भने खाने गर्दछन् । यथार्थमा भन्दा गुरुङ्गहरुले हिन्दुहरुको चाड भनि दशैं मनाउन हिच्किचाए पनि गुरुङ्ग जातिले मनाउने दशैंको आफ्नै किसिमको पहिचान भएको पाइन्छ । गुरुङ्गहरुले फूलपातिको दिनदेखि आफ्ना छोरी चेलीलाई खाना खान घर घरमा बोलाउँछन् । यति बेला चाड जातीय गुरुङ्गले आफ्नो हितैषी र मित साइनो पर्ने सोह्र जातका छोरी चेलीलाई पनि खाना खानको लागि बोलाउँछन् । छोरी चेलीलाई खुवाउने खानामा मासुको परिकार हुन अनिवार्य जस्तै हुन्छ । यसरी खाना बोलाउने प्रक्रिया पालै पालो जस्तो हुन्छ । जस्तै उदाहरणको लागि हिजो ठूलो बुबाको घरमा बोलाएको थियो भने आज काकाको घरमा बोलाएको हुन्छ । खाना खानको लागि छोरी चेलीहरु जाँदा आजकाल मोवाईलको जमनामा पनि वर्ष दिनसम्म एकआपसमा कुराकानी गर्न फुर्सद नभएकाहरुले उक्त दिन भेटेर सुख दुःखको कुरा गर्ने अवसर पाउँछन् । यसरी बोलाएको घरमा छोरी चेलीले रक्सी लगिदिने चलनछ । आजभोलि रक्सी लाने चलनमा केही परिवर्तन आएको पाइन्छ । कुनै-कुनै घरमा रक्सी खाने मान्छे नै नहुने हुँदा त्यस्ता घरहरुमा जाँदा फलफूल, चिनी,चियापत्ती आदि लैजाने गर्दछन् । खाना खानको लागि पुरुषहरुलाई बोलाउने चलन छैन । दशैंमा गाउँको पायक पर्ने ठाउँमा लिङ्ग र रिगांटे पिङ्ग बनाउँछन् र बालकदेखि युवा सबै पूर्णेको दिनसम्म पिङ्ग खेलेर रमाइलो गर्दछन् । यस अनुसन्धानको क्रममा छनोट गरिएका वडाहरुमा स्थलगत अनुगमन गर्दा यस चाडलाई धुमधामका साथ मनाईएको पाईयो । देश विदेशमा रहेका सबै दाजुभाई, दिदिबहिनी आदी घर फर्किन्छन् । सबै परिवार एकसाथ बसेर रमाईलो गर्छन् ।

### ४.४.१.५. दुध पोखरीको जात्रा

गुरुङ्गहरुको संस्कृतिमा अर्को एउटा महत्वपूर्ण चाड दूध पोखरीको जात्रा हो । दूध पोखरीको जात्रामा गाउँका छोरी चेलीहरुलाई लिएर दाजुभाइहरु साथमा लागि दूध पोखरी नुहाउन जाने गर्दछन् । त्यसैले दूध पोखरी जात्रालाई छोरी चेली घुमाउने जात्रा पनि भनिन्छ (जगतमाया गुरुङ्ग, २०५७) । गाउँलेहरुले वर्षको एक पटक आफ्नो चेलीलाई लिएर लमजुङ्ग हिमालको काखमा पर्ने पवित्र कुण्ड दूध पोखरीमा जाात्रा लैजाने परम्परा छ । यसरी जात्रा जाँदा उनीहरु जनै पूर्णिमाको दिनमा दूध पोखरी पुग्ने गरी जाने गर्दछन् । दूध पोखरी पुगी नुहाउने र त्यहाँबाट मनाङको **"ओप्ले को"** (स्वर्ग जाने बाटो), मुस्ताङको मुक्तिनाथ दर्शन गरी पोखरा हुँदै गाउँसम्म छोरी चेली ल्याई पुर्‍याएपछि दाजुभाइले आफ्नो छोरी चेलीलाई विवाह पूर्व गर्नुपर्ने ठूलो कर्तव्य पूरा भएको महसुस गर्दछन् ।

जात्रा जान र फर्किनको लागि कम्तिमा १५ दिनसम्म लाग्ने गर्दछ । जात्रा जाने बारेमा युवतीहरु रोदीमा सल्लाह गर्दछन् । जात्राको लागि गाउँबाट निस्कने दिनमा पुरोहितबाट राम्रो साइत हेरी बन्दुकको बढाईसँगै यात्रा आरम्भ गर्दछन् । त्यसपछि रोदीको आमाले चामल र दहीको सेता टीका लगाएर युवतीहरुलाई विदाई गर्दछन् (अमृत गुरुङ्ग, २०५७) । यसरी जात्रा जाँदा युवतीहरु गरगहना र परम्परागत पहिरन ङ्ही (गुनियो), चोली, पर्खु (घलेक) । क्रमु (पछ्यौरी) मा खुब सजिएर जान्छन् । उमेरले ठूलाबडाहरुको आशिष लिएर जात्रा जाने परम्परा छ । पहिला पहिलाका चलनअनुसार ३२ तोलासम्मको गहना लगाउनुपर्छ भनित्थ्यो तर आजभोलि सुरक्षाको दृष्टिकोण राखी गाउँ बाहिरसम्ममात्र गरगहना लगाउँछन् र त्यसपपछि फुकालेर गाउँमा नै फिर्ता पठाईदिन्छन् ।

यस्तो महत्वपूर्ण चाडपर्वलाई आज धेरै गुरुङ्गहरुले बिर्सिसकेका छन् । यसको मुख्य कारणहरुमा जात्राको लागि धेरै दिनसम्म मिहिनेतपूर्व यात्रा गर्नुपर्ने, यात्रामा धेरै कठिनाई हुने (लेक लाग्ने, बस्नको लागि गोठ भेटाउन गाह्रो पर्ने, खाने खर्च आफैंले बोकेर जानुपर्ने आदि) र आफ्नो संस्कृतिलाई जोगाउनु पर्छ भन्ने भावनामा कमी आउने आदि देखिन्छन् ।

### ४.४.१.६. गुरुङ्ग नृत्य

गुरुङ्ग जातीहरुको विभिन्न चाड पर्वहरुमा विभिन्न सांस्कृतिक नृत्यह प्रस्तुत गर्ने गर्दछन् । तिनीहरुलाई तल चर्चा गरिएकोछ । **सोरठीः** सोरठी गुरुङ्गहरुको विभिन्न किसिमको नाच हो । यो नाच एक पुरानो जैसिङ्गे भन्ने राजा र उनकी छोरीको कथामा आधारित छ । यसअनुसार जैसिङ्गे राजाको

दुईजना श्रीमती थिए तर बच्चाबच्ची थिएनन् । धेरै समयपछि कान्छी श्रीमतीले एउटा छोरी जन्माइन् । यसरी छोरी जन्मिएपछि ती रानीलाई आफूभन्दा अघिका रानीले इर्ष्या गर्न थाले । सौतेनी रानीको सल्लाहमा जैसीले उक्त कन्यालाई सात मूल परेकी छे, एक मूलते साल महिनामा बाबु खाने र अर्को मूलले धन दौलत संहार पार्दछ भनिदियो । त्यसपछि कन्यालाई सनेको संपट (बाकस) भित्र राखेर गङ्गामा बगाई दियो । सुनको संपट माझीहरुले जाल हान्दा पाउँछन् । संपटभित्र लक्षिणले धपक्क लेकी कन्यालाई माझीहरु मध्ये एकजनाले घरमा लगे  धेरै समयपछि जैसिङ्ग राजा शिकार खेल्न जाँदा माझीको घरमा राजकन्यालाई देखेपछि (अपरिचित भएको कारणले) विवाह गर्न तयार हुन्छन् । सिन्दुर हाल्न तयार हुने बेलामा मात्र बाबुछोरी बीच परिचय हुन्छन् र धेरै समयपछि पुनः भेट भएकोले स-सम्मान हात्तीमा राखी राजकन्यालाई दरबार लैजान्छन् । यसपछि झुटो चिना बनाउने जैसिलाई चारपाटा मुडाएर डाँडा कटाई दिन्छ । उक्त राजकन्याको नाम सोरठी थियो (शेरजङ्ग गुरुङ्ग, २०५४) । राजकन्याको जन्मदेखिको वृत्तान्त भएकोले यो नाच सोरठी नाचबाट निचिन्छ ।

यो सोरठी नाच विजया दशमीको साँझमा नाच्ने गरिन्छ । यसमा दुईजना पुरुषहरु केटी बनेर नाच्छन् र दुईजना पुरुषरु केटा नै बनेर नाच्छन् । उनीहरुको बीचमा एउटा नाइके जस्तो भूमिकामा नाच्ने गर्दछ, जसलाई 'फुर्चुङ्गे' भनिन्छ । यतिबेला लगाउने पहिरन सेतो कपडाले बनेको चोलो र घाँघर जस्तो हुन्छ जुन परम्परागत रुपमा सँगालेर राखिएको हुन्छ । यो पहिरनसँग कम्मरमा नीलो पटुका बान्दछन् र टाउकोमा परी बाँध्दछन् । यस नाचले गुरुङ्गहरुको संस्कृतिको एउटा पक्ष देखाउन आज पपिन प्रयास गरिरहेको देखिन्छ । यस अनुसन्धानको क्रममा छनोट गरिएका वडाहरुमा स्थलगत अनुगमन गर्दा यस चाडलाई धुमधामका साथ मनाईएको पाईयो ।

**घाटुनाचः**

घाटु नाच गुरुङ्गहरुको अर्को महत्वपूर्ण जातीय नाच हो । यो नाच पश्चिम नेपालको संस्कृति पनि हो । यो नाचको गीत नेपाली भाषा हुन्छ । घाटु नाच दुई किसिमका हुन्छन्, बाह्रमासे घाटु र सती घाटु । यो नाचमा पनि राजारानीको बारेमा नै उल्लेख गरेको पाइन्छ । राजारानीको मुख्य चरित्र नाचको आधिकारिक अङ्गलाई सती घाटु र राजारानीले शिकार खेल्ने बगैंचा विहार गर्ने बाली थन्काउने आदि प्रसाङ्गिक अङ्गलाई बाह्रमासे घाटु मानिएको छ । गीति शैलीमा गरिने नाटक हुनाले यसलाई गीति नाटक पनि भन्ने गरिन्छ । यसमा अभिनय यम्फावती रानी मर्स्याङ्दी किनार (सती घाट) मा सती जान्छिन् । राजारानीका् सम्झना र यश कीर्तनको निमित्त सती घाटमा अनुष्ठान गरी अभिनय गराएको

हुँदा यस नाचको नाम सती घाटु नामकरण भएको हो (जगमान गुरुङ्ग, २०३४) । यसरी घाटु नाचको मुख्य नाम सती घाटु रहन गएको हो ।

बाह्रमासे घाटु बाह्रै महिना नाच्न सकिन्छ । तर सती घाटुको नाच अवधि वसन्त पञ्चमीदेखि वैशाख पूर्णिमासम्म मानिएको छ । यसका अतिरिक्त अरु बेला सतीघाटुको नाच बर्जित गरिएको छ । यस नाचले क्रिम सम्वत् सोहौं शताब्दीको नेपाली जनजीवनको एउटा झक प्रस्फुटन गर्दछ । सात तले, नौ तले दरबार, सुन चाँदिको असर्फि चलन गर्ने, फलङ्गमा सुत्ने, च्याखुराको तरकारी खाने इत्यादि वर्णनबाट तत्कालीन जनजीवनको स्तर प्रष्ट हुन्छ । यस नृत्य नाटकको उद्गम स्थल गोर्खा राज्यलाई मानिएको छ । त्यस बेला गोर्खामा सुन चाँदीको असर्फी हुनु त कतै आश्चर्यको कुरो होइन, तर सात तले नौ तले दरबार जस्तो कुरा कथामा आउँदा अचम्म लाग्नु स्वभाविक हो । यस्ता आश्चर्य चकित कुराहरु काल्पनिक बनाए पनि यो नाच अहिले पनि गुरुङ्गहरुमा कहीँ कहीँ रही आएको छ । भाषिक लयबद्धता भएको संस्कृति झल्कने नृत्य नाटक भएकोले यसलाई जोगाउनतर्फ अघि बढ्नु परेकोछ । यो एउटा प्राचीन संस्कृति हो यसलाई जोगाउनु पर्दछ । यस अनुसन्धानको क्रममा छनौट गरिएका वडाहरुमा स्थलगत अनुगमन गर्दा यस नाचलाई धुमधामका साथ मनाइएको पाईयो ।

**रोदीः**

रोदीलाई गुरुङ्गहरुको संस्कृति नै भने पनि हुन्छ तर यो अहिले धेरै ठाउँबाट रोदीको चलन हराइसकेको छ । 'रो' भनेको सुन्ते र 'धी' भनको घर हो । त्यहीं रोधीबाट रेदी शब्द बनेको हा । आधुनिक दुष्टिकोणले परिभाषित गर्ने हो भने पाश्चात्य समाजमा पाइने नाइट क्लब जस्तै रोदी पनि एउटा क्लब हो (जगमान गुरुङ्ग, २०३४) । रोदी युवायुवतीको लागि छुट्टाछुट्टै हुन्छ तर विशेष गरेर युवतीहरुको रोदी नै बढी चल्ती पाइन्छ । बेलुका खानपिन गरिसकेपछि समयवस्कका युवतीहरु रोदीमा जम्मा हुन्छन्, यिनीहरुलाई रोंस्यों भनिन्छ । रोदीमा बसेरै गर्न सकिने कामहरु जस्तै : पुवाबाट धागो झिक्ने, कम्बल, बख्खु, थैलो, भांग्रा सिउने आदि काम गर्दछन् । मनोरञ्जनका साधन केही नभएकाले नाचगान गरी उनीहरुको रमाइलो गर्ने गर्दछन् । त्यसैले दिनभरिको परिश्रम, थकाई, दुःख बिर्सेर युवतीहरु रोदीमा जाने गर्दछन् । त्यस घरमा आमाबाबुलाई रोस्यो आमा, रोस्यो बा भन्दछन् । रोदीका युवतीहरुलाई रोस्यो आमाले असल शिक्षादीक्षा दिने गर्छन् । घाटु, सोरठी, कृष्णचरित्र, भक्ति सांस्कृतिक नाच र ठेटर जस्ता आधुनिक नाचको सञ्चालन गर्ने अभिभारा यही रोस्योहरुको हुन्छ ।

रोदीको युवा युवतीमा सौगात लेनदेन गर्ने चलन पनि छ, यसलाई 'सैलु प्रेब' भनिन्छ ।

सबभन्दा पहिला समवयस्कका युवकहरुले मादल उपहारर लिएर युवतीहरु कहाँ जान्छन् । त्यसपछि युवतीहरुले जतिजना युवक छन् ती प्रत्येकलाई कम्तीमा पनि एक सय गोटा सेलरोटी र सोहीअनुसारको रक्सी पठाई दिन्छन् वा लिएर आफैं जान्छन् । युवकहरुले पनि युवतीहरुलाई वनतरुल पेराङग् (चोयाले बनाएको डोकोमा जस्तै स-साना प्वाल भएको हातले च्याप्न मिल्ने चिज) मा राखेर खीर पकाई ३,४ भारी नै लगी दिन्छन् । युवतीहरुले भांग्रा, खादी वा ऐठे बुनेर युवकहरुलाई दिन्छन् भने युवकहरुले त्यसको सट्टामा युवतीहरुलाई क्रमु (पछ्यौरा) किनेर लगी दिन्छन् । यसरी सैलुं प्रेव युवा युवतीहरुलाई माइती मायाको चेली भन्दछन् । रोदीमा यौन स्वतन्त्रता हुन्छ भन्नु गुरुङ्ग संस्कृतिमा नै हिलो छ्याप्न खोज्नु हो । प्रेम र विलासमा धेरै अन्तर हुन्छ । रोदीको चलन नभएका समाजमा पनि धेरै अवाञ्छनीय व्यभिचारहरु भएका उदाहरणहरु प्रशस्तै पाइन्छन् ।

रोदीका युवायुवतीहरु कम्तीमा एकपटक माघे संक्रान्तिमा पोखरा ढुङ्गे साँघुको मेला, जनै पूर्णिमा दूध पोखरीको मेला, मुक्ति क्षेत्रको डाँडा, फलिया साँघुको मेला, सिकलेसको म्हीदु मेला, सेतीको खार पानीको मेला र अन्य तीर्थस्थलहरुमा र हाट बजारमा जात्रा गई मेला भर्न जाने अनिवार्य सम्झन्छन् । यसरी जात्रत्रामा जाँदा रोटी रक्सी पनि लगेर बन्दोबस्त साथ जाने गरिन्छ । जात्रा जादा रोदी परिवारले गाउँलेलाई समेत नियन्त्रण दिन्छन् । यस्तो जात्रामा लाग्ने सम्पूर्ण खर्च गोस्वारी कोषबाट व्यहोर्ने गर्दछन् । यसरी जात्रा भने आएपछि गाउँमा नाचगान गरी रमाइलो गर्दछन् । यस बाहेक गाउँमा परेका कामकाज सबै रोदी परिवारका सदस्यहरु मिलेर गर्ने गर्दछन् । दु:ख सुखमा सबैले साथ दिने हुनाले रोदीलाई सहयोगी संस्था भने पनि हुन्छ । सँगै मिलेर काम गर्ने, खाने, हिँड्ने हुँदा युवायुवतीको बीच आपसी मेलमिलाप, सहयोग एवं सहिष्णुताको सद्भावना बनी समाजमा मिलेर बस्ने उपयुक्त वातावरण सिर्जना भएको पाइन्छ । तर अहिले गएर रोदीको चलन हराउँदै गइरहेकोछ । कुनै-कुनै ठाउँहरुमा एक दुइवटा घटनाले नराम्रो बनाई दिएकोले यो प्रथा गुरुङ्ग समाजबाट हराउँदै गइरहेकोछ । यसरी सामान्य रुपमा कसैले आलोचना गर्दैमा आफ्नो सांस्कृतिक मूल्य र मान्यताहरुलाई छोड्नुभन्दा ती आलोचनाको खण्डन गर्दै आफ्ना परम्परागत संस्कृतिहरुको रक्षा गर्नु अत्यावश्यक हुन आउँछ । त्यसैले लोप हुन लागेको कला, संस्कृतिलाई जोगाउन सबैको नैतिक कर्तव्य र दायित्य हुन आउँछ ।रोदीमा यदाकदा घट्न सक्ने नकारात्मक घटनालाई समाधान गर्ने उपाय खोज्न रोदीका सकारात्मक पक्षलाई जोड दिनु पर्दछ । यसको लागि रोदीको सांस्कृतिक महत्वलाई सबै गुरुङ्गहरुले बुभ्न्न आवश्यक देखिन्छ ।

### ४.५ जीवनका संस्कारहरु

गुरुङ्गहरुले पनि अन्य जातिले जस्तै जन्मदेखि मृत्युसम्म विभिन्न प्रकारका संस्काहरु सम्पन्न गर्दछन् । यस्ता संस्कारहरु सम्पन्न गर्न उनीहरुका आफ्नै रितिरिवाज र परम्परा अनुसार सम्पन्न गर्दछन् ।

### ४.५.१ जन्म संस्कार

बच्चा जन्मेको ३ दिनमा शास्त्र पढ्न जान्ने लामाले वा पैंडी (ज्योतिषी) ले ग्रह दशा विचार गरी राखी जुराएर नाम राख्छन् । सोही दिन नाम राशीको टिप्पणी पनि बनाउँछन् , तर ४-५ वर्षपछि मात्र जन्म पत्रिका लेखाउने गरिन्छ । गुरुङ्गहरुले उमेर थाहा पाउनका लागि वर्ग पद्दति अपनाउँछन् । यस अनुसार प्रत्येक वर्ष एउटा जनावरको नामबाट बाह्र वर्षसम्ममा बाह्र वटा जनावरका नाम हुन्छन् । प्रत्यृक वर्ष जनावरको नाम फेरिन्छ, जसलाई वर्गा फेरिनु भनिन्छ । क्रमबद्ध रुपमा यो वर्गहरु हुन्छन् र बाह्र वर्ष पूरा भएपछि पुनः सुरुबाट वर्ग दोहोरिएर आउँछ । यिनै वर्गको नामबाट गुरुङ्गहरुले आफ्नो पत्ता लगाउँछन् । बाह्रवटा वर्गहरुको नाम क्रमशः यस प्रकार छन् । तो ल्हो (बाघ वर्ग), हि ल्हो (बिरालो वर्ग), मु भ्रि ल्हो (गुरुङ्ग वर्ग), स भ्रि ल्हो (नाग वर्ग), त ल्हो (घोडा वर्ग), हि ल्हो (मृग वर्ग), च्हयु ले ( बिरालो वर्ग) र लो ल्हो (गाई वर्ग)(स्थानीय धन कुमारी गुरुङ्ग, स्थलगत अध्ययन भ्रमण २०७३) । वर्ग पद्दतिअनुसार वर्ग जुराउने काम गरिन्छ तर विस्तृ.त नाम कुण्डली भने ब्राह्मण ज्योतिषीहरुबाट लेखाउँछन् । बच्चाको नाम भने न्वारानको दिनमा मात्र प्रकाशमा ल्याइन्छ ।

### ४.५.२ छैंठी

बच्चा जन्मेको छैटौं दिनमा धूप, दीप, सुगन्धित मिष्ठान्न, फलफूलले छैठीको पूजा गर्दछन् । रातभर अखण्ड बत्ती बाली बालकलाई सु-शयनमा सुताई भावी देवतालाई खुसी पार्न नाचगान गरी जाग्राम वस्ने गर्दछने । यस दिनको रातमा बच्चाको भाग्यरेखा भावी देवता आई कोरी दिन्छ भन्ने जनविश्वास छ ।

### ४.५.३ न्वारान

छोरा जन्मेका छ भने ९ दिनमा र छोरी जन्मेको छ भने ७ दिनमा बालकलाई पञ्चरत्नको शुद्ध जलले नुहाइ-धुवाई गरी राशीको नाम सुनाउँछन् र शुभ आशीर्वाद दिन्छन् । सोही दिन बालकलाई बाहिर ल्याई सूर्यको जस्तो प्रताप होस् भनी सूर्यलाई देखाउँछन् र घाममा राखी तेल घसाउँछन् । न्वारानकै दिन बालकलाई नाक-कान छड्ने चलन पनि छ । छोरीको नाक छड्दा देब्रेपट्टि छेड्ने गर्दछन् यसै दिनमा काँचो धागोको नौसरो वा सात सरो (छोरालाई नौसरो र छोरीलाई सात सरो) धागो वेसार लगाई ती ठाउँमा गाँठो बनाएर बुढी बजैले घाँटीमा, कम्मरमा, हात-गोडामा लगाई दिने चलन छ, ( स्थानीय शुभ कुमारी गुरुङ्ग, स्थलगत अध्ययन २०७३) ।

### ४.५.४ पास्नी

छोरी भए जन्मेको ५ महिनामा र छोरा भए ६ महिनामा बालकको अन्नप्रासन संस्कार हुन्छ मार्सी चामलको खीर, घिउ, दूध, मह चराको मासु, कसला माछा, सागको तरकारी र विभिन्न मिष्ठान्नहरुको परिकार बनाएर पूर्व मोहडा गरी सुनको असर्फिले अन्नप्रासन (खुवाउने) गराउने गर्दछन् अन्नप्रासन भएपछि बालकलाई नयाँ कपडा लगाई दिने गर्दछन् । त्यसपछि मात्र बालकलाई आफ्ना घरदेखि वरपरसम्म घुमफिर गराउने गर्दछन् ।

### ४.५.५ पुटपुटे

बालक तीन वर्षको भएपछि ढिलोमा ५ वर्षसम्म एक उत्सव मनाइन्छ, जसलाई पुटपुटे भन्दछन् यस उत्सवमा बालकलाई शुभ आशीर्वाद मिलोस् भनेर देव पितृको पूजाआजा गरिन्छ, जसमा नाचगान नै मुख्य हुन्छ । यस उत्सवमा टाढाटाढाका इष्टमित्रहरु आएर त्यस बालकलाई आशीर्वाद दिने गर्दछन्, गरगहना, पैसा पनि दिन्छन् । त्यसपछि पुगेसरी भएका परिवारले बालकलाई गहना लगाई दिने गर्दछन् यो उत्सव जेठो छोरामा मात्र हुने गर्दछ ।

### ४.५.६ क्षवर र गुन्यूचोली दिने

विशेष गरी बालक ८ देखी १३ वर्षको भएपछि राम्रो जान्ने पैडी (ज्योतिषी) सँग साइत निकालेर गाईको गोठमा लगी पूर्वमोहडा गराई त्यस वर्षको सगुनी पुरुष, त्यसमा विशेष गरेर मामाले नै भान्जाको

पहिलो पटक कपाल काटी टुप्पी राख्ने गरिन्छ । मामा नभएर अरु व्यक्तिले गर्ने गर्दछन् । यसरी यो उत्सव समापन भएपछि मात्र उसले हरेक कर्म काण्डमा भाग लिन पाउँछ । उत्सवमा भोज भतेर पनि हुने गर्दछ । छोरीको भने क्षवर कर्म गरिँदैन । राम्रो साइत जुराएर गुन्यूचोली लगाई दिने गर्दछन् । छोरी पाँच वर्षको भएपछि र ढिलोमा १३ वर्ष सम्ममा बिजोर वर्ग जुराएर नयाँ कपडाको गुन्यू-चोली लगाई दिन्छ । यसरी गुन्यूचोली लगाई दिनु भनेको छोरीको उमेर पुगेको संकेत हो ।

### ४.५.७ विवाह संस्कार

संस्कारको अर्थ परिमार्जन भन्ने हुन्छ यसले मानवलाई परिमार्जन गर्दछ । धर्म शास्त्रका सोह्र संस्कारको वर्णन गरिएकोछ । यस्ता संस्कारहरुमा गर्भाधान, पंसधन, सिमान्तोनयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चुडाकर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि रहेका छन् ।

गुरुङ्ग संस्कार मध्ये विवाह एक महत्वपूर्ण संस्कार हो । वैदिक धर्म शास्त्रले विवाहलाई एक आवश्यक एवं आध्यात्मिक संस्कारको रुपमा मान्यता दिएको छ । वैदेशिक कालमा अविवाहित व्यक्तिलाई अपवित्र मानिन्थ्यो । प्रत्येक समाज विवाह सम्बन्धी बनेको मान्यताहरु प्रचलित छन् ।समाज भित्रका विभिन्न पक्षहरु मध्ये विवाह पनि एक महत्वपूर्ण सामाजिक संस्था हो । समाजमा विवाह प्रथा नरहेको अवस्थामा समाज जंगली अवस्थामा रुपान्तरण हुन गै सामाजिक अस्ताव्यस्तताको सृजना भएर समाज सभ्य अवस्थामा पुग्न असम्भव हुन्छ । समाजको लागि विवाह संस्था आवश्यक पक्ष हो । यही पृष्ठभूमिमा सामाजिक एकाइका रुपमा रहेका मूल्य, मान्यता र अन्तरसम्बन्धमा परिवर्तन आउँदा लोग्ने स्वास्नीबीचको वैवाहिक सम्बन्ध तोडिन्छ र अन्य पक्ष परिवार, छिमेक र समाजमा विभिन्न खाले प्रभाव देखापर्दछ, जसको फलस्वरुप लोग्ने-स्वास्नीबीचको टुट्नु, तिनीहरुको बालबच्चाको पालनपोषण, शिक्षा आदिमा आइपर्ने समस्याहरु, नाता सम्बन्धमा नकारात्मक असर, परिवार र छिमेकमा सामाजिक र आर्थिक समस्याहरु सिर्जना हुन सक्दछन् तर त्यसलाई बैकल्पिक उपायहरु अपनाई समाधान गर्न सकिन्छ ।

वरवधु छनोट गर्ने क्रममा सर्वप्रथम केटा पक्षले नै कुरा उठाउँछन्, केटीको घरसम्म पुग्दछन् र

केटाकेटी देखादेख भएपछि निर्णय लिने सम्बन्धमा सहमत पनि हुन सक्छ । परिवार सदस्यकोभन्दा केटीको नै बढी अधिकार रहेको देखिन्छ । केटी मन परेमा चोरेर पनि लैजाने गरेको भेटिन्छ । विवाह गर्दा सकेसम्म आफ्नो नातेदारमा नै खोजिनै हुँदा परम्परागत रुपमा केटीहरुको नै केटामागि हक लाग्ने हुनाले बढी अधिकार केटीमा नै रहेको देखिन्छ । परिवारका सदस्यहरुको परामर्श भन्ने प्रश्नमा बृद्ध समूहले दिएको उत्तरमा अभिभावकले नै निर्णय गर्नुपर्दछ भन्ने धारणा रहेको भए तापनि अहिले आएर यिनीहरु केटाकेटीअरुको राय बुझ्न पर्ने रहेछ भन्ने कुरामा सहमत भएका छन् । प्रौढ समूहले भने केही कुरमा अभिभावक र केही रुपमा केटाकेटीको निर्णयले स्थान पाउनु पर्दछ भन्ने छ । युवा समूहको उत्तर भने यस्तो निर्णय गर्न पाउने अधिकार केटा केटीमा हुनुपर्दछ भन्ने धारणा रही आएको छ । बृद्ध समूहका केही व्यक्तिहरु प्रौढ समूहका केही व्यक्तिहरु, प्रौढ समूहका केही व्यक्तिहरु, युवा समूहका सबैको धारणालाई मध्यनजर गर्दै विवाहको निर्ण गर्ने अधिकार केटाकेटीमा नै हुनुपर्दछ भन्नेहरुको संख्या ८० प्रतिशतभन्दा बढी रहकोछ । त्यसैले गर्दा एक दरको तालिका दिइएको छैन ।

गुरुङ्गहरुमा विवाह गर्दा केटोको बाबुआमाले छोरो विवाह गर्ने उमेर भएपछि ज्योतिष हेराई, चिना जुराएर कुन वर्गसँग विवाह गर्नु हुन्छ भनेर सबै किसिमको शोधखोज गरिसकेपछि मात्र केछि माग्न जाने काम सुरु हुन्छ । यसरी माग्ने क्रममा केटा पक्षबाट दुई तिनजना जति मानिसहरु मिलेर आफ्नो जातीय संस्कारअनुसार केही रोटी, रक्सी र मासु समेत लिई केटीको घर जान्छन् । आर्थिक अवस्थाअनुसार रोटी, रक्सी र मासुको माामा फरक हुन्छ सक्छ । केटीको घरमा गएपछि केटा पक्षकाले विवाहको प्रस्ताव राख्दछन् र आफूले ल्याएको सगुन (रोटी, रक्सी र मासु) टक्र्याउँछन् । यति काम केटा पक्षबाट भएपछि केटीका बाबुआमाले आफ्ना दाजु-भाइ, नातेदार सबैलाई डाक्न पठाउँछन् र भेला भएपछि केटीको बाबुआमाले केटाको पक्षबाट गएकाहरुलाई परिचय गराउँछन् । केटीको प्रस्ताव सम्बन्धी सबै कुरा भन्दछन् । त्यसपछि दाजुभाइ नातेदाररुले विचार विमर्श गरी विवाहसम्बन्धी छलफल गर्दछन् । केडा पक्षबाट ल्याएको सगुनसमेत बाँडेर त्यही खान्छन् । प्रस्ताव स्वीकार हुन पनि सक्छ र नहुन पनि सक्छ । स्वीकार नभएमा फेरि प्रयास गरिन्छ । सगुन खायो तर छोरी दिएन भनिदैन । प्रस्ताव स्वीकार भएमा केटाकेटीको चिना टिप्पणी जुधाएर लगन साइत निकालिन्छ । विवाहको तिथि तोकी रक्सीको पुङ्ग लगिन्छ । रक्सीको पुङ्ग लैजाँदा वर तथा २-४ जना भलादमीहरु चलनअनुसार दस्तुर (रोटी, रक्सी, मासु इत्यादि) कोसेली सौगता दिएर केटीको घर जान्छन् । केटी पक्षका गोत्रीय एवं अन्य पञ्च

भलादमीहरु केही पाच्दछन् । आजदेखि फलानाको छोरी फलनाको भई, फलना गोत्रबाट फलाना गोत्रमा सरी भनी गोत्र सार्दछन् ।

तिथि तोकी सकेपछि निश्चित दिनमा केटाको आफन्तहरु दुलही लिन दुलहीको घरमा जाने गर्दछन् । वास्तवमा गुरुङ्गहरुको परम्पराअनुसार दुलही लिन दुलाहा जाँदैनन् (डिल्लीजङ्ग गुरुङ्ग, तमु २०५४) तर आजकल त्यस्तो पाइँदैन । दुलहीको घरमा पुग्नुभन्दा केही परै दुलाहा पक्ष पुगेको वा आएको खबर दिन बन्दुक पड्काउने गर्दछन् । बन्दुकको प्रयोगभन्दा अगाडि मादलको एउटा कुनै ताल बजाइन्थ्यो । त्यही तालबाट नै यता दुलाहा पक्ष आएको खबर मिल्दथ्यो ।दुलाहा पक्ष आएको थाहा भएपछि दुलहीका गाउँलेहरु (बिषेगर गरेर लोग्ने मानिस र तन्नेरा-तन्नेरीहरु) ले रङ्ग छ्याप्ने गर्दछन् । केराको गानो, मौसम अनुसारका काँचा निवुवा, मेवा, सुन्तला जस्ता चीजले हिर्काउने गर्दछन् । दुलाहा पक्षहरु त्यस्तो रङ्गहरुबाट बच्दै केटीको घरमा पुगेपछि घरको ढोका अगाडि भाला गाड्ने गर्दछन् । त्यसरी भाला गाडिसकेपछि रङ्ग हाल्न पाइँदैन ।

यसरी दुलहीको घरमा पुगेपछि दुलाहा पक्षाट केटीको बाबुआमा वा इष्ट मित्रलाई ६ सुका दिनुपर्ने हुन्छ । त्यस्तो ६ सुका केटा पक्षबाट दिएपछि केटी पक्षकाले ग्रहण गर्दछन् । हाम्रो छोरी आफ्नो गोत्र त्याग गरी तिम्रो गोत्रमा गई, अब तिमीहरुले राम्रोसँग पाल्नु भनेर छोरीको हात ज्वाइँको हातमा दिएपछि केटाले आफ्नो पुर्खा, कूलअनुसारको कर्तव्य निभाई सधैं खुसी राख्ने छु भन्दछ । दुलाहाले दुलही लगेपछि उसले दस्तुरको रुपमा दुलहीको आफन्तलाई केही दस्तुर दिनुपर्दछ । त्यस्तो दस्तुर दिने क्रममा लोग्ने मानिसहरुलाई पगरी र आईमाईहरुलाई पछ्यौरा दिनुपर्दछ । यसपछि दुलहीको घरमा काम पूरा हुन्छ । दुलहीलाई दुलाहाको घर पुऱ्याउन दुलहीको साथीहरु जानुपर्दछ ।

दुलहीलाई दुलाहाका घरमा पुऱ्याएपछि सर्वप्रथम दुलाहाको गाउँलेले बाटो छेक्दछन् । त्यस्तो छेक्ने व्यक्तिहरु प्रायः गरी रोदी परिवारका सदस्य हुन्छन् । त्यसैबेला दुलाहा दुलहीले केही पैसा दस्तुर दिनुपर्दछ । यसपछि दुलही दुलाहालाई घरभित्र पस्नु भनिन्छ । पस्नुभन्दा अगाडि घरको दैलोमा कुखुराको भाले वा चल्लाको बलि दिइन्छ र आफ्ना देवी देवतारुलाई सम्भिmन्छ । यति भएपछि भित्र पस्न लगाईन्छ

घरभित्र पस्ने बेलामा दुलाहा दिदीहिनीले ढोका बन्द गरिदिएका हुन्छन् । उनीहरुलाई दुलाहा-दुलहीबाट केही दस्तुर भेटी दिएपछि मात्र ढोका खोल्दछन् । यसपछि एउटा कन्या केटी अगाडी लगाई भित्र लगिन्छ । दुलाहा-दुलहीलाई घरको अगेना नजिकै बसाल्छन् । त्यसपछि त्यस कुलको जेठो

बुढापाकाले अगेनामा अग्नी पूजा गरी दुलाहा-दुलहीलाई टीकाटालो गरी दिन्छन् । त्यसपछि दुलाहाका बाबु, आमा र आफन्तहरुले टीकाटालो लगाई आर्शीवाद दिन्छन् । बेलुका सकिएपछि नाचगान गर्दछन् ।

दुलही ल्याएको भोलिपल्ट भोजभतेर गरेपछि गाउँ बारिन्छ । गाउँमा खनजोत, ढिकी, जाँतो केही जलाइँदैन । एक हप्तापछि दुलाहा-दुलही माइत जान्छन् । माइत जाँदा रोटी, रक्सी, पगरी, पछ्यौरा आदि कोसेली सौगता लिएर जान्छन् । मान्नु पर्ने मान्यजनहरुलाई रीतअनुसार दस्तुर र रोटी रक्सी कोसेली सौगात दिन्छन् । लोग्नेमान्छे जतिलाई पाँच हाते नैन, सुतको पगरी (फेटा) र आईमाईलाई कर्मू (मजेत्रो) दिई परिचय गर्दछन् । यस्त्रो दस्तुर अघि नै दिइसकेको भए पुनः दिँदैनन् । पछि केवल रोटी, रक्सी नै दिन्छन् । यसरी २-४ दिनपछि दुलाहा-दुलहीलाई माइतमा नै छोडेर घर फर्कन्छन् । यसरी घर-माइतमा जाने आउने क्रम चलिरहन्छ ।

मागी विवाह यस प्रक्रिलयाबाट गरेको पाईयो । यसरी यस बडामा जम्मा ६० जना उत्तरदातामध्ये जम्मा ४० प्रतिशतले मागी विवाह गरेको पाईयो । यो प्रतिशत सबभन्दा बढी हो । वडामा जम्मा ६० जना उत्तरदातामध्ये जम्मा १० प्रतिशतले श्याम विवाह गरेको पाईयो । यो प्रतिशत सबभन्दा बढी हो ।

### ४.५.८ मृत्यु संस्कार (अर्घौं)

गुरुङ्गहरुको मृत्यु संस्कारबारे उल्लेख गर्नुभन्दा अगाडि यिनका पुरोहितहरुका बारेमा सामान्य परिचय दिनु आवश्यक हुन्छ । गुरुङ्ग समाजले मानी आएका तिन थरीका पुरोहितहरु छन् । ती हुन् पज्यु (झाँक्री), ल्हेबृ (घ्याब्री) र लामा । यी तिन थरीका पुरोहित मध्ये घ्याब्री र झाँक्रीको लिखित ग्रन्थ हुँदैन त्यसैले मुखले नै भेट्याउँछन् । लामाको लिखित ग्रन्थ तिब्बती लिपि र भाषामा लेखिएको हुन्छ ।

गुरुङ्ग परम्पराअनुसार मर्दाखेरी अरु लामा धर्म मान्ने तिबेतियन हिमालीहरुमा जस्तै गृह नक्षेत्र हेरे मात्र मुर्दालाई गाड्ने हो की जलाउने हो भन्ने निश्चित गरिन्छ । मुर्दा गाड्नलाई गाउँ-गाउँको साझा चिहान हुन्छ । चिहानमा लैजानुभन्दा पहिला त्यस शवलाई ४ हातको सेतो कपडा (कात्रो) ले ढाकिन्छ । त्यस सम्बन्धित घरमा मान्छे मरेको थाहा पाएपछि घरको छानामा सानो सेतो कपडालाई झण्डा जस्तो बनाई गाडिन्छ । त्यसरी गाड्नुको अर्थ होत्यस घरमा मान्छे मरेको छ भन्ने संकेत दिने हो । त्यसै बेला झाँक्रीले ढ्याग्रो, झ्याली पिट्ने काम गर्दछन् । त्यस्तो शवलाई माइती वा मावलीले पनि कात्रो दिनुपर्ने हुन्छ, माइती मावलीले कात्रो नदिए लास लैजान पाइँदैन ।

पुरोहितले आफ्नो विधि विधानअनुसार मृत आत्माको तरन-तारण कार्य गर्दछन् । वैतरणी गराइए जस्तै मृत आत्माको स्वर्गजाने बाटोमा कुनै आपत्ति नपरोस् भनी “क्या तोँव”भन्ने गर्दछन् र आरती बाल्दछन् । त्यसपछि परमात्मामा मृत आत्मालाई अर्पण गर्दछन् । १ माना चामलको पिण्ड पकाएर छोराले त्यस पिण्डलाई ४ डल्ला बनाई चारै दिशातर्फ फाल्दछन् । त्यसपछि शवलाई बाहिर आँगनमा ल्याई खाटमाथि नयाँ गुन्द्री र नयाँ कम्बल ओछ्याई राखेको हुन्छ । शवलाई बाहिर त्यस ठाउँमा राखेपछि पुरोहितले पञ्चरत्नको जलले विधि मत्रद्धारा शवको अशुद्धीलाई शुद्ध गर्दछन् र किरियापुत्र, गोत्रीय भाइ, एवं अन्य इष्टमित्रहरुले सोही पञ्चरत्नले जल र द्रव्य लिई उक्त शवमाथि घुमाई गोडामा राखेर “खुई” (श्रद्धाञ्जली, अभिषेक) चढाउँछन् र छोरीहरुले “त्र स” (चोख्याउने) गर्दछन् । त्र स गर्दा थालमाथि कचौरामा घिउ राखी शवको कपालमा छोरीले घिउ घसी दिने गर्दछन् । मृतात्माको शान्ति सन्तोषको लागि दान-दक्षिणा गरिन्छ । जीवित मानिसलाई चाहिने जति भाँडाकुँडा (वर्तन) दान गरिन्छ । श्रद्धाञ्जलीको काम सकिएपछि घ्याब्री, झाँक्री वा लामाले  ढ्याङ्ग्रो ठोक्दै हिँड्ने गर्दछ र छोरीले शवको अघि-अघि बाटोमा फूल, पैसा छर्दै गएकी हुन्छे ।

लामा पुरोहित भए शवको अघि-अघि र घ्याब्री भए पछि हिँडेर निशानालाई (बाटो) अघि लगाई शवयात्रा चलाउछन् । पुरुष र स्त्री दुवै मलामी जाने गर्दछन् । पुरुषले टोपी झिक्ने र आइमाईले कपाल फुकार्य हिँड्ने गर्दछन् । (लासलाई गाड्ने वा जलाइने) लाश जलाई वा गाडेपछि किरियापुत्रीले दाह्री कपाल फाली अलग्गै बसीनुन र अन्य अशुद्ध खाद्यान्न समेत बारेर किरिया बस्दछन् । अनुकूल मिलेमा मृतक मरेको ११ औँ दिनमा अर्घौ थाली १३ दिनमा जुठो फाली स्वस्ती-शान्ति गर्दछन् । अनुकूल नमिलेमा माइती मावलीहरु आएर जुठो मात्र फाली टीकोटालो फुकाई दिन्छन् । यसरी किरिया बस्दा ६ महिनादेखि १ वर्षसम्म बस्ने गर्दछन् । अर्घु गुरुङ्ग जातिको अन्तिम मृत्यु संस्कार हो । यो विधि ३ दिनमा सम्पन्न गरिन्छ । मर्ने मानिसका आर्थिक अवस्था हरेर १ दिन वा ३ दिनमा समेत पूरा गरिन्छ ।

अघु थाल्नुभन्दा अघि ससुराली वा मावली खलकलाई बोलाइन्छ । उनीहरुले रोटी र रक्सी ल्याउने गर्दछन् । यसरी मावली र ससुराली खलक आएपछि “आलाँ” (निशान झण्डा) बनाउने काम गर्दछन् । एउटा नियालोको आधा भाग जति चिरी त्यसमा ८ हातको सेतो कपडा च्याती आलाँ बनाइन्छ । त्यसको टुप्पामा काँइयो, सियो हाली एउटा थैली झुण्ड्याइन्छ । त्यो आँलाको फलफूलहरुको माला बनाई मृतककोचिनो समेत झुण्ड्याई प्रदर्शित गरिन्छ । घ्याब्री पुरोहितले यो आलाँ मृतकके घर धुरीमा गाड्ने गर्दछन् । यस्तो आँला देखेपछि फलानोमा घरमा अर्घु गरेको छ भन्ने जानकारी हुन्छ ।

त्यसपछि सातो बोलाउने काम हुन्छ । यसलाई लामाले "जिखुवा" घ्याब्रीले "क्रे ग्या" र झाँक्रीले "सिउटी थिवा" भन्दछन् । त्यसवेला मृतकको ७ पुस्तासम्मको थर पुकार गरिन्छ र मृतकलाई तिमी अब मरेर गयौ, तिम्रा पुर्खा यिनै हुन्, गएर तिनीहरु सित मिलेर बस्नु र यस पृथ्वीमा जीवन रहेका आफन्तहरुलाई लामो आयु होस् भनी आशीर्वाद दिनु भनी पुरोहितबाट मन्त्र पढी पूजा गरिन्छ । पूर्खाहरुको नाम पुकार्ने व्यक्तिलाई दफ्तरवाला भनिन्छ । ढोलक बनाउने सम्बन्धमा एकजना पुरोहितले ढोलक र अर्कोले टंकी बजाउँछ । त्यसपछि छोराले डल्लो पारेको भात टंकी बजेको तालमा चार दिशा फाल्दछ र डल्लो पारेको भात वितरण गरिन्छ । यो भात थुन्सीमा हाली छिमेकिलाई बाँड्ने चलन छ । यसरी डल्लो पारेको भात मृतकले पाउँछ भन्ने विश्वास गरिन्छ ।

यस दिनको पहिलो कार्य मृतको प्रतिमा बनाउने हो, यसलाई "प्ल" भनिन्छ । बनाएको प्रतिमा पुरुषको वा स्त्रीको हो, त्यसैअनुसारको कपडा-गरगहना लगाई पैसाको माला लगाई दिने गरिन्छ । त्यसको लगत्तै "हि" (अस्तु) ल्याउने गरिन्छ । यसमा मृतकको अस्तु बनाउने चलन छ । यस्तो अस्तु लिनको लाग दुई जना व्यक्तिलाई पठाइन्छ । त्यो अस्तु ल्याएपछि पुरोहितले मन्त्र पढी सकेपछि मात्र अस्तु ल्याउने व्यक्तिलाई पुनः दिन्छन् । त्यस्तो वस्तु ल्याएर प्रतिमामा चढाएपछि पुरोहितले मन्त्र पढी सकेपछि मात्र अस्तु ल्याउने व्यक्तिलाई पुनः दिन्छन् । त्यस्तो वस्तु ल्याएर प्रतिमामा चढाएपछि पुरोहितको आदेशानुसार काम गरिन्छ । यस्तो प्रतिमा घ्याब्री पुरोहित भए घरभित्र र लामा पुरोहित भए भित्र लगिन्छ । त्यसपछि"छ्याडु" नाच्ने काम हुन्छ यो अर्घमा नाचिने परम्परागत नाच हो । यसमा १०-१०० जनासम्मले भाग लिन्छन् । यसरी नाच्दा ढोलक, झुर्मा बजाउने चलन छ । छ्याडुमा २४ देखि ३२ वटासम्म ताल हुन्छन् । यो नाच मृतकको नाममा नाचिन्छ । प्रायः अर्घुमा संलग्न व्यक्तिहहरु जाग्रम बस्नेपर्ने हुनाले उनीहरुलाई जागा रहन सजिलो होस् र अर्घुमा सहभागिताहरुलाई पनि मनोरञ्जन दिलाउन "म्हैदु जाउँदिवा" पनि गरिन्छ । म्हैदु जउँदिवा भनेको मृतात्माको नाममा गरिने नाचगान हो । त्यसपछि पुरोहितबाट सातो बोलाउनु अघि पुर्खाहरुको नाम पढिन्छ । पूर्खाहरुको नाम पढ्ने क्रममा अघिबाट नपढी मृतकबाट सुरु गरी माथिसम्म पुकारिन्छ र मूल पुर्खासम्म लगी छोडीन्छ । त्यो मृतकको सातोलाई महादेवको काखमा पुऱ्याइन्छ, त्यहाँ मृतात्मा रहेको विश्वास गरिन्छ । त्यही राती पुरोहितहरुको वेद शास्त्रअनुसार "ल्हो ताँसी" (विभिन्न पदार्थहरु अर्पण) गर्छन् ।

यस दिनको पहिलो कार्य बिहानी पख मृतकको ३ पुस्ता भित्रका जीवित परिवारको प्रत्येक घरको सानो बच्चादेखि बृद्ध उमेरसम्म नाम पुकारी "डोकै" (विदाइको पिण्ड) दिइन्छ । त्यसपछि "सेर्ग"

(मृतकसम्बन्धी गीत) नाच्ने गरिन्छ । यसमा मृतकका ३ पुस्ता भित्रको छोरी-बहिनीहरुले दागबत्ती दिने छोरा समेतलाई सेर्गमा भाग लिन लगाईन्छ । यसमा मृतकको जन्मदेखि मर्दा खेरीसम्मको अवस्थाको बारेमा गीतमा विवरण आदि वर्णन गरिन्छ । महत्वपूर्ण कुरा के छ भने जुन यमराजले मृतकलाई लग्यो, उसैलाई सेर्गमा सहभागी हुनेहरुले घेरामा हाली नष्ट गरिन्छ भन्ने विश्वास छ । यसरी सेर्ग नाचेपछि पुरोहित र २ जना व्यक्ति केही प्रसाद लिई अलि पर गई एउटा कागजमा “जगैं” (मृतकको प्रतिमा) बनाई राखिन्छ । आजकल जगैंको लागि फोटो राख्ने चलन छ । त्यसपछि अनेक प्रकारका मन्त्रहरु बढी जुन यमराजले मृतकको आत्मालाई समाती राखेको हुन्छ, त्यस यमराजलाई त्यसबाट मृतकको आत्मालाई छुट्याई पहिले परलोक भएका आफ्ना खलकहरुको माझमा मृतकको आत्मालाई पुऱ्याउने काम गरिन्छ । पुरोहितले मृतकलाई स्वर्गमा पुऱ्याउने मन्त्र पढ्छन् ।
त्यसपछि मृतकको प्रतीकको रुपमा ल्याएको भेडालाई मन्त्र पढी अक्षता र चोखो पानीले छ्यापी कामलाई “ल्ये” (खुसी पार्ने काम) भनिन्छ । भेडा मन्छाउने क्रममा मन्त्र पढ्दै गरेको बेलामा भेडा मन्छिन्छ, त्यसैलाई सङ्केत मानी कर्ता परिवारलाई राम्रो नराम्रो के कसो हुने हो त्यसाको भविष्यवाणी गरिन्छ । ल्ये ऋसा गरेपछि कोमा गरिन्छ । यसमा मृतकले घर-आँगनमामा आफन्तहरुले ल्याएको अनेक प्रकारका खानाका परिकार, फलफूल आदि प्रदर्शित गरिन्छ । यो खाद्यवस्तुलाई “चिइलु” भन्ने चलन छ । त्यसरी राखिएको वस्तुमाथि मृतकको प्रतीक भेडालाई छाडिन्छ । त्यस भेडाल जे-जे चीज खान्छ त्यो चीज मृतकले पाउँछ भन्ने विश्वास गरिन्छ । यस प्रक्रियालाई “सैं कोमा” भनिन्छ । सै कोमा सकिएपछि अर्घु सेलाउने काम हुन्छ । यसमा मृतकको तलदेखि माथिसम्मको पुर्ख्यौली पढी मृतकलाई आफ्नो स्वर्गबासी खलकमा सामेल हुने मन्त्र पढिन्छ । मन्त्र पढ्दा पुरोहितले “छ्योले” (एक बाजा) बजाई जग्गेको वरिपरि नाच्छ ।

यसपछि ल्हो कैवा गरिन्छ । यसबेलामा छोरीहरु असाध्यै रुने गर्दछने । यसपछि छुट्टिने बेलाको खाना दिइन्छ । त्यसै अवसरमा आलाँ गाड्ने काम हुँदै गरेको हुन्छ । त्यसमा छोराहरुले धनुवाण हान्छन् । धनुवाण हान्नुको माने मृतकलाई स्वर्ग जाँदा कुनै मुर्दा पिचासले उसको बाटो छेक्न खोज्छन् भने त्यो वाणले त्यसलाई भगाएर बाटो सफा गर्नु हो भन्दछन् । यसपछि आस्यों (मावली) हरुले ल्याएको सोनाच्यू, आला, ल्हो र क्यां (झण्डा, कपडाको बाटो आदि) बोकी ठूलो संख्यामा पुरोहित र जनसमुदायसहित मावलीले झुर्मा र छ्योले बजाई गाउँदेखि निकै पर जाने गर्दछन् र त्यहीं अर्घु सेलाइन्छ ।

यो अर्घु भाषा, संस्कृति, स्थान र वातावरणले गर्दा केही पृथक जस्तो देखिए तापनि विश्लेषणात्मक रुपले विवेचना गर्दा ब्राहमण समाजमा गरिने सप्ताह पुराण जस्तो भान पर्दछ । यो अर्घु सामूहिक रुपमा पनि गर्ने गरेको पाइन्छ । धनीमानी व्यक्तिले मृतक मरेका ११ औं र १३ औं दिनमा गर्ने गर्दछन् भने आर्थिक अवसथ कमजोर भएका व्यक्तिले केही वर्षपछि र सामूहिक रुपमा समेत गर्ने गरेको पाइन्छ । हाल यसको मौलिक परम्परामा समेत केही परिवर्तन आएको पाइन्छ । केही वर्षअघिसम्म घ्याब्री पुरोहितद्वारा अर्घु गर्दा भेडा नकाटी नहुने थियो भने अहिले आएर यसमा केही समझदारी भएको जस्तो पाइन्छ । त्यस्तो दुःखद समयमा मासु काट्ने नराम्रो मानेर यस्तो काटमारलाई धेरै ठाउँमा छोडिरहेको पाइन्छ (मेजर दीपक गुरुङ्ग) ।

### ४.६ संस्कार सम्पन्न गर्ने कर्ताहरु

गुरुङ्गहरुको रीतिरिवाजअनुसार आफ्नो जातीय संस्कारहरु गर्नको लागि आफ्नै जातभित्रका पुरोहितहरु रहने गर्दछन् । त्यस्ता पुजारीहरुको काम विभाजन पनि फरक–फरक छन् । कामको आधारमा नै उनीहरुलाई सम्बोधन समेत गरिन्छ । जस्तो पज्यू भनेको गुरुङ्ग भाषा हो भने सामान्य भाषामा झाँक्री भनिन्छ । धेरै पहिला यसलाई “नम” पनि भनिन्थ्यो । झाँक्रीले झारफुक गर्ने मात्र नभई पुरोहित्याइँ काम पनि गर्दछन् । यसैगरी अर्को घ्याब्री हो । यो स्थानीय धर्म अर्थात् प्राकृतिक धर्म (वोन) सँग सम्बन्धित छ । यस्तो काम गर्नेलाई घ्याप्रे पनि भनिन्छ । यस्तै अर्को लामा हो । यो लामासम्बन्धी कर्मकाण्ड गर्नेलाई लामा नै भनिन्छ । यसरी कामको आधारमा उनीहरुको सम्बोधन प्राप्त भएको हुन्छ । यिनीहरुको बारेमा तल चर्चा गरिएकोछ ।

#### ४.६.१ लामा

लामा प्रायः गरेर ४ जात गुरुङ्गसँग सम्बन्धित हुन्छ। बौद्ध धर्मले लामा बन्नलाई त्यही जातको हुनुपर्छ भनेर व्याख्या विश्लेषण गरेको त छैन, तर व्यवहारमा भने ४ जातबाट नै लामा हुने गर्दछ । लामाको पुनर्जन्म हुन्छ भन्ने विश्वास राखिन्छ र यसको ज्वलन्त उदाहरण तिब्बतको अहिलेको पन्चेन लामालाई लिन सकिन्छ (हिमाल पत्रिका, १९९३) । सामान्यतयाः लामालाई गाउँका लामा भनिन्छ । लामाहरु बनाउने संस्कार भने तिब्बती नै हो । यसलाई राजपरम्पराको रुपमा लिने गरिन्छ । यस्तो लामा संस्कार सिक्ने र हुने चलन अहिले पनि तिब्बतमा कायमै छ । उनीहरुले पढ्ने सिक्ने किताबहरु तिब्बती

भाषामा नै लेखिएको हुन्छ । लामा र पज्यूको सामूहिक संस्कारभने "प्वे" संस्कार नै हो । सबै विद्या पढी सकेपछि कम्तीमा पनि एक सातासम्म नयाँ चिहानमा गएर रातदिन मन्त्र जप्दै नबसेसम्म लामा हुन पाईँदैन (जगमान गुरुङ्ग, २०३४) लामा गुरु म्हिलरजा पैदिक्ह्याल्देका अवस्थल "नार" भन्ने स्थानमा भएकोले प्रत्येक लामा त्यही नार (मनाङ) भन्ने ठाउँमा गई गुरु मानेर शिक्षा लिई आउनुपर्दछ र लामा घरको माइलो छोरा नै हुने परम्परा रही आएको छ र लामा बन्ने व्यक्तिहरु उत्तरी भेक मनाङ, मुस्ताङ र तिब्बतामा मात्र पाइन्छन् । हिजोआज तिब्बती शरणार्थी भएका ठाउँमा लामा हुने हुनाले ती क्षेत्रहरुमा पनि लामाहरुको प्रभाव भएको पाइन्छ । यसमा पनि पश्चिम भेगमा गुरुङ्ग समाजमा लामाहरुको अझ बढ्दो प्रभाव रहेको पाइन्छ ।

### ४.६.२ घ्याब्री

घ्याब्री भनेको प्राकृतिक धर्म (वोन) अनुसार कर्मकाण्ड गर्ने पुजारी हो । वानेको अंश नै घ्याब्री हो। वोन धर्मका विभिन्न आचार्यहरु मध्ये क्होल, पज्यू र उगैंनिप्हेम हुन् । यो न्हुरुप्हुमा भन्ने व्यक्तिले चलाएको मत हो । यो धर्ममा कौल मार्गी (कालीलाई पुज्ने) बौद्ध मतको पनि झलक पाइन्छ ( गुरुङ्ग, २०३४) । घ्याब्रीहरुको मुख्य तीर्थस्थल भनेको लुप्रा वा लिब्रोम्हासो हो । यो हालको मुस्ताङ जिल्लामा पर्दछ । घ्याब्रीहरु यहाँ जानैपर्दछ । त्यस ठाउँमा गएर शिक्षा लिएरआएपछि मात्र शिक्षा पूरा भएको मानिन्छ । घ्याब्री र पज्यूको मुख्य काम मरेपछि अन्त्येष्टि किरिया गर्दा र अर्घु गर्दा हुन्छ । यिनीहरु १६ जातका हुन्छन् । यिनीहरुको पढ्ने मन्त्र लिपिबद्ध रुपमा नभएकोले मौखिक रुपमा मात्र वाचन गर्ने गर्दछन् ।

### ४.६.३ झाँक्री (पज्यू)

झाँक्रीलाई गुरुङ्ग भाषामा पज्यू भनिन्छ । यसको अर्थ झारफुक गर्ने धामी जस्तो अर्थ हुन्छ तर यी झाँक्रीहरुले झारफुक गर्ने मात्र नभई पुरोहित्याइँ समेत गर्दछन् । यी पज्यूहरु १६ जातका नै हुन्छन्, पज्यूहरु दुई थरीका हुन्छन्, ल्हेगें पज्यू । पज्यूले पढ्ने किताबहरु हुँदैनन् । यी दुई पज्यूले गर्ने कामहरु

समान जस्तै हुन्छन् तर उनीहरुले बजाउने झुर्मा (झ्याली) को ताल मात्रै फरक हुन्छ । जसले आवाज नै फरक बनाउँछ । यही आवाजबाट कसले काम गर्दै छ भन्ने कुरा थाहा हुन्छ । पज्यू लामा भन्ने व्यक्ति पनि हुन्छ जो आफैं एउटा किसान पुजारी र वैद्य पनि हो । उसले मन्त्रबाट जडीबुटीलाई औषधी बनाई बिरामी व्यक्तिलाई खुवाउने गर्दछ । रीतिरिवाजको रुपमा चल्दै आएको मौखिक ज्ञान नै उनीहरुको किताब हो । लामाको मुख्य धार्मिक स्थल “नार” हो, जुन मनाङ जिल्लामा पर्दछ भने घ्याब्री र पज्यूले “लिब्रो” मुस्ताङलाई मान्ने गर्दछन् । यसरी हेर्दा लामा, घ्याब्री, पज्यू तीनै थरी पुरोहितहरुको गुरुङ्ग जातीमा महत्वपूर्ण स्थान देखिन्छ । यद्यपि लामाहरुको लिखित ग्रन्थ भएकोले यसलाई अझ इतिहासमा विश्वासिलो मान्न सकिन्छ तर पनि घ्याब्री र पज्यूले आफ्नो संस्कार बचाउन उत्तिकै भूमिका खेलेको देखिन्छ । जसरी मृत्यु संस्कारमा भेडा मार्ने चलनलाई गुरुङ्गहरुको नराम्रो मानि हटाए, त्यसरी नै राम्रा पक्षलाई संरक्षण गर्ने प्रयासतिर लाग्नु सबै गुरुङ्गहरुको कर्तव्य देखिन्छ ।

**४.७ धर्म**

गुरुङ्गहरुको धर्मको बारेमा वर्णन गर्दा बुद्ध धर्मावलम्बी हुन् भन्ने कुरा सर्वव्यापी छ । समय ठाउँको कारणले गर्दा धर्महरु पनि फरक-फरक हुँदै गएको पाइन्छ जस्तो पूर्वी भागमा बस्ने गुरुङ्गहरुले आफूलाई हिन्दू धर्मावलम्बी ठान्दछन् भने उत्तरी भेकमा बस्ने तिब्बतीहरुको प्रभावमा परेकाले आफूलाई बौद्ध र वोन दुवै भएको मान्दछन् । उनीहरु बौद्ध धर्मावलम्बी भने तापनि व्यवहारमा भने शुद्ध बौद्ध धर्मालम्बी भने तापनि व्यवहारमा भने शुद्ध बौद्ध धर्मको संस्कार भेटिदैन । यस्तो हुनुमा ब्राह्मण क्षेत्रीको प्रभाव भएको ठाउँमा बस्ने गर्नाले पनि हुनसक्छ (डिल्लीजङ्ग गुरुङ्ग, २०५४) । धर्मको सवालमा गुरुङ्गहरुमा बोनवाद, लामावाद, मिश्रित सम्प्रदाय देखा परेका छन् ।

### ४.७.१ वोनधर्म

गुरुङ्ग जातिको मूल धर्म प्राचिन बोन्चो (वोन) धर्म रहेको पाइन्छ (स्थलगत अध्ययन, हेम बहादुर गुरुङ्ग) आफ्नो प्राचीन धर्मअनुसार मरेका मान्छेहरुलाई स्वर्ग तार्नको लागि गरिने अर्धुं प्रसिद्ध छ । वोन धर्मअनुसार कर्मकाण्ड गर्ने व्यक्तिहरुमा पुरोहित घ्याब्री र झाँक्री पर्दछन् । घ्याब्रीको काम मृतात्मालाई भूतप्रेतबाट छुट्टाउने, मृतात्ममालाई स्वर्गतारी दिने र झाँक्रीको काम दुःख विरामी हुँदा तन्त्रमन्त्र गरी फुकी दिने हुन्छ । वोन धर्मअनुसार सबभन्दा ठूलो वस्तु प्रकृति हो । देवीदेवता, राक्षस, भूतप्रेत जे भने पनि प्रकृतिलाई नै मानिन्छ । त्यसैले गुरुङ्ग जातिले आफ्नो प्राचीन उत्पत्ति स्थललाई छोडेर बसाइँसराइ गर्दा जुन ठाउँमा बास बस्न थाल्यो त्यो ठाउँको प्राकृतिक वस्तुको पूजा नगरेसम्म केही पनि खाँदैनथ्यो

प्रकृति भनेको देवता पनि हो र राक्षस पनि हो । किनकी खुसी बनाउन सक्यो भने मनले तोकेको सम्पूर्ण काम गर्न सक्छ, रिसायो भने राक्षसको काम पन गर्दछ । यी दुवै काम गर्न सक्ने प्रकृतिलाई जे भने पनि त्यसको खास नाम हो "...........र धुई" त्यो डर लाग्दो पानीको छहरामा, पोखरीमा, डरलाग्दो पहाडमा, डरलाग्दो वृक्षमा बस्दछ । गुरुङ्ग जातिले सुरुदेखि नै यसलाई मान्दै आएको देखिन्छ । हरेक ठाउँमा वर्षको दुई पटक प्रकृतिका नाउँमा भेडा, बाखा काटेर सामूहिक रुपमा नै गाउँलेले पूजा गरेका हुन्छन् । त्यसैले गुरुङ्ग जातिको परोहित घ्याब्री, पज्यु र झाँक्रीले नाच्ने, गाउने, काम्ने तन्त्रमन्त्र गरी आफ्नो शक्ति कला देखाउँछन् । कसैले गुरुङ्ग जाति मर्दापर्दा, विवाह गर्दा, अर्घु गर्दा पुटपुटे निकाल्दा, रोदी बस्दा, हाट बजार जाँदा, मेलोपातमा काम गर्दा,घाँस दाउरा गर्दा, गीत गाउने र नाच्ने गर्छन् । तर सुखमा गाउने र दुःखमा गाउने गीत फरक हुन्छन् । बौद्ध धर्मलम्बी थुप्रै मानिसलाई पुज्ने गरेर मानेको पाइन्छ । तर वोन धर्मले मानिसलाई होइन, प्रकृतिलाई मात्र पुज्दछ ।

### ४.७.२ लामाधर्म

बौद्ध धर्मलाईधर्मको रुपमा नलिई दर्शनका रुपमा लिएको भए तापनि तिब्बती बर्मेलीहरुले बुद्धलाई पुज्ने गरेको पाइन्छ । बौद्ध दर्शनका अनुयायीहरुलो बुद्धलाई धर्मको रुपमा राख्ने गरेको छ । बौद्ध धर्मका पनि धेरै नै सम्प्रदायहरु छन् । यिनै सम्प्रदायअन्तर्गत लामावाद भन्ने शाखा रहेको पाइन्छ ( स्थानीय लामा, जीत बहादुर गुरुङ्ग, स्थलगत अध्ययन) ।

वास्तवमा महायान सम्प्रदायअन्तर्गत लामावाद रहेको हुनुपर्दछ । किनभने महायनी सम्प्रदायभित्र पनि दुई शाखाहरु पर्दछन्, सर्वभक्षी र शाकाहारी । शाकाहारी वर्गअन्तर्गत नै लामावाद राखिएको हुनुपर्दछ । लामावादीहरु काटमार गर्दैनन्, पूजापाठ, मन्त्र, जप, आदि गर्दछन् र उनीहरुले छुट्टै विचारको स्थापना गरेका छन् । ती स्थापित विचारमा लामा कर्मकाण्ड सम्बन्धी कुराहरुलाई बढी जोड दिएको पाइन्छ । वास्तवमा गुरुङ्गजाति अन्तर्गतकै लामा पनि एक जात हो । तर यी लामाहरु तिब्बेतियन लामाहरु बीचमा एकता पाइँदैन । सायद यो समय र ठाउँको प्रकरणले गर्दा पनि हुन सक्छ गुरुङ्ग जातिमा लामालाई ठूलो व्यक्तिको रुपमा लिइन्छ । प्रायः गरी कर्मकाण्डसम्बन्धी कुराहरुमा लामालाई विशेष जोड दिइन्छ । लामा परिवारमा जन्मेको दोस्रो व्यक्ति छोरा भए लामा हुनुपर्ने, छोरी भए झुमा बन्नु पर्ने जस्ता अनिवार्यता भए पनि यो चलन केही ठाउँहरुमा मात्र पाइन्छ । बौद्ध धर्मको रुपमा गुरुङ्ग जातिमा लामावादले बढी प्राथमिकता पाएको छ । समयको अन्तरालसँगै समाजमा भएको परिवर्तनको कारणले गर्दा लामाको सन्ताले लामा काम गर्न खोज्नेहरु कम हुँदै जान थालेका छन् । यसलाई बचाई राख्न समय सापेक्ष खुकुलोपनलाई पनि समावे गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.७.३. मिश्रित धर्म

गुरुङ्गहरु देशका सहर, गाउँ, कुना-काप्चासम्म छरिएर बसेका छन् । यसरी छरिएर बस्नुको खास कारण एउटा मात्र नभई धेरै कारणहरु पनि हुन सक्छन् जसको कारणले उनीहरुको आफ्नो पुर्खौली परम्पराहरु छाड्न थालिसकेका छन् । यसमा कुनै जाती विशेषको मात्र भूमिका नभई समाजमा विद्यमान अवस्थाहरु नै जिम्मेवार देखिन्छन्यसले संस्कृति, धर्म, पेशामा समेत विविधता आएको पाइन्छ यस्तो मिश्रित संस्कृति, धर्म, पेशा हुनुमा आफ्नो संस्कृतिलाई जोगाउन नसक्नुको कारणले गर्दा हो । अर्काको संस्कृतिमा भिज्न सजिलो मान्ने, आफ्नो संस्कृतिलाई जोगाउनेभन्दा परिमार्जन गर्नेतर्फ ध्यान केन्द्रित गर्नाले त्यस्तो ठाउँमा अन्य जाति तथा संस्कृतिको व्यापकताले पनि असर पारेको हुनुपर्दछ । फलस्वरुप के भई दिन्छ भने वास्तविक जातीय संस्कार एउटा हुन्छ भने बसेको ठाउँको संस्कार, पद्धति, पेशा, धर्म फरक भइ दिनाले त्यस्ता समाजमा एउटै मात्र जातिको संस्कृतिलाई अवलम्बन गर्नाले पनि आफ्नो धर्ममाथि असर परेको मानिन्छ । केही कुरा एउटाको, केही कुरा अर्कोको भई मिश्रित हुनाले पनि

त्यस्ता समाजको वास्तविक संस्कार पेशा, धर्म के हो भनी छुट्याउन गाह्रो पर्न जाने हुन्छ ।

यस्तो फरकपना विशेष गरी पुर्ख्यौली क्षेत्रमा नभई नवसिर्जित ठाउँहरुमा पाइन्छ । यस्ता क्षेत्रमा हिन्दु, बौद्धजस्ता मात्र धर्म नभई नयाँ धर्म र विचारहरुले पनि स्थान पाउन थालेका छन् । तर यसरी संस्कृति हराउँदै जाने स्थिति कायमै रह्यो भने जुनसुकै जातिको जातीय विशेषता छुट्याउन गाह्रो पर्ने हुन्छ भनेर एक बृद्ध तुलाराम गुरुङ्ग भन्नुहुन्छ । त्यसकारण आफ्ना जातीय संस्कार र धर्मलाई बचाउन सबै क्षेत्रबाट व्यक्तिहरु मिलेर जानुपर्ने अवस्था सिर्जना भइसकेको छ । कुनै एउटा जाति मात्र नभएर धेरै जसो जातिमा यो विभाजन र स्पष्ट अडान नहुनाले जातीय संरचना नै खल्बलिन थालेको आभाष हुन्छ । सबै किसिमका जाति, धर्म र पेशाप्रति अस्पष्टताले गर्दा मिश्रित धर्मावलम्बीहरु देखा पर्न थालेका छन् । यो स्थिति अहिले केही मात्रामा छ तर बढ्दो क्रममा भएको देखिन्छ । यिनीहरुलाई मानवीय दृष्टिकोणबाट राम्रो मानिए तापनि जातीय उत्थानको लागि राम्रो मानिदैन । यसकारण आफ्नो संस्कृति र धर्मलाई जोगाउन अवश्य सोच्नु पर्ने देखिन्छ ।

स्थलगत निरीक्षणबाट हेर्दा गुरुङ्गहरु ९० प्रतिशतभन्दा बढी बौद्ध, ७ प्रतिशत वोन र ३ प्रतिशत हिन्दु धर्मावलम्वी देखिए तापनि वास्तवमा बौद्ध धर्मको प्रभावभन्दा पनि बोन धर्मको प्रभाव बढी देखिन्छ हिन्दुबादी सोचाइ भएको ब्राह्मण, क्षेत्रीसँगको सम्पर्कका कारण सेनमा भर्ती हुनका लागि हिन्दु धर्म भन्नु पर्ने बाध्यता हुनाले हिन्दु धर्मको प्रभाव रहिरहेको पाइन्छ । अर्कोतिर गुरुङ्गहरुको रीतिरिवाज नै उनीहरुको नियम कानुन भएकोले धार्मिक कार्य त्यति नहुने र अहिले फेशनको रुपमा मात्र आएको सम्बन्धित क्षेत्रमा अध्ययनकर्ता स्वयम्ले भागेको यथार्थता हो ।

त्यस्तै विवाहमा धर्मको प्रभाव कस्तो रहन्छ भन्ने प्रश्नमा अधिकांश उत्तरदाताले विवाह धार्मिक नियमअनुसार नभई केबल आफ्नो परम्परागत रुपमा चल्दै आएको रीतिरिवाजअनुसार आफन्त वा इष्टमित्र बसेर आपसी सल्लाहअनुसार विवाह गर्दछन् भनेका छन् । विवाह गर्दा कुनै पण्डित, पुजारी, जगीया समेत नचाहिने र कुनै मन्त्र समेत उच्चारण नगरिनुले धर्मको प्रभाव नभएको उत्तरदाताहरु बताउँछन् । यसमा सबै उत्तरदाताहरुको यही उत्तर भएकोले तालिकामा एकतर्फी उत्तर दिई रहनु नपर्ला ।

### ४.७.४. खानपिन

नेपाल एक बहुजातीय, बहुभाषिका, बहुसंस्कृति, भौगोलिक विविधता र भिन्न-भिन्न हावापनी निर्मित राष्ट्र हो । त्यसैले एकै राष्ट्र बीच रहने नेपाली-नेपाली बीच खानपीन, रहन-सहन, बोलीचाली आदिमा भिन्नता पाइन्छ । सामान्यतयाः गुरुङ्गहरुले पनि अन्य जातजातिहरुको जस्तै दाल, भात र तरकारी नै दैनिक रुपमा खाने गर्दछन् । तर विभिन्न चाडपर्व र उत्सवहरुमा गुरुङ्गहरुले खाने खानाहरुमा खीर, सेलरोटी, भिफलिङ्गा, पाते रोटी, कुराउनी, भुरुङ्लो, सिरौंला, चाम्रे, माछामासु, जाँडरक्सी आदि प्रचलित रहेको पाइन्छ ।

ल्होसारको दिन गुरुङ्गहरुको एक महत्वपूर्ण पर्व हो । यस दिनमा उनीहरु मासु स्युर क्हें (सेल रोटी) र रक्सी खाने गर्दछन् । माघे संक्रान्तिको दिनमा सकेसम्म वन तरुल खाने र नपाएमा घर तरुल भए पनि खाने गर्दछन् । संक्रान्तिभन्दा एक रात अगडि नै तरुल उसिनेर भोलिपल्ट विहान खाने र छरछिमेकमा बाँड्ने चलन छ । उक्त दिन पाएसम्म माछालाई बेलुकी नै झोल रहित उसिनेर बिहान नुहाई धुवाई गरी सकेपछि खाने चलन छ । चैत्य दसैंमा पनि मासु, भात, स्युट क्हें (सेल रोटी) खाने चलन छ । "भिफल्के" (भिफलिङ्ग) चामलको पीठोलाई ढिंडो जसरी ओडालेर एक किसिमको मेसिनमा हालेर बनाइने खाजा हो । गुरुङ्गहरुले भिफल्के निकै प्रयोगमा ल्याउने गर्दछन् । मरेका ठाउँमा जाँदा, अर्घुमा जाँदा, घरमा पाहुना आउँदा, पूजा गर्दा आदि सबैमा भिफल्के प्रसाद र खाजाको रुपमा प्रयोग गर्दछन् । यो भिफल्के नेपाल र भारत दुवै देशमा खाने गर्दछन् (Bernard Pignade, 1966)। चामलको पीठोमा दूध पकाएर "कोरा" (कुराउनी) तयार पारिन्छ । यो प्रायःजसो गोठबाट गोठालाहरु गाउँमा आउँदा वा आफ्नो मान्यजनहरुलाई भेट्न जाँदा लिएर जाने गर्दछन् । "चाम्रे" एक किसिमको चामललाई घ्यू, बेसार, चिनी वा मह हालेर पकाईने खाना हो । यो खाना घरमा पाहुना आएको बेला वा चाडपर्व आएको बेलामा खाने चल्छ ।

पेय पदार्थहरुमा गुलियो चिया, नुनिलो चिया, मोही वा कोला, जाँड-रक्सी आदि पर्दछन् । चियाको चलन सबै गुरुङ्गहरुको घरमा पाइँदैनथ्यो तर आजकल सहरमा जस्तै गाउँमा पनि चियाको प्रचलन बढेको छ । "भोट चा" (नुनिलो चिया) मा तिब्बतबाट ल्याएको पत्ता वालउ चिया उम्लिरहेको पानीमा हाल्ने गर्दछ । यसमा अण्डा, मह, नुनु र घ्यू हाले बाँसको ढुङ्ग्रोमा मथेर खाने चलन थियो । तर आजकल यस्तो "भोट चा" मा यी उल्लिखित अण्डा र मह हालेको पाइँदैन । घरमा गाई भैसी

नभएका छिमेकीहरुलाई पनि मोही पारेको दिनमा बाँड्ने चलन छ । मोही बिहान बेलुकाको खानासँग पेय पदार्थको रुपमा र दालको सट्टा पनि खाने गर्दछन । "क्वेहपा र पा" (जाँड र रक्सी) को चलन मुख्य गरी अर्घु, विवाह, चाडपर्व आदिमा हुने गर्दछ । क्वेहपालाई गर्मी याममा उकाली ओराली गर्दा खेतबारीमा काम गर्दा, चाडपर्व आदिमा पिउने गर्दछन् । रक्सीको चलन घरमा पाहुना आउँदा, विवाह, अर्घु, चाडपर्व आदिमा गरिन्छ । गुरुङ्गहरुले यी अवसरहरुमा घरमा नै तयार पारेको रक्सीको प्रचलन धेरै गर्दछन् । थोरै मात्रामा विदेशी रक्सी र अन्य तयारी रक्सीहरु प्रयोगमा ल्याउने गर्दछन् ।

### ४.७.५. भेषभूषा

नेपालमा पाइने हावापानी, आर्थिक, संस्कृति, रहनसहन, वातावरण आदिले यहाँ बसोबास गर्ने जातजातिमा असर गर्ने गरेको पाइन्छ । देशको विभिन्न भौगोलिक स्थिति र त्यहाँको हावापानीको आधारमा त्यस ठाउँमा बसोबास गर्ने विभिन्न जनजातिहरुको भेषभूषा भिन्नता रहेको पाइन्छ । गुरुङ्गहरु नेपालको पश्चिमी-पहाडी प्रदेशमा बस्ने हुनाले त्यहाँको हावापानीअनुसार उनीहरुको भेषभूषा पनि मौलिक किसिमको रहेकोछ । चिसो पहाडी प्रदेश सुहाउँदो बाक्लो कपडाहरु उनीहरुले लगाउने गर्दछन् । उनीहरुले लगाउने परम्परागत भेषभूषाहरुमा ङ्ही (गुन्यू), टिकिस (कम्मर पछाडि पट्टिको भाग केही तलसम्म तीन कुने आकारको कालो मखमलको कम्मपरमा बाँड्ने कपडा), फगी (पटुका), घलेक ( काँधदेखि छड्के पारेर लगाउने घुँडासम्म आउने कपडा), ऋमू (पछ्यौरा) आदि महिलाहरुले लगाउने मुख्य भेषभूषाहरु हुन् भने पुरुषहरुले लगाउने मुख्य भेषभूषहरुमा कुले वा मल्खू (टोपी), भोटो, रहेंङ ( भाङ्ग्रा), कास (कछाड), फगी (पटुका) आदि हुन् । तर आधुनिकीकरण, पाश्चात्य प्रभाव र सजिलोपनाको कारणले गर्दा हाल आएर ती परम्परागत भेषभूषाहरुको लोकप्रियतामा कमी आएको देखिन्छ । फलस्वरुप पुरुषहरुले पाइन्ट र सर्ट लगाउने गर्दछन् । यी परम्परागत भेषभूषाहरु गाउँमा बुढा पाकाले अझै लगाईहेको पाइन्छ । आजकल प्रायः जसो महिलाहरु लुंगी (फरिया जस्तै गरी कम्मरदेखि तल बेर्ने कपडा) ब्लाउज वा चौवन्दी चौली वा टि-सर्टसँग लगाउने गर्दछन् । स-साना बच्चाहरुले अरु जातजातिहरुका बच्चाहरुले जस्तै फ्रक, कमीज, कट्टु, स्कर्ट, भोटो आदि लगाउँछन् ।

### ४.७.६. गरगहना

प्रायः जसो सबै महिलाले सुनका गहना लगाएका हुन्छन् । गुरुङ्ग महिलाहरुले लगाउने परम्परागत गरगहनाहरुमा मारबाली, सूमिली (कानमा लगाउने), ना-कृ (नाकमा लगाउने), ढुङ्ग्री, भिरु (मुगा), असर्फी (घाँटी र औंमा लगाउने), चुरा, हामेल (घाँटीमा लगाउने), बुलाकी, नौगिरी आदि रहेका छन् । गुरुङ्ग समुदायमा सुनको गहना र भीरु (मुगा) लाई बिशेष महत्व दिने गरेको देखिन्छभीरुलाई सुनको गेडी र यूँ (आकाशे नीलो रङ्गको गेडी) सँग मिसाएर घाँटीमा लगाउने चलन छ । भीरु कलकत्तामा बाहिरी देशबाट आउने भएकोले कलकत्तामा नै किनबेच हुने गर्दथ्यो भनि पिग्नेडले उल्लेख गरेका छन् । भीरु र यूँ दुवै महँगो भएकोले आर्थिक रुपले सबल परिवारका र खानदानी परिवारका महिलाहरुले लगाउने गर्दछन् । कसै कसैले छिमेकी गाउँमा पाहुना भएर जाँदा वा विवाह भोज अर्घु आदिमा जाँदा अरुको मुगाको माला सापटी मागेर लगाउने चलन पनि पाइन्छ ।

विवाह भोज, अर्घु, चाडपर्व आदिमा महिलाहरु गहनाले सकेसम्म सजिन्छन् । पहिला-पहिला महिलाहरु इ्ही (गुन्यू), टिकिस (कम्मर पछाडि पट्टिको भाग केही तलसम्म तीन कुने आकारको कालो मखमलको कम्मरमा बाँड्ने कपडा), फगी (पटुका), घलेक (काँधदेखि छड्के पारेर लगाउने घुँडासम्म आउने कपडा), कमु (पछ्यौरा) आदि सकेसम्म नयाँ नरनपाएमा पुरानै सफाइसँग लगाउने चलन थियो । आजकाल पनि परम्परागत गहना मुगाको माला, चुरा, बाला आदिले स्थान पाइनै रहेकोछ । तर गहनाको तुलनामा पहिरनले भने स्थान पाउन सकेको छैन । आजभोलि महिलाहरु नयाँ किसिमको सुनको चुरा, औंठी, सिक्री आदि लगाउन बढी मन पराउँछन् ।

### ४.७.७. गुरुङ्ग जातीकको अन्य जातजातिसँग सम्बन्ध

गुरुङ्ग जातीहरु मंगोलियन वर्णका र यिनीहरुको भाषा तिब्बेती बर्मेली भएकोले यिनीहरुका भाषा, भेषभुषा पनि केही हदसम्म मंगोलियन वर्णका मानिसहरुसँग मिल्ने गर्दछ । जातीयताकै दृष्टिकोणबाट हेर्ने हो भने गुरुङ्गहरु सोझा, इमान्दार, पराक्रमी र मित्रताप्रेमी भएको कारणले गर्दा यिनीहरुको निकै गुणगान हुने गर्दछ । जस्तै : कुनै गुरुङ्ग गाउँमा कुनै नौलो व्यक्ति गएमा लोग्ने मानिस परिपक्क भएमा बाजे वा बा भनिन्छ भने आइमाई भए बजै वा आमा भनिन्छ । साथै उक्त व्यक्तिलाई

उनीहरुले खाना तथा बस्नेको व्यवस्था गर्नुका साथै अन्य आवश्यक सेवा तथा सहयोग गर्ने गर्दछन् । गाउँघरमा कुनै मस्या पर्दा वा अवसरहरुमा पनि गुरुङ्ग गई सघाउने गर्दछन् । यिनीहरु सोझा, इमान्दा र स्पष्टवादीता भएका कारणले सोझोपनको फाइदा उठाउन खोज्नेलाई सबै मिलेर खेद्ने गर्छन् । कुनै जाति समाजमा पूर्ण नहुने भएकोले गुरुङ्गहरुको पनि एक आपसमा काम साटासाट गर्ने, सहयोग गर्ने गर्दछन् ।

### ४.७.८. आधुनिकीकरणले गुरुङ्ग समाजमा पारेको प्रभाव

सामान्यतया आधुनिकता भन्नाले दैनिक क्रियाकलपा एवम् बानी व्यवहार र संरचनालाई समय अनुरुप बनाउनु हो । आधुनिकीकरणको प्रक्रियाले कुनै पनि समाज र संस्कृतिलई इतिहासका पानाहरुमा जटिल अवरोह र आरोह पार गरेर आएका हुन्छन् । सामाजिक, राजनैतिक पर्यावरणीय तथा साँस्कृतिक पक्षले सामाजिक, साँस्कृतिक जीवनलाई नयाँ संरचनामा ल्याउन भूमिका खेल्दछन् । व्यापक रुपमा भन्नुपर्दा आधुनिकताले औद्योगिकरण, शहरीकरण, प्रजातन्त्र, पुँजीवाद शक्तिको ससक्त, खुल्ला बजार, वस्तुगत ज्ञानको खोजी, वौदिकता, विवेकता आदिलाई बुझाउँछ । नागरिकका आवश्यकता चाहनाहरु बढ्नु, युवावर्गमा नयाँ नयाँ अवसर र प्राप्ति खोजी गर्नु, युवाहरुको सामाजिककरणमा चासो बढ्नु, सेना, पुलिस, वैदेशिक रोजगारी, स्वदेशी रोजगारी तथा प्रशासनमा आकर्षण बढाउनु, युवाहरु बजारको खोजीमा लाग्नु, युवाहरु सामाजिक परिवर्तनका वाहक हुन् । यिनीहरु नयाँ अवसर र चुनौतिसँग सामाजजस्यता कायम राख्न सक्नु । ग्रामिण वा शहरका जुनसुकै क्षेत्रमा युवाहरुले विश्वव्यापी संस्कृतिसँग घुलमिल गर्न खोज्नु, स्वास्थ्य र शिक्षामा जोड दिनु, यातायात होटल पर्यटन क्षेत्र पनि आकर्षण गर्नु । गरिवीको दुरीलाई कमी गर्ने उपायको खोजी गर्नु । शिक्षित बहुभाषी सिपयुक्त प्रविधिसँग घुलमिल प्रवाहलले विश्वव्यापीका अधिकतम उपयोग गर्न सक्नु । भाषा र संस्कृतिको आदान प्रदान गर्नु, विभिन्न धर्म, संस्कृति, भाषा, प्रविधि आदिलाई सही मार्गमा अगाडि बढाउन सक्नु । आमसंचार, सिनेमा, भिडियो, लोकप्रिय गित, फिल्म, पत्रपत्रिका आदिको प्रयोगबाट समाजमा रुपान्तरणको अवसर प्रयोग गर्नसक्नु,लाहुरे प्रवृत्ति, देशविदेशको रोजगारी, नयाँ नयाँ पेशा र व्यवसायको खोजी गर्नु । एक समाज, समुदायमा भएको परिवर्तन र विकासले आफ्नो समाज र समुदायमा पपनि परिवर्तनको

चाहना, अविलासा राख्नाले परिवर्तनलाई निरन्तरता दिएको देखिन्छ ।

हाम्रो समाज परम्परागत प्रणालीद्धारा विस्तारै-विस्तारै अगाडि बढिरहेकोछ । परम्पराहरु बदलिँदै गइरहेका छन् । यस कारण मूल्य मान्यताहरु यिनै भए तापनि यिनीहरुको संचना र आकारप्रकारमा समेत भिन्नता आएको छ । यी सबै कुराहरुमा भिन्नता आउनु वा बदलिँदै जानुमा शिक्षाको प्रभाव, सहरीकरण, संस्कृतीकरण र पश्चिमीकरण आदि पर्दछन् । यी कुराहरुले सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिकपक्षहरुमा समेत प्रभाव पर्दै गइरहेका कुराहरुले सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक पक्षहरुमा समेत प्रभाव पार्दै गइरहेका छन् । योग गति तीव्र रुपले बढिरहेकोछ र अहिले सामाजिक प्रक्रिया जस्तो नै भएको छ । उदाहणको रुपमा हेर्ने हो भने नेपालको आर्थिक स्रोत वा आयको स्रोत भनेको कृषि हो तर अहिले आएर मानिसहरु धेरै किसिमका व्यवसायहरु गर्न थालिसकेका छन् ।

औद्योगिक क्रान्तिको प्रभावले गर्दा विभिन्न किसिमका उद्योग, कलकारखाना स्थापना भएकोले कृषि क्षेत्रलाई जीवन निर्वाहको स्रोत मान्न सकिएको छैन । यी पम्परागत कृषि पेशा, परम्परागत कुलो-कुलेसाहरुको ठाउँमा अहिले फलामे हलो, हेशी हलो प्रयोग भएका छन् । एक ठाउँबाट अर्को ठाउँमा जाँदा गाउँमा रहेको धेरै बस्तीहरुमा बुढाबुढीहरु मात्र रहन थाले । उक्त ठाउँबाट खेतीको उत्पादन नबढ्ने तर जनसंख्या बढिरहने जस्ता कारणलाई रोकथाम गर्न परिवार नियोजन कार्यक्रम र कृषिको वैकल्पिक पेशाको रुपमा विभिन्न उद्योग धन्दाहरु खोलिन थाले । यसको प्रभाव प्रत्येक गाउँमा पर्न गयो

कृषि क्षेत्रमा मात्र नभई विभिन्न क्षेत्रमा परिवर्तन र परिमार्जन गर्नुपर्ने भयो । कृषि क्षेत्रमा उत्पादन बढाउनलाई आधुनिक रसायिनिक मलहरुको प्रयोग हुन थाल्यो । एकै किसिमको खेती मात्र लगाउँदा जमिनको उत्पादन क्षमता घट्न जाने भएकोले त्यसको लागि घुम्ती बालीको प्रयोग गर्ने, जग्गा बाँझो राख्नु पर्ने जस्ता अवस्थाहरु अगाडि आए । व्यक्तिले गर्नुपर्ने काम मेसिनले गर्न थाल्यो । आर्थिक पेशाको रुपमा धेरै किसिमका व्यवस्था बनाई प्रयोग गर्न थालियो । शिक्षामा आएको व्यापक चेतनाले मानिसहरुमा शिक्षा लिनुपर्ने रहेछ भन्ने कुराको ज्ञान हुन थाल्यो । वास्तवमा कुनै पनि क्षेत्रको खास उन्नति शिक्षा क्षेत्रबाट नै सुरु हुँदो रहेछ भन्ने कुरा सबैले बुझ्न थाले । यसले गर्दा आफ्ना विचार शैलीलार्य समेत परिवर्तन गर्न थाले । फलस्वरुप मानिसमा सोच्ने स्वभावमा परिवर्तन आयो । शिक्षाकै कारणले गर्दा देशविदेशमा हुने गरेका घटनाहरु, विकासका चरणहरुले गर्दा मानिसमा स्फुत पैदा गरायो । सामाजिक, आर्थिक र राजनीतिक संरचनामा समेत व्यापक हलचल हुन थाल्यो । प्रत्येक क्षेत्रमा बढ्दो

विकासको प्रभावले गर्दा परिवर्तन हुन थाल्यो । यसरी यातायत सञ्चारको विकास हुँदै जाँदा सञ्चार माध्यम सशक्त हुन थाल्यो । परिवर्तन हुँदै जाने क्रममा समाज र परिवार जस्ता संस्थाहरु पनि यस परिवर्तनबाट अलग रहन सकेनन् । पूर्ण रुपमा परिवर्तन भए पनि केही हदसम्म त्यस्ता पक्षहरुमा प्रभाव पऱ्यो । मानिसका भावना, विचार, मूल्य र मान्यतामा समेत परिवर्तन गर्नुपर्ने र हुनुपर्ने रहेछ भन्ने कुरा सबैमा महसुस हुन थाल्यो ।

# अध्याय-पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१ सारांश

बहुजातीय, बहुधार्मिक र बहुभाषिक मुलुक नेपलमा बसोबास गर्ने विभिन्न पहिचान भएका र गैरकानुनि मान्यता प्राप्त गरेका ५९ आदिवासि र जनजीतहरु मध्येका गुरुङ्ग जाती पनि एक हो । गुरुङ्ग जाती पनि आफ्नै किसिमको संस्कृति, धर्म, भाषा भएको जनजाती हो ।गुरुङ्गहरुको प्राचिन समयमा उत्तरतिरबाट नेपाल बसेको मानिन्छ । प्राचिन समयमा तिब्बतबाट भारततिर लम्केका हुण वंश मध्येका एक हाँगाका सन्तान नै नेपालका गुरुङ्ग जाती भएको अनुमान गरिन्छ ।गुरुङ्ग जातीको वंशावली अनुसार भने उनीहरुका पुर्खा कन्नौजबाट नेपाल पसेको बुझिन्छ । आखिर जे भए पनि उनीहरु प्राचिन समयदेखि नै नेपालमा बसोबास गर्दै आएको पाइन्छ । वर्तमान समयमा विज्ञान र प्रविधिमा आएको युगान्तकारी परिवर्तले समाजमा विद्यमान जातीय पेशामा पनि संकट पर्दै आएको छ । प्रविधिको विकासले मानिसहरु नयाँ नयाँ प्रविधिको प्रयोगमा व्यस्त छन् । जसले गर्दा जनजाती लगायतकोपरम्परागत पेशा संकटमा पर्दै आएको देखिन्छ । मानिसहरुको सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा अलि अलि परिवर्तन भएको देखिन्छ । त्यसैले यसै विषयलाई एउटा समस्याका रुपमा लिई गुरुङ्गहरुको परम्परागत पेशा संकटमा पर्दै गर्दा उनीहरुको सामाजिक, सांस्कृतिक अवस्था कस्तो छ र गुरुङ्गहरुको जनजीवनमा के-कस्तो परिवर्तन आएको छ,यसैको आधारमा खोज अनुसन्धान गर्ने जमर्को गरिएको थियो र यस जातीको ऐतिहासिक पक्षहरुको प्राज्ञिक अध्ययन नभएकोले यस विषयको अध्ययन गर्नु आवश्यक थियो ।यस सोधको मुख्य उद्देश्य गुरुङ्ग जातिको पहिचान र विशिष्ट उद्देश्यमागुरुङ्गहरुको सामाजिक र सांस्कृति अवस्थाको बारेमा पत्ता लगाउन, गुरुङ्ग समाजमा भएका के र कस्ता वा कुन पक्षमा भएको परिवर्तनहरुको बारेमा जानकारी र समाजपरिवर्तनका कारणहरु पत्ता लगाउने रहोको थियो ।

यस अध्ययन गोरखा थालाजुङ गा.वि.स.का ३ वटा वडामा गरिएको हो । यस गा.वि.स. का यिनै ३ वडामा मात्र गुरुङ्गहरुको बाहुल्यता रहेको हुनाले यी ३ वडा छनोट गरिएको हो । गुरुङ्ग बाहेक यस क्षेत्रमा ब्राम्हण, क्षेत्री, कामी, दमाई, सार्कीहरु पनि बसोबास गर्दछन् । नेपालको सामाजिक संरचनालाई

हेर्ने हो भने विभिन्न किसिमकाजातजाती र जातीय संरचना भेटिन्छन् । यसरी बनेको जातीय संरचनामा आफ्नै किसिमका संस्कारहरुले मूल्यमान्यतालाई दिगो राखिरहेकोछन् । यिनै संस्कार, मूल्य र मान्यताले यस जातीका आफ्नो पहिचान जनाउँदछ र जनाइरहेकोछ । यिनै जातीय संरचनाअन्तर्गतको गुरुङ्ग जाती पनि एक हो गुरुङ्ग समाजमा जातीय विभाजन रहेको छ । जसअनुसार चार सात र १६ जातमा विभाजन गरिएको छ । चार जातलाई ठूलो जात मानिन्छ यस अन्तर्गत घले, लामा, घोताने र लामिछाने पर्दछन् । वंशावलीअनुसार हेर्दा घले र लामाको एउटै गोत्र भारद्धाज मानिन्छ भने लामिछानेको गोत्र गर्ग र घोतानेको गोत्र अत्रि मानिन्छ । गुरुङ्ग समुदायमा एउटै गोत्र भित्र विवाहवारी चल्दैन । यस्तै १६ जना अन्तर्गत १६ थर भेटिन्छ । परम्परागत रुपमा ४ जात १६ जातको बीचमा विवाहवारी भएको पाइँदैन ।

गुरुङ्ग समुदायको आफ्नै परम्परागत मूल्य र मान्यताहरु छन् । गुरुङ्ग जातीमा ४ जात र १६ जातको संरचनाबाट नै गुरुङ्गहरुको जाती व्यवहारमा अस्तित्वमा रही रहेकोछ । ४ जात र १६ जातको बीचको भिन्नताले गर्दा समाजलाई नकारात्मक असर पारेको छ । तर, आजकल ४ र १६ जातको बीचको भिन्नतामा क्रमिक रुपले सुधार आएको छ । छिटपुट अवस्थामा बाहेक समग्रमा भाइचारा सम्बन्ध निकै राम्रो हुँदै आएको छ । सामाजिक संस्कारअन्तर्गत जीवन पर्यान्त संस्कारहरु नाम राशी जुराउनु, छैठी, न्वारान, पास्नी, पुटपुटे, क्षौर, विवाह र अन्त्येष्टी क्रिया र अर्घ पनि गर्ने गर्दछन् । त्यस्तै गरी जातीय संस्कारहरु सञ्चालन गर्नेको लागि विभिन्न किसिमका कर्ताहरु लामा, ध्याप्री, झाँक्री, ( पज्यू) को सहयोगमा गुरुङ्ग बस्तीहरु देखिन्छन् ।

गुरुङ्ग जातीले संस्कृतिको पनि जर्गेना गर्दै आएको पाइन्छ । हिन्दुवादीहरुको प्रभाव र बाहुल्यताले गर्दा यिनीहरु पनि हिन्दु चाडपर्वहरु जस्तै : साउने सक्रान्ती, नाग पञ्चमी, जनै पूर्णिमा, तीज, दसैं, तिहार, माघे संक्रान्ति, शिवरात्री, फागु पूर्णिमा र चैते दसैं मनाउने गरेका छन् । गुरुङ्गहरुको आफ्नोचाडपर्वहरु पनि मनाउने गर्दछन् जसमा पुस १५ (.ल्होसार), वैशाख पूर्णिमा र श्री पञ्चमी पर्दछन् । सोरठी र घाटुनाच गुरुङ्ग संस्कृति झल्कने नृत्युहरु हुन । गुरुङ्ग जातिको एउटा संस्कृतिको रुपमा “रोदी” लाई लिइन्छ । रोदी वास्तवमा एउटा सहयोगी सामाजिक संस्था हो । रोदी युवायुवतीका लागि छुट्टै हुन्छ । बेलुकी खाई पिई गरी समवयस्कका युवतीहरु रोदीमा जम्मा हुन्छन् । बसेर हातले गर्नु हुने कामहरु पनि गर्ने गर्छन् । मनोरञ्जनका लागि नाचगान पनि गरिन्छ । तर, अहिले रोदीको प्रथा विस्तारै लोप हुँदै गइरहेको छ । सलाई जगेर्ना गर्नुपर्ने आवश्यकता देखिन्छ । गुरुङ्गहरुको अन्य जातीसँग पनि राम्रो

सम्बन्ध भएको पाइएको छ । मिलनसार र मित्रता प्रेमी भएको कारणले गर्दा उनीहरु समुदायमा सजिलैसँग अन्य जातिसँग मिलेर बसेको पाइन्छ ।

आर्थिक अवस्थालाई हेर्ने हो भने गुरुङ्गहरुको परम्परागगत पेशा पशुपालन र कृषि व्यवसाय नै हो । पशुपालन गाई, भैंसी, भेडा, बाखा, कुखुरा आदि मुख्य हुन् । पाखामा आलु, लसुन, मुला, जौ, उवा, गहुँ, फापर, कोदो, काउनु र पानी लाग्ने ठाउँमा दर्मेली, आंगा, ठिडमा आदि धान लगाउँछन् । कृषि कार्य पर्म प्रथाद्धारा पनि गरिन्छ । त्यस्तै गरेर व्यवसायिक रुपमा घरेलु उद्योग धन्दाको रुपमा मानिदै आएका कामहरुमा निगालोको चोयाबाट भकारी, मान्द्रो, डोको, डालो, थुन्से, नाम्लो, स्याखुँ, आदि बुन्ने पनि गर्दछन् । त्यस्तै गरी पुवा, भांग्रा, घलेक पनि बुन्ने गर्दछन् । परम्परागत पेशा केही हदसम्म अहिले पनि यथावत रहेका पाइए तापनि बढ्दो शिक्षाको प्रभाव र जिविका पार्जन वा अन्य उपायहरु समेत भएको र मानिसहरु धेरै जसो सहरी क्षेत्रतिर प्रवेश गर्नाले त्यस्तो पेशा क्रमिक रुपमा बढ्न सकेको छैन

विदेश गई सेनामा भर्ती हुन जस्तै कि भारत र बेलायतमा मात्र सीमित थियो भने हाल आएर नेपाली सेना र नेपाल प्रहरीमा समेत भर्ती हुने क्रम सुरु भएको छ । यसका अतिरिक्त विदेशमा विभिन्न मुलुकमा काम गर्ने पनि गर्दछन् । तर केही बर्ष यता नेपालमै बसेर विभिन्न व्यवसायमा लाग्ने क्रम पनि जारी छ । त्यसै गरी शिक्षण पेशामा पनि केही बर्ष यता संलग्नता बढ्न थालेको छ । आधुनिकीकरण र शिक्षाको कारणले गर्दा गुरुङ्गहरु सहरतिर पस्न थालेका छन्, जसले गर्दा परम्परागत पेशाहरु हट्दै जान थालेका छन् । स्थलगत निरीक्षणको तथ्याङ्कलाई विश्लेषण गरेर हेर्दा, सबैभन्दा धेरैव्यक्तिहरुले कृषिलाई आफ्नो मुख्य व्यवसायको रुपमा मानेका छन् भने नोकरी ,अन्य पेशार व्यापारमापनि संलग्न भएको पाइन्छ । आर्थिक स्रोत विशेषगरी पशुपालन र नोकरीलाई नै मानिन्छ ।

अध्ययन क्षेत्रको तथ्याङ्कलाई विश्लेषण गरेर हेर्दा महिलाहरुको दाँजोमा पुरुषहरु बढी शिक्षित देखिन्छ । पुरुषहरु ८२ प्रतिशत शिक्षित देखिन्छन् भने महिलाहरु ७३ प्रतिशत शिक्षित देखिन्छन् । समग्रमा हेर्दा कुल लक्षित वर्ग मध्ये ७८ प्रतिशत शिक्षित, २० प्रतिशत अशिक्षित र २ प्रतिशत थाहा पाउन नसकिएको देखिन्छ । गुरुङ्गहरुको धार्मिक अवस्थाबारे भन्नुपर्दा उनीहरु बौद्ध धर्मावलम्बी हुन् भन्ने कुरा सर्वव्यापी छ । तर समय र ठाउँको कारणले गर्दा धर्महरु पनि फरक-फरक हुँदै गएको पाइन्छ । जस्तै कि पूर्वी भागमा बस्ने गुरुङ्गहरुले आफूलाई हिन्दु धर्मावलम्बी ठान्छन् भने उत्तरी भेगमा बस्नेहरु आफूलाई बौद्ध र वोन भएको मान्दछन् । धर्मको सवालमा गुरुङ्गहरु तिन सम्प्रदाय भेटिन्छः वोनवाद, लामावाद र मिश्रित ।

गुरुङ्ग समुदायमा हुने प्रचलित विवाहहरु मध्ये मागी विवाह, श्याम विवाह, भ्जुमा विवाह र प्रेम विवाह प्रमुख हुन् । अध्ययन क्षेत्रको लक्षित वर्गलाई हेर्दा, अविवाहितको तुलनामा विवाहितहरु नै धेरै देखिएका छन् भने यसमा पनि महिलाहरुभन्दा पुरुषहरु नै बढी अविवाहित देखिन्छन् । विदुर-विधवामा विदुरभन्दा विधवा धेरै देखिन्छन् । त्यस्तै गरी १५-१९ वर्षको उमेरमा महिलाहरु अविवाहित देखिन्छन् । तथ्याङ्कअनुसार सम्बन्धित गाउँमा मागी विवाहभन्दा प्रेम विवाहलाई बढी प्राथमिकता दिएको पाइन्छ । समग्रमा विवाह गर्ने उमेर १८ वर्ष रहेको स्पष्ट हुन्छ । गुरुङ्ग जातीको परम्परागत पारिवारिक प्रणाली संयुक्त भए तापनि अध्ययनको क्रममा अध्ययन क्षेत्रमा एकात्मक परिवारको बाहुल्यता रहेको पाइृयो । अधिकांश (५५ प्रतिशत) घर परिवार एकात्मक रहेको पाइयो भने ३२ प्रतिशत घर परिवार मात्र संयुक्त रहेको पाइयो । यसो हुनुको कारणमा उमेरको बढ्दो क्रमसँगै एकात्मक परिवारबाट संयुक्त परिवारप्रति चाहना भएको पाइयो ।

## ५.२. निष्कर्ष

गुरुङ्ग जाती आफ्नो प्राचीन वस्तीहरुबाट प्रायः विस्थापित भइरहेको देखिन्छ । प्राचीन बस्तीहरुबाट विस्थापित भइ सके तापनि यिनीहरुको संस्कृति र भाषा विस्थापित भएको देखिँदैन । यिनीहरुको आर्थिक अवस्था प्रायः मजबुत हुने हुँदा यिनीहरु आफ्नो भाषा र संस्कृति बचाउन केही हदसम्म सफल भएका छन् । नयाँ बस्तीहरुमा पनि गुरुङ्गहरुले परम्परागत संस्कार ट्होंटे पर्व मनाउँछन् । जन्ममृत्यु संस्कार प्रायः उनीहरुको गुरुङ्ग पुरोहितहरु जस्तैः लामा, घ्याब्री र पज्यूहरुबाट गराउँछन् । त्यसै गरी गुरुङ्गहरुले आफ्नो भाषाको लागि भाषा प्रशिक्षण पाठशालाहरु पनि खेलेका देखिन्छन् । गुरुङ्गहरु मान्यनले अथवा पढेलेखेका अगुवाहरुले भनेको सुझाव अंगीकार गर्दछन् ।

विवाहवारीको सम्बन्धमा वर र बधुको छनोटअनुसार हुने र अभिभावकको इच्छाअनुसार नहुने भएकोले ४ र १६जातको बीचमा ठूलो र सानो जात भन्ने भेदभाव हुँदैन । प्रजातन्त्रपूर्व र प्रतातन्त्रपश्चात् गुरुङ्गहरुले आफ्नो समाज र देशको विकासमा टेवा पुऱ्याउन नेतृत्वको महत्वपूर्ण पदहरुमा रही काम स्थानीय प्रकारको पाइन्छ । गुरुङ्गहरु अरु धर्मप्रति सहिष्णुता राख्दछन् र नेपाल राष्ट्रलाई कुनै जातिगत पेवा नठानी एउटा बहुजातीय र बहुभाषिक राष्ट्र मान्दछन् । आफ्नो भाषा र संस्कृतिलाई सम्बर्द्धन र संरक्षणको लागि विभिन्न प्रकारका प्रयासहरु गरिरहेका छन्, जस्तै : चलचित्र

निर्माण, वृत्तचित्र निर्माण, पत्रपत्रिका प्रकाशन र जातीगत खेलकुद र चाडपर्वहरुको पुनर्स्थापना आदि रोदी संस्कृतिको निरन्तरता, घाटु, सोरठी, ठट्टर नाच, झ्याउरे नाचको प्रचलन आदि ।

## ५.३. सुझावहरु

कुनैपनि अध्ययन अनुसन्धानले सम्बन्धित क्षेत्रको बारेमा केहि न केहि कुरको जानकारी पाउन सफलता मिलेको हुन्छ । त्यसैगरि गुरुङ्ग सम्बन्धि लेख रचना आदिल भविष्यमा त्यस सम्बन्धि अध्ययन गर्न चाहने मानिस समुदाय आदीलाई सहयोग मिल्दछ । गुरुङ्ग सम्बन्धि अध्ययन अति महत्वपूर्ण विषय हो । यस अध्ययनबाट आफ्नो समाज संस्कृति, जाती भाषा आदीको बारेमा जानकारी पाउन सकिन्छ भन्ने मैले आशा लिएको छु ।

१. गुरुङ्ग भाषामा पाठ्पुस्कहरु प्रकाशन र पठनपाठन गराउनुपर्दछ जसका लागि सम्पूर्ण गुरुङ्गहरुलाई स्वीकार्य हुने साझा लिपि आविष्कार गर्नुपर्दछ ।

२. थालाजुङ गा.वि.स. जस्तो बस्तीहरुमा गुरुङ्गहरुले आफ्नो परम्परादेखि चलि आएको भाषालाई मृत्यु देखि जीवित बनाउनुपर्दछ ।

३. गुरुङ्गहरुको जातीगत परिचय दिने रीतिरिवाज र चाडपर्वहरु भावी सन्ततिहरुलाई राम्रोसँग सिकाउनुपर्दछ ।

४. जातीगत संस्कृति र भाषा प्रशिक्षण गर्ने क्रममा राष्ट्रिय विखण्डन ल्याउने कुराहरुको बारेमा पनि सजग र सचेत गराउनुपर्दछ ।

५. वर्तमान पुस्ताले आफ्नो संस्कारको बारेमा स्पष्ट हुन आफूभन्दा पुरानो पुस्तासँग सुझाव र सल्लाह माग्नुपर्दछ ।

गुरुङ्ग जातीको लोप हुन लागेको चाडपर्वहरु, सामाजिक संस्कारहरु र संस्कृतिलाई सोरठी, घाटु, राँच, ठेट्टर नाच, रोदीलाई जगेर्ना गरी यसबारे नयाँ पिँढीमा सूचना प्रवाह गरी यसको संरक्षण गर्नुपर्दछ ।

## ***सन्दर्भ सामग्री***

अधिकारी, रेसमराज (२०६४), ***समाजशास्त्र र मानवशास्त्रको परिचय, एं.सं. काठमाडौं:***विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, सागर प्रसाद (२०५६, पृष्ठ-१), ***मनकामना महिमा,***गोरखाः गोरखा प्रिन्टङ्ग प्रेस ।

आर्य बलराम (२०६९) ***नेपालमा समाज र संस्कृति नेशनल बुक्स प्रकाशन,*** कीर्तिपूर, काठमाण्डौं

गौतम,टिकाराम,(२०६३), ***समाजशास्त्र र सास्कृतिक मानवशास्त्र सैद्धान्तिक दृस्ठिकोणहरु,*** काठमाडौ :अक्सफोड इन्टरनेशनल पब्लिकेसन ।

गुरुङ्ग, जगमान (२०३४), ***गुरुङ्ग जाति तथा संस्कृति,*** पोखराः सेन्टर प्रेस ।

गुरुङ्ग, जगमान (२०४१) ***नेपालको एकीकरणमा गुरुङ्गहरुको भूमिका,***पोखरा सेन्टर प्रेस ।

गुरुङ्ग, दिपक (२०५२), ***गुरुङ्ग जातीको अर्घौ विधि, पोखराः रत्न पुस्तक भण्डार,*** बागबजार ।

गोताने, सि. वि. (२०५०,वर्ष १ अङ्क १, वैशाख ) ***हामी र हाम्रो इतिहास, पोखराः*** पोखरा सेन्टर प्रेस ।

जोशी, दिपक (२०५७), ***गोरखा परिचय,(स्मारिका पृष्ठ १०),गोरखाः***गोरखा समाज केन्द्र ।

ढकाल मनहरी, (२०६७) ***सामाजिक परिवर्तन र विकासको अध्ययन दिक्षान्त प्रकाशन,***कीर्तिपूर, काठमाण्डौं

तमु, डि.(२०५४), ***तमु जातिको परिचय,*** काठमाडौंःजीवन सारपोटस प्रिन्टिङ्ग प्रेस, नयाँबजार ।

पराजुली, मोतिलाल (२०६३), ***सोरठी नृत्यनाटिका,*** काठमाडौंःदिक्षान्त पुस्तक भन्डार ।

योगि, नरहरिनाथ, (सन् २०१२), ***गुरुङ्ग वंशावली, काठमाडौं:***रत्नपुस्तक भण्डार ।

राष्ट्रिय जनगणना, *(२०६८),* ***जनगणना,***२०६८, लेखक ।

विष्ट, डोरबहादुर (२०३२), ***सबैजातको फूलबारी,*** काठमाण्डौं: साझा प्रकाशन ।

सूचना तथा सञ्चार अभिलेख केन्द्र (२०६६), ***गोरखा जिल्ला पार्श्वचित्र पृष्ठ-२,गोरखाः***गोरखा जिल्ला विकास समिति ।

शर्मा, जनकलाल (२०३९), ***हाम्रो समाज एक अध्ययन, काठमाडौंः*** साझा प्रकाशन ।

शर्मा,जनकलाल(२०५०) ***नेपालको धार्मिक मत र सामाजिक संरचन हाम्रो समाज एक अध्ययन,*** साझा प्रकाशन, काठमाडौ ।

शर्मा, नगेन्द्र, (२०६३), ***नेपाली जनजीवन (चौथो संस्करण),*** काठमाडौःसाझा प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्रबहादुर (२०६४), ***मुलुकी ऐनः एक टिप्पणी,***काठमाडौःपैरवी प्रकाशन ।

## अनुसूची

### १. अर्न्तवार्ता अनुसूची

१ पारिवारिक विवरणः

घरमूलिको नामः वडा न..

उत्तरदाताको नामः पेशाः

उमेरः धर्मः

शिक्षाः लिङ्गः

### २. घरपरिवार सदस्यको विवरणः

(शिक्षा ५ वर्षमाथि, पेशा १० वर्षमाथि र वैवाहिक स्थिति १५ वर्ष माथिमात्र)

| क्र.सं. | नाम, थर | लिङ्ग | उमेर | शिक्षा | | | पेशा | बैवाहिक स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अध्ययनरत | छाडेको | पास भएको | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

### ३. तपाईको परिवार कस्तो प्रकारको हो ?

क) एकल ख) संयूक्त ग) बृहत

### ४. तपाई बस्नु भएको घर कस्तो प्रकार हो ?

क) पक्की ख) कच्ची ग) ढुङ्गा र जस्ताको

**५. तपाई बस्नु भएको घर आफ्नो हो ?**

क) हो                    ख) होइन

**६. तपाईको घर आफ्नो होइन भने कस्तो हो ?**

क) भाडामा                    ख) आफन्तको                    ग) घर कुरुवा                    घ) अन्य....

**७. तपाईको परिवारको नाममा जग्गा छ ?**

क) छ                    ख) छैन

**८ छ भने कति छ ?**

क)....................रोपनी                    ख) ...................आना

**९. तपाईको परिवारमा तलका सुविधाहरु मध्ये के के छन् ?**

| रेडियो | टि.भि. | केबल | मोवाइल | कम्प्युटर | सवारी साधन | इन्टरनेट | गोबर ग्यास | एल. पि ग्यास | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**१०. तपाईको पुर्खा कहाँबाट आएको हो ?**

.........................................................................................................

**११. तपाई यस गाउँमा कहिले देखि बसोबास गर्दै आउनुभएको हो ?**

क)                    ख)

**१२. होइनभने तपाई यस गाउँमा बसाईसराई गरी आउनुभएको कति वर्ष भयो ?**

क) ५ वर्ष                    ख) १० वर्ष                    ग) ७ वर्ष

**१३. तपाई यस गाउँमा बसाईसराई गरी आउनुको मुख्य कारण के हो ?**

क) आर्थिक　　　　ख) सामाजिक　　　　ग) शैक्षिक　　　　घ) अन्य

**१४. तपाईले आफ्नै जग्गामा खेतिपाति गर्नुहुन्छ ?**

क) गरिन्छ　　　　ख) गरिदैन

**१५. तपाईले गरेको खेतिबाट कति महिना खान पुग्छ ?**

क) १-३ महिना　　　　ख) ३-६ महिना　　　　ग) ६-९ महिना　　　　घ) ९-१२ महिना

**सामाजिक पक्ष तथा सांस्कृतिक पक्ष**

**१. तपाईले आफनो छोरा छोरीलाई पढाउन चाहानुहुन्छ कि हुदैन ?**

क) चाहान्छु　　　　ख) चाहाँदिन

**२. तपाईले आफनो छोरा छोरी विद्यालय जाने गरेका छन् ?**

क) छन्　　　　ख) छैनन्

**३. यदि विद्यालय गएका छैनन भने के कारणले गर्दा हो ?**

क) विद्यालय टाढा भएकोले　　　　ख) विद्यालय नभएकोले

ग) का सघाउनु पर्ने भएकोले　　　　ग) आर्थिक कमजोरीको कारणले

**४. यदि छोराछोरी पढाउनु भएको छ भने कुन विद्यालयमा पढाउनुभएको छ ?**

क) सरकारी विद्यालय　　　　ख) नीजि विद्यालयमा

**५. शिक्षाको सम्बन्धमा छोरा छोरी कसलाई बढि प्राथमिकता दिनुहुन्छ ?**

क) छोरा　　　　ख) छोरी　　　　ग) दुवै

**६. तपाई आफ्नो छोरा छोरीको विवाह सरदर कति वर्षम ागर्न चाहानुहुन्छ ?**

क) छोरा................वर्षमा ख) छोरी.............वर्षमा

**७. तपाईको जातमा बहुविवाह प्रचलनमा छ कि छैन ?**

क) छ ख) छैन्

**८. तपाईको परिवारमा खास कस्तो विवाह प्रचलनमा रहेको छ ?**

क) मागी विवाह ख) प्रेम विवाह ग) चोरी विवाह घ) अन्य

**९. तपाईको कुन जनति सँग बढि सम्बन्ध रहेको छ ?**

क) ब्राम्हण ख) क्षेत्री ग) नेवार घ) सार्की

**१०. तपाईको जातिलाई अरु जातिका मानिसले हेर्ने दृष्टिकोण कस्तो रहेको छ ?**

क) राम्रो ख) नराम्रो ग) ठिकै घ) हेपाह

**११. अहिले समाजमा बढि प्रचलनमा रहेको कुन विवाह छ ? उक्त विवाह कसरी सम्पन्न गरीन्छ ?**

.............................................................................................................................

.............................................................................................................................

.............................................................................................................................

**१२. समाजमा परम्परागत विवाह प्रक्रियामा के कस्तो परिवर्तन आएको पाउनु भएको छ ? उक्त सम्बन्धमा केही जानकारी दिनुहुन्छ की ?**

.............................................................................................................................

.............................................................................................................................

**१३. परम्परागत विवाह संस्कारमा परिवर्तनका लागि प्रभाव पर्ने तत्वहरु के के हुन सक्दछ ? कसरी ?**

.............................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

**१४. गुरुङ्गहरुले परम्परागत विवाह संस्कारमा के के बाजा, खाना र पोशाक प्रयोग गर्थ्ये र आज के प्रयोग गर्दछन् ?**

| **विगत** | **अहिले** |
|---|---|
| बाजा........................................... | ............................................... |
| खना........................................... | ............................................... |
| पेशाक....................................... | ................................................ |

**१५. तपाईहरुले समाजमा विवाह लर्गा वा अन्य कार्य गर्दा बढी पेयपदार्थ प्रयोग गर्नुको कारण र कसरी शुरुवात भएको हो ? बताउनुहुन्छ की ?**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

**१६. तपाईको शैक्षिँक स्थिति के हो ?**

क) शिक्षित ख) अशिक्षित

**१७ यदि शिक्षित हो भने कति पास गर्नु भएको छ ?**

.......................................................................................................................................

**१८ तपाई विरामी हुँदा कहाँ जानुहुन्छ ?**

क) डाक्टर ख) बैद्य ग) धामी झाँक्री घ) आफै

**१९. तपाईको गाउँ नजिक स्वास्थ्य संस्था छ ?**

क) छ ख) छैन

**२०. यदि छ भने कस्तो किसिमको छ ?**

क) सरकारी अस्पताल ख) स्वास्थ्य चौकी

ग) उप-स्वास्थ्य चौकी घ) निजी अस्पताल ङ) अन्य

**२१. गाउँ देखि कति टाढा छ ?**

..........................................................................................................

**२२. तपाईको विवाहबारी कुन-कुन जातीसँग चल्छ ?**

..........................................................................................................

**२३. तपाईको जातीमा बहुविवाह प्रथा चलन चल्तीमा छ ?**

क) छ ख) छैन

**२४. विधवा विवाह तपाईहरु स्वीकार गर्नुहुन्छ ?**

क) गर्नुहुन्छ ख) गर्नुहुन्न

**२५. तपाईको विाह गर्दा तपाई कति वर्षको हुनुहुन्थ्यो ?**

.........................वर्ष

**२६ कति जनाको परिवारलाई सुखी परिवार मान्नुहुन्छ ?**

……………………जनाको

**२७. तपार्यलाई परिवार नियोजन सम्बन्धी जानकारी छ ?**

………………………………………………………………………………………………

**२८. तपाईहरुको मुख्य चाडपर्वहरु के-के हुन ?**

………………………………………………………………………………………………

**२९. तपाईहरु चाडपर्व कसरी मनाउनुहुन्छ ?**

क) सामूहिक ख) व्यक्तिगत ग) पारिवारीक

**३०. तपाईहरुको जर्ने पूजाहरु के-के हुन ?**

………………………………………………………………………………………………

**३१. तपाई जातीमा प्रचलित नाचगानहरु के-के हुन ?**

………………………………………………………………………………………………

**३२. तपाईहरुको पुर्ख्यौली थलो काहाँ के-के हुन ?**

………………………………………………………………………………………………

**३३. तपाईहरुको जात, थर र गोत्रको बारेमा केही बताइ दिनु हुन्छ कि ?**

………………………………………………………………………………………………

**३४. तपाईहरुको जन्म संस्कारदेखि मृत्यु संस्कारसम्मका प्रचलनहरुका बारेमा केही बताईदिनु हुन्छ ?**

………………………………………………………………………………………………

| क. सं. | नाम | पद |
|---|---|---|
| १ | भेष नाथ आचार्य | गा.वि.स सचिव |
| २ | कर्ण बहादुर गुरुङ्ग | पूर्व गा.वि.स सचिव |
| ३ | धन बहादुर गुरुङ्ग | ने. का |
| ४ | बाबुराम गुरुङ्ग | गुरुङ्ग समाजका प्रतिनिधि |
| ५ | होमाया गुरुङ्ग | स्वास्थ्य स्वयम सेविका |
| ६ | भक्त बहादुर गुरुङ्ग | समाजसेवी |
| ७ | आश बहादुर गुरुङ्ग | समाजसेवी |
| ८ | निल बहादुर गुरुङ्ग | समाजसेवी |
| ९ | चक्र बहादुर गुरुङ्ग | समाजसेवी |
| १० | बवर बहादुर गुरुङ्ग | समाजसेवी |